# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दास्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

विक्रमको दसौँ शताब्दीबाट आरम्भ भएको नेपाली भाषाले अभिलेख र वाङ्मययुग पार गर्दै १९ औँ शताब्दीको आरम्भबाट शिष्ट तथा लेख्य रूपतर्फ फड्को मारेको देखिन्छ। यसरी सवा नौ सय वर्षको प्रारम्भिक नेपाली भाषाले पृथ्वीनारायण शाहको एकीकरण सँगसँगै विकास हुने अवसर पायो; त्यसैगरी भानुभक्त आचार्यले नेपाली भाषाको माध्यमबाट नेपालीहरूलाई एकताको सूत्रमा बाँध्ने काम गरे । नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टले नेपालमा छापाखानाको जग बसालेर प्रकाशन युगको आरम्भ गरे । यसरी मोतीराम भट्टको उदयपश्चात् मुद्रणयुगमा प्रवेश गरेको नेपाली भाषाले वि.सं. १९५८ मा **गोरखापत्र**को प्रकाशनपछि विकसित हुने अवसर पायो। यसपछि विभिन्न पत्रपत्रिकाले नेपाली भाषाको विकासमा पनि योगदान पुऱ्याएको देखिन्छ ।

वि.सं. १९७१ मा टेलिफोन अड्डाको स्थापना भएको देखिन्छ। वि.सं. २००६ सालमा आकाशवाणीको स्थापना भएको हो भने २०३९ सालदेखि भू-उपग्रहमार्फत् टेलिफोन तथा टेलेक्सको सम्पर्क बढ्दै गएको देखिन आउँछ। यसरी विद्युतीय सञ्चारका माध्यमद्वारा सञ्चालन भइरहेको दूरसञ्चार सेवा आज नेपाली भाषासञ्चारको प्रबल सहयोगी बनेको छ। वि.सं. २००३ सालदेखि बिजुली अड्डाबाट रेडियो प्रसारण भए पनि २००७ सालबाट नेपाल प्रजातान्त्रिक रेडियोको नामबाट विराटनगरदेखि प्रसारणको शुभारम्भ भएको देखिन्छ ।

यही रेडियो केन्द्र २००७ देखि सिंहदरबारबाट 'रेडियो नेपाल' मा परिणत भई हालसम्म सञ्चालन हुँदै आएको छ । यसले भाषिक सञ्चारको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

वि.सं. २०४२ सालदेखि नेपाल टेलिभिजन (रूपबाहिनी) को स्थापना भएको हो । यो एउटा भाषिक सञ्चारको प्रभावकारी माध्यम हो । यसले नेपाली भाषासञ्चारमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सरकारद्वारा कुनै एफ्. एम्. सञ्चालनसम्बन्धी नीतिनियम नबनेको अवस्थामा पनि रेडियो नेपालले २०५२ साल कात्तिक ३० गतेदेखि १०० मेघाहर्जको एफ्. एम्. प्रसारण सुरु गरेको र २०५२ मङ्सिर १९ गते सोही स्टेसनलाई वैधानिकता दिएको पाइन्छ । सामुदायिक रेडियोका नामबाट स्थापित सगरमाथा रेडियो (२०५४) र यसपछि स्थापना भएका अन्य एफ्. एम्. रेडियोहरूले नेपाली भाषाको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको देखिन्छ । यसका साथै विद्युतीय सञ्चारमाध्यमहरूले नेपाली भाषाको प्रयोग केकसरी गर्दै आइरहेका छन् भन्ने कुराको अध्ययन गर्न आवश्यक देखिएकाले यस शोधकार्यमा यिनै विद्युतीय सञ्चारमाध्यममा प्रयोग गरिने नेपाली भाषाका बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । आधुनिक युगमा विकसित भएका अत्याधुनिक सञ्चारमाध्यमहरू इमेल, इन्टरनेट, वेबसाइट आदिमा नेपाली भाषाको कथ्य-लेख्य रूपको प्रयोग कसरी हुँदै आएको छ, त्यसमाथि पनि प्रकाश पार्ने काम यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्याकथन

छापा सञ्चारमाध्यममा प्रयोग हुने नेपाली भाषाका बारेमा यसअघि नै शोधकार्य सम्पन्न भइसके तापनि विद्युतीय सञ्चारमाध्यममा प्रयोग गरिने नेपाली भाषाका बारेमा शोधकार्य हुन सकेको थिएन । यसै परिप्रेक्ष्यमा विद्युतीय सञ्चारमाध्यमहरूले नेपाली भाषाको प्रयोग केकसरी गर्दै आएका छन् भन्ने कुराको अध्ययनतर्फ प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ । यसैले यस शोधशीर्षकसँग सम्बन्धित शोधसमस्याहरू निम्न प्रकार रहेका छन् :

क) नेपाली भाषाको उत्पत्ति कहिले भयो र यसको विकासका केकस्ता चरणहरू छन् ?

ख) नेपालमा विद्युतीय सञ्चारमाध्यमको विकास केकसरी भएको छ ?

ग) विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग केकसरी भइरहेको छ ?

घ) विद्युतीय सञ्चारमाध्यमा नेपाली भाषाको प्रयोगमा केकस्ता त्रुटि देखिएका छन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य समस्याकथनमा देखिएका समस्याहरूको समाधान गर्नु रहेको छ। विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग केकसरी हुँदै आएको छ; त्यसमाथि प्रकाश पार्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो। शोधकार्यसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार छन् :

क) नेपाली भाषाको विकासमाथि सङ्क्षिप्त रूपमा प्रकाश पार्नु,

ख) नेपालमा विद्युतीय सञ्चारमाध्यमको विकासक्रमलाई प्रस्तुत गर्नु,

ग) विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगमाथि प्रकाश पार्नु,

घ) नेपाली भाषाको प्रयोगमा देखिएका त्रुटि औँल्याउँदै सुधारका उपायबारे सुझाउ प्रस्तुत गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

नेपालमा विक्रमको दसौँ शताब्दीमा आधुनिक कालतिर प्रवेश गरेको नेपाली भाषाले आज नेपाली साहित्यमा आफ्नो स्वरूप स्थापित गर्न सफल भएको छ। यसै प्रसङ्गमा नेपालमा नेपाली भाषा राष्ट्रिय भाषा भएकाले साहित्येतर विभिन्न सञ्चारमाध्यमहरूमा पनि नेपाली भाषाले आफ्नो प्रभुत्व जमाउँदै गएको देखिन्छ। नेपाली भाषालाई विभिन्न सञ्चारमाध्यमहरूले मानकरूपको प्रयोग नगरी विकृत अवस्थामा प्रयोग गर्ने गरेकाले नेपाली भाषाको मानकरूपको प्रयोग गर्नु पर्दछ र नेपाली भाषालाई विकृत बनाउनु हुँदैन एवम् नेपाली भाषाले सञ्चारमाध्यममा केकस्तो भूमिका खेल्नु पर्दछ भन्ने समस्यामा यो शोधपत्र केन्द्रित भएको छ। आजसम्म सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग केकसरी गरिएको छ भन्ने बारे विस्तृत अध्ययन नभएकाले सञ्चारमाध्यमहरूमा नेपाली भाषाको प्रयोगको स्थितिका बारेमा फुटकर रूपमा मात्र गरिएका चर्चाहरू रहेका छन् र ती चर्चाहरू कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

मदनमणि दीक्षितले प्रेस काउन्सिल नेपालद्वारा प्रकाशित **नेपाल सञ्चार स्मारिका** (२०४५, पृ. ८७-९२) मा 'आचारसंहिता र पत्रकारिताको भाषा' शीर्षकको लेखमा

पत्रकारिताका क्षेत्रमा जथाभावी रूपमा नेपाली भाषाको प्रयोग नगरी मानक नेपाली भाषाको प्रयोग गर्नु पर्छ भन्दै पत्रकारितामा प्रयोग गरिने भाषासम्बन्धी आचारसंहिताको निर्माण र त्यसको पालना गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

मनु बाज्राकीले **कान्तिपुर** (भदौ ८, २०५२, पृ. ४) मा प्रकाशित 'भाषामा भ्रष्टाचार' शीर्षकको लेखमा नेपाली भाषाको प्रयोगमा देखापरेका विकृतिलाई प्रस्ट्याउने काम गरेका छन् ।

अज्ञात लेखकको **गतिविधि** (पुस ३०, २०५२, पृ. ५) मा प्रकाशित 'एफ्. एम्. काठमाडौँ : अङ्ग्रेजी लवजमा नेपाली बोली' शीर्षकको लेखमा एफ्. एम्. रेडियोले नेपाली भाषाको प्रयोगमा विकृति ल्याएको कुराको चर्चा गरिएको पाइन्छ ।

बज्र सिंहले **गतिविधि** (२५ चैत, २०५२, पृ. ५) मा प्रकाशित 'यो एफ्. एम्. हिपानेङ्ग्रेनी हो' शीर्षकको लेखमा एफ्. एम्. रेडियोहरूले नेपाली भाषामा अन्य भाषाको मिश्रण गरेर नेपाली भाषालाई विकृत बनाउने काम गरेका छन् भन्ने कुरा उल्लेख गरेको देखिन्छ ।

घनश्याम न्यौपाने 'परिश्रमी'ले **तन्नेरी** (द्वैमासिक), वर्ष १८, अङ्क १, २०५३) मा 'नेपाली भाषामा विचलनका सङ्केतहरू' लेखमा नेपालका विद्युतीय सञ्चारमाध्यममा प्रयोग हुने कथ्य भाषाको अवस्थालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेको देखिन्छ ।

इन्द्रकुमार श्रेष्ठ 'सरित' ले **श्री सगरमाथा** ( असार ३०, २०५३, पृ. ४) मा प्रकाशित 'सञ्चारमाध्यमहरूमा नेपाली भाषा' शीर्षकको लेखमा सञ्चारका माध्यमहरूमा प्रयोग गरिने नेपाली भाषासम्बन्धी छोटो समीक्षा प्रस्तुत गरेका छन् ।

मणिराम पोखरेलले **साप्ताहिक विमर्श** (असोज ३, २०५४, पृ. ५) मा प्रकाशित 'आमसञ्चारको भाषासम्बन्धीमा केही सुझाव' शीर्षकको लेखमा सञ्चारका क्षेत्रमा प्रयोग गरिने नेपाली भाषामा सुधार ल्याउनु पर्ने कुरालाई प्रस्तुत गरेका छन् ।

देवीप्रसाद सुवेदीको **गोरखापत्र** (असोज ७, २०५४, पृ. ६) मा प्रकाशित 'नेपाली भाषा र सञ्चारमाध्यमहरू' शीर्षकको लेखमा नेपालमा चालू अवस्थामा रहेका

सञ्चारमाध्यमहरूमा नेपाली भाषाको प्रयोगको स्थिति केकस्तो छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

रामचन्द्र गौतमले '**गोरखापत्र**' (कात्तिक १३, २०५४, पृ. ६) मा प्रकाशित 'पत्रकारिता क्षेत्रमा भाषिक शुद्धताको प्रश्न' शीर्षकको लेखमा पत्रकारिताको क्षेत्रमा नेपाली भाषाको प्रयोग कसरी भएको छ भन्ने कुराको चर्चा गरेका छन् ।

निर्मलकुमार आचार्यले '**गोरखापत्र**' (मङ्सिर १०, २०५४, पृ. ६) मा प्रकाशित 'सञ्चारमाध्यम : शुद्ध र सरल भाषा' शीर्षकको लेखमा सञ्चारमाध्यममा शुद्ध र सरल नेपाली भाषाको प्रयोग गर्नु पर्ने कुरामा जोड दिएका छन् ।

विजय चालिसेले '**गोरखापत्र**' (मङ्सिर १२ २०५४, पृ. ६ मा प्रकाशित 'सञ्चारमाध्यमको भाषा र राष्ट्रिय दायित्व बोधको प्रश्न' शीर्षकको लेखमा नेपाल भाषाको अस्तित्व नेपाल राष्ट्रसँगजोडिएकाले यसको सम्वर्द्धन र विकास गर्नु पर्ने कुरामाथि प्रकाश पारेका छन् ।

शीतलप्रसाद महतोको **हिमालय टाइम्स** (२०५५) मा प्रकाशित 'एफ्. एम्. को भाषालाई नेपाली भन्न मिल्दैन : नेपाली भाषा सुधार समिति' शीर्षकको लेखमा एफ्. एम्. रेडियोहरूले नेपाली भाषामा विकृति ल्याएको कुरामाथि समीक्षा गर्ने काम गरिएको छ ।

रानु श्रेष्ठको **हिमालय टाइम्स** (माघ २८, २०५५, पृ. १) मा 'एफ्. एम्. को नेपाली भाषा : 'ह्वाट इज द्याट फुलिस ?' शीर्षकको लेखमा एफ्. एम्. रेडियोहरूले प्रयोग गर्ने नेपाली भाषामाथि टिप्पणी गर्ने काम गरिएको छ ।

नरनाथ लुईंटेलले **हिमालय टाइम्स** ( भदौ ३, २०५६, पृ. ४) मा प्रकाशित 'रेडियोको भाषासम्बन्धी' शीर्षकको लेखमा नेपाली भाषाप्रति रेडियो नेपालले खेलेको भूमिकामाथि टिप्पणी गरेका छन् ।

शिव गाउँलेले **खबर** (कात्तिक-मङ्सिर) (२०५६, पृ. ३-६) मा प्रकाशित 'पत्रकारितामा भाषा' शीर्षकको लेखमा पत्रकारिताजगत्मा नेपाली भाषाको प्रयोगको अवस्थाबारे चर्चा गरेका छन् ।

महेन्द्रकुमार मल्लले कमलेश डीसीद्वारा सम्पादित नेपाल पत्रकार महासङ्घ सुर्खेतद्वारा प्रकाशित **सञ्चारपथ** (२०५६) पुस्तकको 'भाषा, पत्रकारिता र समाचारको भाषा' (पृ. ४३-४४) शीर्षकको लेखमा पत्रकारिता क्षेत्रमा प्रयोग गरिँदै आएको नेपाली भाषाको प्रयोगको अवस्थाबारे छोटो टिप्पणी गरेका छन् ।

धीरेन्द्र प्रेमर्षिले **पत्रकारिता** (असोज, २०५७, पृ. ८-१०) मा प्रकाशित 'विद्युतीय सञ्चारमाध्यममा भाषा' शीर्षकको लेखमा विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगको स्थितिलाई देखाउँदै सुधार गर्नु पर्ने कुरामा जोड दिएका छन् ।

अच्युत वाग्लेले कान्तिपुर (चैत ११, २०५७, पृ. ६) मा प्रकाशित 'भाषामा सञ्चारको अतिक्रमण' शीर्षकको लेखमा नेपाली भाषाको मौलिक स्वरूपलाई सञ्चारमाध्यमहरूले विकृत बनाएको कुराको टिप्पणी गरेका छन् ।

सोमनाथ घिमिरेले चिरञ्जीवी खनालद्वारा सम्पादित नेपाल प्रेस इन्स्टिच्युटद्वारा प्रकाशित **नेपाली पत्रकारितामा भाषिक प्रयोगको स्थिति** (२०५७, पृ. ७१-१३८) पुस्तकको एउटा लेखमा पत्रकारिताका क्षेत्रमा प्रयोग गरिने नेपाली भाषाको वर्तमान स्थितिमाथि प्रकाश पार्दै समीक्षात्मक टिप्पणी गरेका छन् ।

सीताराम अधिकारीले **झङ्कार** (वर्ष ५१, २०५८, पृ. १८) मा प्रकाशित 'नेपाली भाषा र रेडियो नेपाल' शीर्षकको लेखमा रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरूमा नेपाली भाषाको प्रयोग कसरी हुँदै आएका छन् भन्ने कुरालाई प्रस्तुत गरेका छन् ।

तीर्थ भण्डारीले **झङ्कार** (वर्ष ११, २०५८, पृ. ५२-५३) मा प्रकाशित 'प्रसारणको भाषा र हाम्रा श्रोता' शीर्षकको लेखमा विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग कसरी हुँदै आएको छ भन्ने कुरामाथि छोटो टिप्पणी गरेका छन् ।

विजय चालिसेले **गोरखापत्र** ( जेष्ठ १७, २०५८, पृ. ७) मा प्रकाशित 'आमसञ्चारको भाषा : विकृतिबाट मुक्तिको छटपटीमा' शीर्षकको लेखमा सञ्चारमाध्यममा प्रयोग गरिने भाषामा सुधार ल्याउनु पर्ने कुरामाथि प्रकाश पारेका छन् ।

लक्ष्मीप्रसाद खतिवडाले **झङ्कार** (वर्ष ५१, २०५८, पृ. ७५-७६) मा प्रकाशित 'सञ्चारका क्षेत्रमा प्रयुक्त राष्ट्र भाषाको स्थिति' शीर्षकको लेखमा सञ्चारमाध्यमहरूले प्रयोग गर्ने भाषाको स्थितिमाथि प्रकाश पारेका छन् ।

जीवन अधिकारीले '**गोरखापत्र**' ५ असोज २०५८ को पृ. ६ मा प्रकाशित 'विद्युतीय सञ्चारको भाषा : धेरै निराशा थोरै आशा' शीर्षकको लेखमा विद्युतीय सञ्चारमाध्यमको विकासले नेपाली भाषाको विकासमा केही योगदान पुऱ्याए पनि मौलिक नेपाली भाषाको प्रयोग हुन नसकेकोमा नेपाली भाषामा विकृति झ्याङ्गिन पुगेको कुरालाई प्रस्तुत गरेका छन् ।

प्रकाश सायमीले **राजधानी** ( माघ २७, २०५८, पृ. ६) मा प्रकाशित 'विज्ञापनको युग : अखबार एफ्. एम्. को वर्तमान भाषा' शीर्षकको लेखमा विज्ञापनमा प्रयोग गरिने नेपाली भाषाको अवस्थाबारे प्रकाश पारेका छन् ।

यज्ञनिधि दाहालले **नेपाल समाचारपत्र** चैत १२, २०५८, पृ. ५) मा प्रकाशित 'रेडियोमा भाषाका कुरा' शीर्षकको लेखमा नेपाली भाषाको मौलिकता र संवेदनशीलतामाथि रेडियो लेखहरूले ध्यान पुऱ्याउन नसकेको कुरालाई उल्लेख गरेका छन् ।

तारानाथ शर्माले **नेपाल पाक्षिक** (वर्ष २, अङ्क २२, २०५९, पृ. ५३) मा प्रकाशित 'सञ्चार क्षेत्रमा नेपाली भाषा' शीर्षकको लेखमा सञ्चारको क्षेत्रमा नेपाली भाषाको प्रयोग केकसरी हुँदै आएको छ भन्ने कुरामाथि समीक्षात्मक टिप्पणी गरेका छन् ।

ऋषिराम भुसालको 'सिद्धार्थ मिडिया सर्भिसेज प्रालि', बुटवल एफ्. एम्. द्वारा प्रकाशित हुने **स्मारिका** (२०६१, पृ. ८२-८४) मा 'भाषा-साहित्यको विकासमा रेडियोको भूमिका' शीर्षकको लेखमा रेडियोले भाषाको सुन्दर, शुद्ध र शालीन रूपको प्रसारणलाई प्राथमिकता दिनु पर्छ भनेका छन् ।

मुरारि पराजुलीले 'सिद्धार्थ मिडिया सर्भिसेज प्रालि', बुटवल एफ्. एम्.द्वारा प्रकाशित **स्मारिका** (२०६१, पृ. २६-२९) मा 'रेडियो भाषा' शीर्षकको लेखमा रेडियोले शुद्ध र सरल नेपाली भाषाको प्रयोग गरेमा नेपाली भाषाको शुद्धीकरणमा सहयोग पुग्ने छ भन्ने कुरालाई प्रस्तुत गरेका छन् ।

विजय चालिसेले **गोरखापत्र** (असार २८, २०६१, पृ. ५) मा 'सञ्चार क्षेत्रको भाषिक समस्या' शीर्षकको लेखमा नेपाली भाषाको शुद्धता, सरलता र एकरूपताका दृष्टिले नेपाली पत्रकारिता र आमसञ्चारहरू आलोचित रहेको, विशेषगरी रेडियो, टेलिभिजन र राष्ट्रिय अखबारहरूमा गरिने नेपाली भाषाको त्रुटिपूर्ण प्रयोग आलोचनाको विषय हुन गएको उल्लेख गर्दै भाषिक प्रयोगमा शुद्धता, सरलता एकरूपता हुनु पर्ने कुरामा जोड दिएका छन् ।

यस प्रकार सञ्चारमाध्यमहरूमा नेपाली भाषाको प्रयोगका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा सामान्य रूपमा चर्चा गरिएको भए तापनि विद्युतीय सञ्चारमाध्यममा प्रयोग गरिने नेपाली भाषाको सम्बन्धमा विस्तृत अध्ययन हुन सकेको देखिँदैन । तसर्थ विद्युत सञ्चारमा नेपाली भाषाको प्रयोग केकसरी हुँदै आएको छ भन्ने कुराको विस्तृत अध्ययनमा यो शोधकार्य केन्द्रित छ ।

## १.७ औचित्य, महत्त्व र उपयोगिता

नेपाली सञ्चारमाध्यमहरूले नेपाली भाषाको प्रयोगलाई व्यापक रूपमा अगाडि बढाउँदै आएको पाइन्छ । विद्युतीय सञ्चारमाध्यमहरूले नेपाली भाषालाई केकसरी प्रयोग गर्दै आएका छन् त्यसका बारेमा यो शोधकार्य सम्बन्धित भएकाले सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगका बारेमा जान्न चाहने पाठकलाई यो शोधकार्यमा यथासम्भव जानकारी दिने प्रयास गरिएको छ । यसका साथै नेपाली भाषाको अध्ययन गर्न चाहने भाषाविद्हरूलाई समेत यस शोधकार्यले सहयोग पुऱ्याउने आशा राखिएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रका लागि नेपाल राज्यको सीमानाभित्र सञ्चालित रेडियो नेपाल, नेपाल टेलिभिजन, काठमाडौँ उपत्यकामा सञ्चालित सामुदायिक रेडियो तथा अन्य व्यवसायिक एफ्. एम्. रेडियोहरू र टेलिभिजन जस्ता विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रस्तुतिलाई अध्ययन कार्यअन्तर्गत समेट्ने प्रयास गरिएको छ। त्यस्तै गरी टेलिफोन, इमेल, इन्टरनेटमा प्रयोग गरिने नेपाली भाषालाई पनि यस अध्ययन कार्यमा समेट्ने प्रयास गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोाधकार्य सञ्चारमाध्यममा प्रयोग हुने नेपाली भाषाबारे तत्सम्बन्धित पक्षका आधारबाट विश्लेषण गरिएको छ । यस शोधकार्यमा नेपाली सञ्चारमा प्रयोग हुने नेपाली भाषाको अध्ययन निम्नलिखित विधि वा सामग्रीसङ्कलनबाट तयार पारिएको छ :

### १.९.१ सामग्रीसङ्कलनविधि

यस शोधपत्रमा सामग्रीसङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । यसमा सामग्रीसङ्कलनका लागि विशेष गरी पुस्तकालयीय पद्धति र टेपरेकर्डिङ्गजस्ता माध्यमलाई उपयोग गरिएको छ । खास गरी विद्युतीय सञ्चारमा प्रमुख भूमिका रहेका र धेरै दर्शक तथा श्रोताले देख्ने-सुन्ने गरेका रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर एफ्. एम्., कान्तिपुर टेलिभिजन, नेपाल वान टेलिभिजन, इमेज च्यानलजस्ता विद्युतीय सञ्चारमाध्यमबाट सामग्रीसङ्कलन गर्नाका साथै सम्बन्धित क्षेत्रका विद्वान्, प्राध्यापक, समालोचकहरूबाट आवश्यक सल्लाहसुझाउ लिइएको छ । त्यसै गरी पत्रपत्रिका र विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगका बारेमा गरिएका टिप्पणीहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ ।

### १.९.२ सङ्कलित सामग्रीको विश्लेषणविधि

प्रस्तुत शोधकार्यमा विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग केकस्तो रूपमा भइरहेको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यसमा प्रयोग गरिएका सामग्री खास गरी विद्युतीय सञ्चारका विभिन्न माध्यमबाट टेपरेकर्डद्वारा उतार गरी प्राप्त तथ्यहरूको आधारमा विश्लेषण गरेर निचोड निकालिएको छ । विश्लेषणका क्रममा नेपाली भाषाका ध्वनि, शब्द, पदावली, वाक्य आदिलाई समेटिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई निम्नलिखित परिच्छेदमा मूल शीर्षक र आवश्यकताअनुसार उपशीर्षक राखी व्यवस्थित ढङ्गले तयार गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : नेपाली भाषाको विकासक्रम

तेस्रो परिच्छेद : नेपालमा विद्युतीय सञ्चारमाध्यमको विकास

चौथो परिच्छेद : विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ। यसमा शोधशीर्षक, विषयको परिचय, शोधप्रयोजन, समस्याकथन, उद्देश्य, शोधविधि, पूर्वकार्यको समीक्षा आदि शीषर्कहरू रहेका छन् ।

दोस्रो परिच्छेदमा नेपाली भाषाको उत्पत्ति कहिले र कहाँ भएको हो तथा यसले विकासमा केकति चरणहरू पार गरेको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा नेपालराज्यमा सञ्चालित विद्युतीय सञ्चारमाध्यमहरूको विकास कसरी भएको छ भन्ने कुरामाथि प्रकाश पारिएको छ ।

चौथो परिच्छेदमा विद्युतीय सञ्चारमाध्यमहरू केकस्ता छन् र तिनमा नेपाली भाषाको प्रयोग केकसरी भएको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा उपसंहार तथा निष्कर्ष रहेको छ। यसमा विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगमा देखिएका त्रुटि र सुधारका उपायबारे विवेचना गरेर निष्कर्ष दिइएको छ ।

# दोस्रो परिच्छेद

# नेपाली भाषाको विकासक्रम

## २.१ विषयप्रवेश

नेपाली भाषाको उत्पत्ति र विकासको खोज तथा अनुसन्धान खास गरी विक्रमको दसौँ शताब्दीबाट आरम्भ भएको पाइन्छ। यसको प्रारम्भिक अवस्थादेखि चरणबद्ध विकासक्रमलाई विश्लेषण गर्दा नेपाली भाषाले अभिलेख र वाङ्मययुग पार गर्दै १९ औँ शताब्दीको आरम्भबाट शिष्ट लेख्यरूपतर्फ फड्को मारेको देखिन्छ। वि.सं. १०३८ को दामुपालको अभिलेखलाई नेपाली भाषाको सर्वप्राचीन लेख्य भाषिक नमुना मानेको पाइन्छ। यसको अधिकारिकता पुष्टि भइ नसकेकाले अशोक चल्लको हुम्लामा प्राप्त ताम्रपत्र वि.सं. १३१२ को भाषा नै हालसम्मको नेपाली लेख्य भाषाको प्राचीन भाषिक रूप हो ।

बाईसी, चौबीसी राज्यको उदयपछि नेपाली भाषाको स्वरूपमा परिवर्तन आएको पाइन्छ। प्रारम्भमा सिञ्जा क्षेत्र नेपाली भाषाको केन्द्रबिन्दुका रूपमा रहेको पाइन्छ। बाईसी र चौबीसी राज्यको स्थापनापश्चात् राजकीय प्रयोजनको भाषा नेपाली भाषा बन्न गयो जसबाट नेपाली भाषाले सम्पर्क भाषाको रूप ग्रहण गर्‍यो ।[१]

विक्रमको सोह्रौँ शताब्दीपछि नेपाली भाषामा वाङ्मयग्रन्थहरूको रचना हुन थालेको देखिन्छ। वि.सं. १६३८ को बिन्दुदास गोथीको अभिलेख, १६७७ को कत्याल राजा र रास्कोटी राजाको सीमारोवसम्बन्धी भाषिक नमुना, प्रताप मल्लको १७२७ को रानीपोखरी अभिलेख, नरभूपाल शाहको १७९६ को अभिलेख,[२] आदित्य मल्लको १३७३ को ताम्रपत्र, १३७८ को ताम्रपत्र, पुण्य मल्लको १३९३ को कनकपत्र, पुण्यमल्लको १३९४ को कनकपत्र, पृथ्वी मल्लको १४०६ को ताम्रपत्र, पृथ्वीमल्लको १४१३ को कनकपत्र, १४१५ को ताम्रपत्र, सूर्य मल्लको १४२४ को ताम्रपत्र, अभय मल्लको १४३३ को ताम्रपत्र, नाग मल्लको १४४४ को

---

[१] देवीप्रसाद गौतम, **नेपाली भाषापरिचय**, (काठमाडौँ : साझा प्रकाशन, २०४९), पृ. ४७।

[२] ऐजन, पृ. ५३।

ताम्रपत्र, मलय वर्माको १४४६ को ताम्रपत्र आदि ताम्रपत्र, कनकपत्रका माध्यमबाट नेपाली भाषाले विकास सुरु गरेको हो ।

नेपाली भाषाले अभिलेखयुग पार गरी क्रमशः लेखनमा प्रवेश गरेको पाइन्छ। यसपछि केही वाङ्मयका ग्रन्थहरू नेपाली भाषामा देखिन्छन्। **भास्वती** (१४५७), **राजा गगनी राजको यात्रा** (१५५०), **खण्डखाद्य** (१६४८), **पञ्चपरिलेख** (१६४८), **जातकर्मपद्धति** (१६४८), **ग्रह उदयास्त** (१६४८), **बाजपरीक्षा** (१७००), **ज्वरोत्पत्ति चिकित्सा** (१७७३), **औषधरसायन** (१७७०-१८००), प्रायश्चितप्रदीप (१७८०)[3] आदि वाङ्मय ग्रन्थहरूमा नेपाली भाषाले आफ्नो स्वरूपको विकास गर्दै लगेको देखिन्छ ।

त्यसपछि १९औँ शताब्दीमा पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियानसँगै शिष्ट वाङ्मयकालबाट विकसित हुँदै आएको नेपाली भाषाले साहित्यलेखनका माध्यमबाट मानक रूप प्राप्त गर्दै आएको पाइन्छ। वि.सं. १९५८ मा **गोरखापत्र**को प्रकाशन सुरु भएपछि नेपाली भाषा सञ्चारको क्षेत्रमा प्रवेश गर्दछ। **गोरखापत्र**लगायत **सुन्दरी** (१९३८), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **चन्द्रिका** (१९७४), **गोर्खासंसार** (१९८३) जस्ता पत्रपत्रिकामार्फत् नेपाली भाषाको लेख्य रूपको प्रयोग हुँदै आएको पाइन्छ। राममणि आदिले **माधवी** (१९६५) पत्रिकामार्फत् नेपाली भाषाको स्तरीकरणका निम्ति 'हलन्त बहिष्कार आन्दोलन' चलाएको देखिन्छ। यसले नेपाली भाषाको लेखनप्रक्रियाको सुधार र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। नेपाली भाषामा संस्कृत तथा अङ्ग्रेजी भाषाको बोझिलो प्रभावबाट मुक्ति, लेखनमा सरलीकरण, नेपालीका विभिन्न भाषिकाहरूबाट शब्दग्रहण र ठेट नेपाली भाषाको प्रयोगमा जोड दिनाका निम्ति 'झर्रोवादी आन्दोलन' (२०१३) देखा पर्छ ।[4]

नेपाली भाषाको मानकीकरण र स्तरीकरणका लागि यस आन्दोलनको महत्त्वपूर्ण योगदान रहेको छ। यस आन्दोलनका प्रवर्तकहरूले **नौलो पाइलो** पत्रिकाको प्रकाशन गरेर मौलिक नेपाली भाषाको विकासतर्फ चासो देखाएको पाइन्छ। नेपाली भाषाको विकासका निम्ति 'गोर्खा भाषा प्रकाशिनी समिति' (१९७०) को स्थापना महत्त्वपूर्ण मानिन्छ। यस समितिले मातृभाषा नेपालीलाई शिक्षाको माध्यमको रूपमा विभिन्न पुस्तक प्रकाशन गर्ने र

---

[3] ऐजन, पृ. ५९ ।

[4] ऐजन, पृ. ६० ।

अन्य भाषाका पुस्तकलाई नेपालीमा अनुवाद गर्ने काम गरेको देखिन्छ। त्यसपछि नेपाली भाषाको विकासमा विभिन्न व्याकरणका पुस्तकको प्रकाशनको सुरुआत भएको देखिन्छ। जयपृथ्वीबहादुर सिंहको **प्राकृत व्याकरण** (१९६९), हेमराज पाण्डेको **चन्द्रिका : गोर्खा भाषा व्याकरण** (१९६९), विश्वमणि दीक्षिताचार्यको **गोरखा व्याकरण बोध** (१९७०), सोमनाथ सिग्ध्यालको **मध्यचन्द्रिका** (१९७६), टर्नरको **शब्दकोश** (१९८७)[५] जस्ता पुस्तकले नेपाली भाषाको मानकरूप निर्धारण गर्नमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ साथै नेपाली साहित्यको माध्यमिक कालको सुरुआत सँगसँगै नेपाली भाषाले मुद्रण युगमा प्रवेश पाउँछ।

नेपाली भाषाको विकास तथा मानकीकरणका लागि व्यक्तिगत तथा संस्थागत प्रयासहरू हुँदै आएको देखिन्छ। नेपाली भाषाका शब्दको सङ्कलन गरेर शब्दभण्डार क्षमताको अभिवृद्धिका लागि विभिन्न समयमा शब्दकोश लेखिएको हुनाले नेपाली भाषाको शब्दभण्डारण क्षमतावृद्धि हुँदै आएको देखिन्छ। गोपाल पाण्डेको **नेपाली रचना दर्पण** (१९९४), **रचनाकेशर** (२०००), **ह्रस्वदीर्घको सवाई** (१९९७), पुष्करशमशेरको **नेपाली सजिलो व्याकरण** (२००१), हृदयचन्द्रसिंह प्रधानको **शब्दशुद्धि विचार** (२००४), देवीप्रसाद काफ्लेको **नेपाली रचना कुसुम** (२०१४), हर्षनाथ शर्माको **नेपाली व्याकरण वोध** (२०१६), कृष्णप्रसाद पराजुलीको **राम्रो रचना मीठो नेपाली** (२०२३), रोहिणीप्रसाद भट्टराईको **बृहत् नेपाली व्याकरण** (२०३३), मोहनराज शर्माको **शब्द रचना र वर्णविन्यास** (२०३६) जस्ता नेपाली भाषाका व्याकरणात्मक कृतिहरूले नेपाली भाषाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। चक्रपाणि शर्माको **बगलीकोश**, रामचन्द्र ढुङ्गानाको **संक्षिप्त नेपाली शब्दकोश** (२००७), बालचन्द्र शर्माको **नेपाली शब्दकोश** (२०१९), नेपाल सरकारद्वारा प्रकाशित सैनिक शब्दावली (२०२१), महानन्द सापकोटाको **नेपाली शब्द परिचय** (२०२३), चित्रबहादुर गुरुङ र केदार न्यौपानेको **प्राविधिक शब्दावली** (२०३६), टोपबहादुर सिंहको **कानुनी शब्दकोश** (२०३८), पारसमणि प्रधानको **सानो नेपाली शब्दकोश** (२०३९), सूर्यविक्रम ज्ञवालीको **नेपाली संक्षिप्त शब्दकोश** (२०४०), 'नेपाल राजाकीय प्रज्ञा प्रतिष्ठान'को **नेपाली बृहत् शब्दकोश** (२०४०) जस्ता शब्दकोशको निर्माणले नेपाली भाषाको शब्द भण्डार क्षमताको अभिवृद्धि हुनाका साथै भाषाको मानकीकरण र स्तरीकरणका लागि अमूल्य योगदान पुऱ्याएका छन्। नेपाली भाषाको विकासमा व्याकरणसँग सम्बन्धित पुस्तकहरू तथा शब्दकोशको निर्माण महत्त्वपूर्ण खुड्किलोका रूपमा देखापर्दछ।

---

[५] सूर्यमणि अधिकारी, **नेपाली भाषाको इतिहास**, (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५६), पृ. १२१।

वि.सं. १९४१ मा मोतीराम भट्टको नेपाली साहित्यमा प्रवेश हुनु र प्राथमिककालीन साहित्यको लेखनयुग मुद्रण कालमा प्रवेशजस्ता कारणले नेपाली भाषाले लिखित रूप धारण गर्न पुग्छ । यसबाट नेपाली साहित्यका पुस्तकहरू प्रकाशन हुने अवसर पाउँछन् । नेपाली साहित्यको प्रकाशनसँगै नेपाली भाषाले पनि आफ्नो विकास गर्दै लगेको देखिन्छ ।[६] पूर्वीय तथा पाश्चात्य साहित्यको प्रभाव नेपाली साहित्यमा पर्दै गएकाले तथा नेपाली साहित्यमा स्तरीकरणको प्रयास भएबाट नेपाली भाषाले पनि फस्टाउने अवसर पाएको देखिन्छ । विभिन्न भाषाका शब्दहरूको ग्रहण तथा नयाँनयाँ नेपाली शब्दको निर्माणले नेपाली भाषा क्रमशः समुन्नत बन्दै गएको देखिन्छ । अहिले आएर नेपाली भाषा विभिन्न व्याकरणिक पुस्तकहरूको प्रकाशन र साहित्यलेखनकै माध्यमबाट क्रमशः विकसित, विस्तारित, पल्लवित र समृद्ध हुँदै आएको देखिन्छ ।

## २.२ २००७ सालअघिको नेपाली भाषा

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपूर्वको नेपाली भाषा अभिलेखकाल, मुद्रणकाल, साहित्य र व्याकरणको लेखन हुँदै अगाडि बढेको देखिन्छ । २००७ सालभन्दा अगाडि संस्कृत तथा अन्य भाषाबाट नेपाली भाषामा अनुवाद गर्ने परम्परा कायम रहेको देखिन्छ । यही अनुवादपरम्पराबाट क्रमशः अगाडि बढेको नेपाली भाषा विकसित र विस्तारित हुँदै आएको पाइन्छ । २००७ सालअघिका समयलाई हेर्दा १९६५ को माधवी पत्रिकाको प्रकाशन र 'हलन्त वहिष्कार आन्दोलन'ले नेपाली भाषालाई स्तरीकरण गर्ने प्रयास गरेको देखिन्छ । **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **चन्द्रिका** (१९७२), **गोर्खा संसार** (१९८३) जस्ता पत्रिकाको प्रकाशनले नेपाली भाषामा लेखिएका सा रचनाको प्रकाशन गरेर नेपाली भाषाको विकासमा योगदान पुऱ्याएको पाइन्छ । वि.सं. १९५८ सालमा **गोरखापत्र**को प्रकाशन महत्त्वपूर्ण देखिन्छ । यसले पनि नेपाली भाषाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । **प्राकृत व्याकरण** (१९६९), **चन्द्रिका : गोर्खा भाषा व्याकरण** (१९६९), **गोरखा व्याकरण बोध** (१९७०), **मध्य चन्द्रिका** (१९७६), **टर्नरको शब्दकोश** (१९८७) जस्ता व्याकरणात्मक पुस्तकहरूले नेपाली भाषाको मानक व्याकरणलेखन र स्तरीकरणको प्रयास गरेको देखिन्छ । यसरी २००७ सालभन्दा अगाडिको नेपाली भाषा सामान्य रूपमा क्रमशः स्तरीकरणलाई आत्मसात गर्दै विकसित हुँदै आएको देखिन्छ ।

[६] ऐजन ।

## २.३ २००७ सालपछिको नेपाली भाषा

२००७ सालपछिको प्रजातान्त्रिक वातावरणमा शिक्षाको चेतना फैलनु, व्याकरणका पुस्तकहरू लेखिँदै जानु, शैक्षिक संस्थाहरू खुल्दै जानु, प्रकाशनको लहर चल्नुजस्ता कारणबाट नेपाली भाषाको विकास तीव्र गतिमा अगाडि बढेको पाइन्छ । नेपाली भाषाको विकास र स्तरीकरणका निम्ति मानकीकृत व्याकरणलेखनको सुरुआत हुनु, विभिन्न शब्दकोशको निर्माण हुनु, विभिन्न भाषिक आन्दोलन चल्नु, विश्वविद्यालयमा नेपाली भाषालाई माध्यम भाषाका रूपमा अपनाउनु, ऐच्छिक नेपाली विषयको अध्ययन विश्वविद्यालयमा व्यवस्थित रूपमा सुरु गरिनु, नेपाली भाषाविषयका गोष्ठीहरू सञ्चालन हुनु, नेपाली भाषासम्बन्धी खोज तथा अनुसन्धनात्मक कार्यहरू हुनु, 'साझा प्रकाशन' र 'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान'जस्ता सरकारी संस्थाले नेपाली भाषाका स्तरीय पाठचपुस्तकहरूको प्रकाशन गर्नुजस्ता घटनाक्रमले नेपाली भाषाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । बालकृष्ण पोखरेल, ताना शर्मा आदिका नेतृत्वमा २०१३ सालमा चलेको 'झर्रोवादी आन्दोलन'ले नेपाली भाषामा मौलिक नेपाली शब्दको प्रवेश गराउने महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । नेपाली **रचना कुसुम** (२०१४), **नेपाली व्याकरण वोध** (२०१६), **राम्रो रचना मीठो नेपाली** (२०२३), **बृहत् नेपाली व्याकरण** (२०३३), *शब्द रचना र वर्ण विन्यास* (२०३६), जस्ता नेपाली भाषाका व्याकरणका पुस्तकले नेपाली भाषामा स्तरीकरण ल्याउने प्रयास गरेका छन् । त्यस्तै गरी **बगली कोश**, **सङ्क्षिप्त नेपाली शब्दकोश** (२००७), **नेपाली शब्दकोश** (२०१९), **सैनिक शब्दावली** (२०२१), **नेपाली शब्द परिचय** (२०२३), **प्राविधिक शब्दावली** (२०३६), **कानुनी शब्दकोश** (२०३८), **सानो नेपाली शब्दकोश** (२०३९), **नेपाली सङ्क्षिप्त शब्दकोश** (२०४०), **नेपाली बृहत् शब्दकोश** (२०४०), **नेपाली शब्द सागर** (२०६०) जस्ता शब्दकोशका निर्माणले नेपाली भाषाको शब्दभण्डारण क्षमता अभिवृद्धि गर्ने प्रयास गरेका छन् । त्यस्तै गरी विभिन्न सङ्घसंस्था तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानजस्ता संस्थाबाट नेपाली भाषाको विकास र समुन्नतिका लागि बेलाबेलामा गरिएका अनुसन्धनात्मक कार्य सम्पन्न भाषिक गोष्ठीले पनि नेपाली भाषाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । अहिले आएर नेपाली भाषामा थुप्रै विदेशी मूलका भाषाको प्रभाव पर्न गई शब्दभण्डारण क्षमता बढ्दै गएकाले नेपाली भाषा पनि समुन्नत र धनी बन्न गएको साक्षी हाम्रा सामु प्रस्टै छ । २००७ सालपछि नेपाली भाषाको विकास, सम्वर्द्धन, प्रवर्द्धन र स्तरीकरणका लागि भएका प्रयासले नेपाली भाषा निकै विकसित हुन पुगेको

देखिन्छ। २००८ सालमा रेडियो नेपालको स्थापना भई नेपाली भाषामा समाचारका साथै विविध कार्यक्रम प्रसारण गर्दै आएको छ भने २०४१ सालमा नेपाल टेलिभिजनको स्थापना भई श्रव्य तथा दृश्य हुँदै विभिन्न माध्यमबाट नेपाली भाषामा समाचार र विविध कार्यक्रम प्रसारण गर्दै आएको छ। विशेष गरी २०४६ को ऐतिहासिक जनआन्दोलनपश्चात् सञ्चारको खुला नीतिका कारण खुलेका एफ्. एम्. रेडियोहरूको विकासले पनि नेपाली भाषामा थप कार्यक्रम प्रसारण गरेर नेपाली भाषाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। २०६२-०६३ को ऐतिहासिक जनआन्दोलनले थप उपलब्धिका साथ मुलुकमा लोकतान्त्रिक सरकार गठन भएपछि त सञ्चारक्षेत्र झनै खुकुलो भएको छ। एफ्. एम्. रेडियो र टेलिभिजनका च्यानलहरू, इमेल, इन्टरनेटको प्रयोग र अनलाइन तथा पत्रकारिताको विकास तीव्र हुँदै आएको छ। यसले नेपाली भाषाको प्रयोगमा अरू व्यापकता ल्याएको छ।

## २.४ निष्कर्ष

नेपाली भाषाले अभिलेख र वाङ्मययुग पार गर्दै क्रमशः शिष्ट लेख्य रूप प्राप्त गरेर विभिन्न विधाहरूमा समेत प्रभाव पार्दै आएको देखिन्छ। जनबोली, अभिलेख, छापा (पुस्तक-पत्रपत्रिका) र रेडियो-टेलिभिजनलगायतका विद्युतीय सञ्चारमाध्यममा यसको प्रयोग अरू व्यापक हुँदै जानुले यसको भविष्य उज्ज्वल देखिन्छ । साथै यसको भाषिक प्रयोगमा नयाँ प्रकारका चुनौतीहरू पनि देखापरेकाले तिनको निराकरणतर्फ पनि त्यतिकै सचेत हुनु वाञ्छनीय देखिन्छ।

# तेस्रो परिच्छेद

# नेपालमा विद्युतीय सञ्चारमाध्यमको विकासक्रम

## ३.१ विषयप्रवेश

विद्युतीय सञ्चारमाध्यम भन्नाले विद्युत्जन्य तरङ्गबाट सञ्चालित टेलिफोन, रेडियो, टेलिभिजन, कम्प्युटर, फ्याक्स, इमेल-इन्टरनेट र डिजिटल प्रविधिजस्ता मानवीय विभिन्न भाषामा सूचना, सन्देश, भाव तथा विचार सम्प्रेषणयोग्य श्रव्य-दृश्यआदि सञ्चारका माध्यम भन्ने बुझिन्छ । भाषाको विकाससँगै सञ्चारमाध्यमहरूको पनि विकास हुँदै आएको पाइन्छ । नेपाली भाषाको उद्‌भवसँगै यसको विकासमा पनि सञ्चारको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । सञ्चारमाध्यमहरूमा भएको तीव्रतर विकासले नेपाली भाषाको विकासमा पनि स्वाभाविक रूपमा योगदान पुगेको छ । यसो हुँदाहुँदै पनि यस क्षेत्रमा नयाँ प्रकारका समस्या देखापरेका छन् । खास गरी विद्युतीय सञ्चारमाध्यमहरूको विकासले नेपाली भाषाको प्रयोगमा प्रचुरता र सरलीकरण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको भएता पनि नेपाली भाषाको प्रयोग गर्दा व्यक्त गरिने शब्द र वाक्यहरूको अवस्थालाई विश्लेषण गर्दा नेपाली भाषामा विचलनका साथै भाषाको स्वरूपलाई नै विकृत पार्नेजस्ता समस्या पनि उत्पन्न भएको देखिन्छ । प्रस्तुत शोधमा विद्युतीय सञ्चारमाध्यमको विकास कसरी भयो, वर्तमान अवस्थामा विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगको स्थिति के छ र यसलाई कसरी परिष्कृत र मानक रूपमा विकास गर्न सकिन्छ भन्नेजस्ता सन्दर्भलाई यस अध्यायमा विशेष चर्चा गर्ने प्रयास गरिएको छ । सञ्चारमाध्यमको कुरा गर्दा सबभन्दा जेठो माध्यम छापामाध्यम नै हो । छापामाध्यममा नेपाली भाषाको प्रयोगका बारेमा धेरै चर्चा, समीक्षा, मूल्याङ्कन र अध्ययन भइसकेको हुनाले नयाँ तर प्रभावशाली माध्यमका रूपमा विकास भएको विद्युतीय सञ्चारमाध्यम रेडियो, टेलिभिजन, इमेल-इन्टरनेट तथा अनलाइन आदिमा नेपाली भाषाको प्रयोगको अवस्थाका बारेमा यो शोधपत्रमा बढी केन्द्रित रहेर अध्ययन र विश्लेषण गरिएको छ ।

## ३.२ नेपालको सन्दर्भमा विद्युतीय सञ्चारको प्रारम्भ र विकास

नेपालको सन्दर्भमा विद्युतीय सञ्चारमाध्यमको विकासक्रमको कुरा गर्दा वि.सं. १९७१ मा काठमाडौँमा टेलिफोन अड्‌डा स्थापना भएको र पहिलोपल्ट काठमाडौँ र वीरगन्जमा टेलिफोन लाइनबाट दोहोरो संवाद भएको पाइन्छ । यसपछि नेपालमा सरकारी

सञ्चारमाध्यमको रूपमा आकाशवाणीको स्थापना २००६ सालमा भएको पाइन्छ भने वि.सं.. २०३९ देखि सगरमाथा भू-उपग्रहमार्फत् विश्वभर टेलिफोन तथा टेलेक्सको सम्पर्क हुन थालेको पाइन्छ । हालसम्म आइपुग्दा नेपाल अधिराज्यका ७५ जिल्लाका सबै सहर, बजार तथा अधिकांश गा.वि.स. कार्यालयमा टेलिफोनसुविधा पुगेको देखिन्छ । टेलिफोनमा हुने दोहोरो संवाद र आकाशवाणी, इमेल, इन्टरनेट, फ्याक्स आदिमा प्रयोग गरिने नेपाली भाषाले पनि नेपाली भाषाको विकास गर्दै आएको छ । कोसौँ टाढा रहेका दर्शक-श्रोतालाई ध्वनिका माध्यमद्वारा सम्पर्कस्थापित गर्ने रेडियो प्रविधिका केही विशेषता टेलिग्राफ र टेलिफोनसँगमिल्न आउँछन् । कोसौँ टाढा चलाइएको टाइपराइटरको लिखित सङ्केत प्राप्त हुने टेलिग्राफ आज कम्प्युटरमा इमेल-इन्टरनेटको सुविधा प्राप्त हुन थालेपछि खास चर्चामा छैन ।

विद्युतीय सञ्चारमाध्यमको ऐतिहासिक पृष्ठभूमिलाई खोज्दै जाँदा सन् १९२० को नोभेम्बर २ तारिखका दिन अमेरिकाको पहिलो व्यवसायिक रेडियोकेन्द्र दर्ता भएको पाइन्छ । [७] यसले 'पिटर्सवर्ग पोस्ट'सँगसमन्वय राखेर राष्ट्रपतिको निर्वाचनमा कार्यक्रम बनाएको थियो । रेडियोको सशक्त प्रभाव देखेर रेडियोका लागि पनि समाचारका सात अखबारकै सात भएकाले छापामाध्यमहरू पनि रेडियो स्टेसन खोल्नतिर लागे । १९२० को अगस्त ३१ का दिनदेखि 'डेट्रोइट न्युज' ले आफ्नो प्रसारण सेवा निरन्तर सुरु गर्‍यो । १९२१ मा डब्ल्यू.डब्ल्यू.जे. स्टेसन स्थापना भयो । त्यसैताका 'कान्सास सिटी स्टार', 'मिलाउकी जर्नल', 'सिकागो ट्रिब्युन', 'लस एन्जेल्स टाइम्स', 'लुइसभिल कुरिअर जर्नल', 'एट्लान्टा जर्नल', 'फोर्ट वर्ट स्टार टेलिग्राम', 'डल्लास न्युज' र 'सिकागो डेली न्युज' आदिले अखबारका साथ रेडियो सेवा पनि सुरु गरे । १९२७ सम्ममा अमेरिकामा अठचालीस अखबारले रेडियो सेवा सुरु र सन्तानब्बेवटा अखबारले विभिन्न रेडियोमा समाचार प्रसारण पनि गरेका थिए । त्यसले उनीहरूको अखबारको बिक्री र समाचारमा विश्वास बढाउन सघाएको थियो ।

आमसञ्चारको माध्यम रेडियो सेवा अखबारभन्दा के कुरामा फरक देखियो भने रेडियोको पूरा प्रसारण समयावधिमा अनुपातका हिसाबले समाचारका लागि अत्यन्त न्यून समय मात्र दिने र बाँकी समय मनोरञ्जनात्मक सामग्रीका लागि खर्च गर्ने गरिन्थ्यो भने

---

[७] प्रत्युष वन्त, 'नेपालमा रेडियोको विकास,' **कान्तिपुर** (दैनिक), १२ भदौ २०६१, पृ. ७ ।

अखबारमा समाचारले नै अधिक पृष्ठ भरिए । समाचारको नाटकीय प्रस्तुति, घटनास्थलमै गएर पृष्ठभूमि र वातावरणको ध्वनिसहितका समाचारको प्रसारण आदि रेडियोका विशेषता बने तर कतिपय रेडियोकेन्द्रमा आफ्ना समाचारदाताहरू नरहने र अखबारको समाचार नै पढेर काम चलाउने गर्नुले प्रस्तुतिमा कम आकर्षण देखियो । कुनै प्रतियोगितात्मक कार्यक्रम, जितहारको रोमाञ्चकता र खेलकुदको प्रत्यक्ष प्रसारण आदिका कारणले रेडियोको प्रभाव बढ्दै गयो । व्यवसायिक रेडियोकेन्द्रले १९२१ मा पहिलोपटक बेसबल खेलको अन्तिम प्रतिस्पर्धाको प्रत्यक्ष प्रसारण गरेको थियो । त्यसको अर्को वर्ष अमेरिकन टेलिफोन तथा टेलिग्राफ्स न्युयोर्क स्टेसनले सिकागो र प्रिन्सेटनबीच भएको फुटबल खेलको प्रत्यक्ष प्रसारण गर्दै फोनमार्फत श्रोताको प्रतिक्रियासमेत तत्कालै सुनाएको थियो । एक अनुमानअनुसार १९२४ को राष्ट्रपतिको चुनावी प्रचार र परिणाम एक करोड अमेरिकीले रेडियोबाटै सुनेका थिए । त्यस बेला अमेरिकामा तीस लाख रेडियो सेट रहेको अनुमान गरिन्छ । १९२१ मा तीसवटा मात्र रेडियो स्टेसन रहेको अमेरिकामा अर्को तीन वर्षभित्र पाँच सय तीस पुगिसकेका थिए । १९२५ मा राष्ट्रपतिद्वारा सम्पन्न एक उद्घाटन कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्न न्युयोर्क र क्यालिफोर्नियाका एक्काइस स्टेसन सक्रिय थिए तर त्यसबेलाको रेडियो सेट मात्र थियो बोकीबोकी हिँड्न नमिल्ने, जहाँ जडान गरिएको छ त्यहीँ गएर सुन्नुपर्ने आजिभोलिका टेलिभिजनजस्तो । पछि १९५६ मा भ्याकुम टचुबको बदलामा प्रयोग गर्न 'ट्रान्जिस्टर'को विकास भएपछि रेडियो बोकेर सुन्दै हिँड्न मिल्ने भयो । पहिला पारिवारिक हैसियतमा सीमित रेडियो व्यक्तिगत हुन पुग्यो, जसका कारण रेडियो सेटको सङ्ख्यामा निक्कै वृद्धि हुन गयो ।

नेपालमा कहिलेदेखि विद्युतीय सञ्चारमाध्यमको विकास सुरु भयो भनेर किटानसाथ भन्न कठिन छ । रेडियो समाचार प्रसारणपरम्परा सुरु गर्ने पहिलो दक्षिण एसियाली मुलुक श्रीलङ्का हो । सन् १९२३ बाट त्यहाँ रेडियो प्रसारणको परीक्षण सुरु भई १९२४ देखि नियमित गरिएको थियो । भारतमा रेडियो प्रसारण १९३० मा सुरु भयो भने नेपालमा रेडियो प्रसारण १९५० बाट सुरु भएको हो । पाकिस्तानमा १९७३ मा पाकिस्तान ब्रोडकास्टिङ्ग कर्पोरेसनको स्थापना भएपछि प्रसारणलेखनमा उल्लेखनीय प्रगति हुन थालेको पाइन्छ । त्यस्तै गरी टेलिभिजन प्रसारणको क्षेत्रमा पनि भारतमा सन् १९५२ मा परीक्षणको रूपमा सुरु भयो भने पाकिस्तानमा १९६४ मा परीक्षण प्रसारण सुरु भयो । यसको लगत्तै भारतमा

१९६५ बाट नियमित टेलिभिजन प्रसारण हुन थालेको हो। सन् १९७१ देखि बङ्गलादेशले बङ्गला भाषामा टेलिभिजन प्रशारण सुरु गऱ्यो भने नेपालमा १९८५ देखि सुरु भयो।

सन् १९२४ मा सुरु भएको 'मद्रास प्रेसिडेन्सी रेडियो क्लब' को प्रसारणबाट एवम् त्यसको तीन वर्षपछि मुम्बई र कोलकातामा सुरु भएको 'इन्डियन ब्रोडकास्टिङ कम्पनी' को प्रसारणबाट नै नेपालीले रेडियो श्रवणको प्रथम अनुभव गरेको अनुमान गरिन्छ। विशेष गरी नेपालीले ब्रिटिस भारतमा सन् १९२४ पछि विद्युतीय सञ्चारमाध्यममा जेठो मानिने रेडियो प्रसारणका अभ्यासहरू सुरु हुँदा त्यहाँ कार्यरत नेपालीले रेडियो सुन्ने मौका पाएका थिए।[८]

नेपालभित्र कुन सालदेखि विद्युतीय सञ्चारमाध्यमको प्रभाव र सुरुवात हुन थाल्यो त ? यो प्रश्नको पनि सहज जवाफ पाउन कठिन छ। भारतीय सीमा नजिक रहेका नेपाली बस्तीहरूमा चन्द्र शमशेरको शासनकालको अन्त्य अर्थात् सन् १९२९ अगाडि नै विद्युतीय सञ्चारमाध्यमको रूपमा रेडियो सेट आइपुगेको अनुमान गरिएको छ, तर आजसम्म त्यसको प्रमाण सार्वजनिक भएको छैन। काठमाडौं उपत्यकाको कुरा गर्दा भारतबाट विभिन्न सामग्री आफ्नो बाजेको ज्ञानेश्वरस्थित दरबारमा आइपुगेको वर्णन गर्ने बालकृष्ण समले आफ्नो आत्मकथा **मेरो कविताको आराधना** मा पनि रेडियोबारे कुनै चर्चा गरेका छैनन्। आफ्नो आत्मजीवनीपरक **पुस्तक आनन्दमय आकाश** मा मदनमणि दीक्षितले आफ्ना कान्छा काका देवमणि दीक्षितले बेलायतबाट झिकाएको बेतार (रेडियो) दीक्षितहरूको 'ठूलो घर' मा सन् १९२९ मा आइपुगेको कुरा वर्णन गरेका छन्।

देवमणिभन्दा अगाडि रेडियो ल्याउने कोको थिए, हामीले पत्ता लगाउनसकेका छैनौं। सन् १९२९ मा चन्द्र शमशेरको अवसानपछि भीम शमशेर श्री ३ महाराज भए। उनको पालामा रेडियोसम्बन्धी प्रसङ्ग केकस्तो रह्यो, थाहा हुन सकेको छैन। सन् १९३२ मा उनको पनि अवसान भयो र जुद्धशमशेर श्री ३ महाराज भए। जुद्धशमशेरको पालामा भने नेपालभित्र रेडियो सुन्नेबानीमा व्यापकता आएको देखिन्छ।[९] भारतमा रेडियोविस्तारको सिलसिलामा सन् १९३६ मा 'अल इन्डिया रेडियो' स्थापना हुनु र त्यसअघि सन् १९३२ देखि नै बी.बी.सी.ले भारतसहित अन्य ब्रिटिस उपनिवेशमुखी प्रसारण सेवा सुरु गरेको कारणले

---

[८] ऐजन।

[९] ऐजन।

नेपालभित्र सुन्न सकिने रेडियो प्रसारणको आयतनमा वृद्धि भएको थियो[१०] भन्ने अनुमान गर्न सकिन्छ। जुद्धशमशेरको शासनकाल सुरु भएपछि काठमाडौँका राणा खलकहरूमा र उनीहरूका केही विश्वासपात्रका परिवारमा रेडियो सेटको आगमनमा वृद्धि हुन थाल्यो। रेडियो राख्नाका लागि राणा शासकहरूको अनुमति लिनु पर्थ्यो। त्यतिबेला एउटा रेडियोको झन्डै पाँच सय भारतीय रुपैयाँ पर्ने हुनाले धनीमानीले मात्र त्यो राख्न सक्थे।[११] रेडियो भएका घरहरूमा के सुनिन्थ्यो भन्न गाह्रो छ तर पनि समाचार र मनोरञ्जनमुखी प्रसारणहरू सुन्ने मोह बढ्न थालेको कुरा थाहा हुन्छ।

वि.सं. १९९२-९३ अर्थात् सन् १९३५ तिर काशीराज पाण्डेले अन्तर्राष्ट्रिय प्रसारणका समाचारहरू सुनेर त्यो समाचार टिपी लिखित रूपमा 'दि न्युज रिल' नामको बुलेटिनजस्तो बनाई सौखिन राणाहरूलाई पठाउन थालेको पाइन्छ। बनारस हिन्दू विश्वविद्यालयबाट 'इलेक्ट्रिकल इन्जिनियरिङ' उपाधि हासिल गरेका पाण्डेले जुद्धशमशेरको जिज्ञासा मेट्न यो काम थालेको मानिन्छ। यसरी अन्तर्राष्ट्रिय समाचारहरूको लिखित समाचार उपलब्ध हुन थालेपछि राणा प्रधानमन्त्रीहरूका लागि 'दि न्युज रिल' एक किसिमले अनिवार्य नै हुन थाल्यो। सन् १९३० को अन्त्यतिर र चालीसको दशकमा विदेशबाट प्रसारित समाचार सुन्न उत्सुक समूह काठमाडौँमा बढ्दै गएको पाइन्छ। समाचारहरू सुन्दासुन्दा आफूलाई पनि समाचारवाचक बन्ने रहर जागेको रेडियो नेपालका सुरुका दिनमा नेपाली भाषाको समाचार पढ्ने प्रकाशमानसिंह प्रधानको भनाइ रहेको छ।[१२] समाचारबाहेक रेडियोको मनोरञ्जनरूपी प्रयोग चाहिँ लेखक कमल दीक्षितले आफू नौ-दस वर्षको हुँदा आफ्ना काकाबाजे नरेन्द्रमणिको घरमा वि.सं. १९९५ तिर रेडियो आएको कुरा **बिर्सेकोसम्झेको**मा वर्णन गरेका छन्।[१३]

सन् १९३९ मा दोस्रो विश्वयुद्ध सुरु हुँदा काठमाडौँमा रेडियो सेट भित्रिइसकेको थियो। सन् १९४१ को मध्यसम्ममा कम्तीमा चार सय सेट भित्रिइसकेको अनुमान छ। जर्मन सेनाले रूसमाथि हमला गरी सन् १९४१ मा मस्कोको नजिक पुग्दा काठमाडौँमा 'अङ्ग्रेजको

---

[१०] ऐजन।

[११] ऐजन।

[१२] ऐजन।

[१३] ऐजन।

हार नेपालका राणाजीहरूको हार हो' भन्ने खालका हल्ला चल्न थालेपछि जुद्ध शमशेरले आफ्ना केही विश्वासपात्र व्यक्तिहरूबाहेक अन्य सबैको घरघरबाट रेडियो सेट जफत गरी करिब चार सयवटा रेडियो सेट सिंहदरबार ल्याइएको कुरा इतिहासकार प्रेमरमण उप्रेतीले उल्लेख गरेका छन् । यसरी कब्जामा परेका रेडियो सेट दोस्रो विश्वयुद्ध समाप्त भएपछि (सन् १९४५ मध्य) मात्र 'मुक्त' गरिएको पाइन्छ ।

नेपालमा सर्वसाधारणले रेडियो राख्न पाउने गरी पद्म शमशेरले 'फुकुवा' हुकुम दिए भन्ने समाचार ८ साउन २००३ अर्थात् सन् १९४६ जुलाईको अन्त्यतिर **गोरखापत्र**मा प्रकाशित भयो । साधारण व्यक्तिहरूले रेडियो राख्न पाउने भएपछि नेपालबाहिरबाट प्रसारित कार्यक्रमहरू रेडियो भएका छिमेकी, पसले या अन्यकहाँ गएर सुन्ने प्रचलन सुरु भयो । मान्छेको आवाजहरूलाई देशविदेशबाट हावामा उडाउँदै कोठाकोठामा पुऱ्याउने काठको बाकसजस्तो आकारको अद्भुत जनावरलाई हेर्न र सुन्न सर्वसाधारणमा समेत उत्सुकता जाग्यो ।

नेपालभित्रैबाट कुनै रेडियो प्रसारण सुरु भइ नसकेको हुनाले भारतको पटना र इलाहावाद स्टेसनबाट प्रसारित कार्यक्रमहरू रमेश विकल र उनका साथीहरूले सुनेका थिए ।

"यी राजनीतिक वा समाचारमूलक कार्यक्रमहरू थिएनन् । विकलकै शब्दमा भन्दा यी त थिए- मीरा वाईका भजनका स्वरहरू (भक्ति सङ्गीतहरू) र किसानका नाउँमा (बज्ने) अति साधारण कृषि कार्यक्रम मात्र सुन्न पाउने गरी रेडियो बजाउने अनुमति मिलेको थियो मास्टरलाई । त्यसैले हामी टोलबासी तरुना किशोर केटाहरू त्यस रेडियोबाट केवल कृषि कार्यक्रम (पटनाबाट) र देहाती भजन कार्यक्रम (इलाहावादबाट) मात्र सुन्न पाउँथ्यौँ ।"[१४]

त्यति सुनेर पनि उनीहरूमा नयाँ चेतना जागरुक भएको र तत्कालीन राणासत्ताको विरुद्धमा जनसङ्घर्षको आवश्यकता महसुस गरिएको थियो । त्यति नै बेला देशभित्र पनि पद्म शमशेरले रेडियो प्रसारणको केही प्रयास गरेको देखिन्छ । जयदेव भट्टराईका अनुसार काशीराज पाण्डेले द्वितीय विश्वयुद्धमा भाग लिएर फर्केका नेपालीले युद्धमा प्रयोग गरेको 'वायरलेस' को उपयोग गरेर रेडियो प्रसारण सुरु गरेका थिए । बिजुली अड्डाबाट 'नेपाल

[१४] ऐजन ।

ब्रोडकास्टिङ' को नाममा वि.सं. २००३ माघ महिनाबाट त्यो प्रसारण सुरु भएको थियो। सुरुमा रेडियो प्रसारण कस्तो सुनिन्छ भनेर श्रोतालाई हुलाकमार्फत् जानकारी पठाउन अनुरोधका साथसाथै हनुमानस्त्रोत्र पाठ गर्ने, गीत भजन, बजारभाउ, कविता, **गोरखापत्र**मा प्रकाशित समाचारका अंश आदि सामग्रीहरू दिउँसो एक बजेदेखि आधा घण्टाका लागि प्रसारण हुन्थ्यो।

इतिहासकार शिव रेग्मीका अनुसार त्यो प्रसारणलाई लिएर २१ माघ २००३ को **गोरखापत्र**ले 'नेपाल रेडियो स्टेसन' शीर्षकमा एउटा सम्पादकीय पनि लेखेको थियो। सुरुमा काठमाडौं उपत्यकाभन्दा बाहिर नसुनिएको ठानिए पनि फागुन २००३ मा विराटनगरमा समेत यो प्रसारण सुनिएको कुरा **गोरखापत्र**मा उल्लेख छ। ८ फागुन २००३ मा काठमाडौंको प्रसारण विराटनगरका रेडियो सेटमा 'खुब राम्रो हिसाबसाग' सुनियो, 'खास गरेर पछिल्लो भाग त दिल्ली, कलकत्ताबाट आएजस्तै गरी आयो' भन्ने समाचार ६ फागुन २००३ को **गोरखापत्र**मा छापियो। नेपाल ब्रोडकास्टिङबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले कविता वाचन गरेका थिए। आफूले सुनाउन लगेको कविता प्रेमराज शर्माले पढी अलि 'कडा' ठानेर प्रसारण नगर्नु राम्रो होला भनेर ठम्याएपछि उनकै अनुरोधमा महाकविले माइकमै कविता रचेर सुनाएका थिए।[१५] त्यो कविता पनि 'कडा' भएको सम्झना उक्त अवसरमा उपस्थित रामजीप्रसाद अर्यालले २०२६ मा प्रकाशित संस्मरणमा उल्लेख गरेका छन्।

रेडियोमार्फत् केही भाषणहरू पनि प्रसारण भएको सङ्केत छ। **गोरखापत्र**लाई उद्धरण गर्दै बनारसबाट प्रकाशित पत्रिका **उदय**ले २ फागुन २००३ मा श्री ३ महाराज पद्मले आफ्नो विशालनगर दरबारमा एउटा भाषण दिएको समाचार छापेको छ। त्यहाँ लेखिएको छ : 'बिजुलीको ढ्वाङहरू (लाउडस्पिकर) को पनि उचित प्रबन्ध भएकाले भाषण सबैले प्रस्ट र सफासित सुन्न पाए। रेडियोमा समेत सम्बन्ध जोडिएकाले नेपाल चार भन्ज्याङभरिका धेरैजसो घर, पसलका रेडियोहरूमा पनि भाषण सुनिएको थियो।' २००४ सालको माघमहिनातिर पोखरामा पहिलो रेडियो पुगेको तथा पहिलोपटक बजाउँदा बजारका साहूमहाजन र भद्रभलाद्मीहरू भेला गराइएको कुरा थाहा हुन आएको छ।

---

[१५] ऐजन।

केही महिना चलेको रेडियो मोहन शमशेरको दबाबमा बन्द भयो । जयदेव भट्टराईका अनुसार नेपाल ब्रोडकास्टिङ बन्द गर्नाको पछाडि मोहन शमशेरको दाउ 'सर्वसाधारणलाई रेडियोबाट वञ्चित गर्नु थिएन, बरू रेडियो प्रसारणको श्रेय आफूले पनि लिनु थियो ।' त्यसो हो भने पनि मोहन शमशेरले आफू श्री ३ महाराज भइसकेपछि आफ्नो सिन्दूरयात्रा सम्पन्न भएको दिन (१४ जेठ २००५) दिएको भाषणमा यसको केही सङ्केत दिएनन् । उक्त अवसरमा उनले 'देशको उन्नतिका लागि बाटो, यातायात र खबरको सुगम र छिटो ओहोरदोहोरको प्रबन्ध पनि नितान्त आवश्यक र जरुरी छ' भनेर हुलाक, बाटो, हवाइ बाटो (एअर सर्भिस), टेलिफोनको चर्चा गरे पनि रेडियोको भने कतै उल्लेख गरेका छैनन् । जे होस्, त्यसको दुई महिनापछि अर्थात् १८ साउन २००५ मा काठमाडौँबाट रेडियोको २० र ४० मिटरमा केही सामग्री प्रसारित भएको बुझिन्छ । उक्त अवसरमा २० साउन २००५ को **गोरखापत्र**ले लेखेको छ : "यसै सिलसिलामा नेपाल राजधानीमा ब्रोडकास्टिङ स्टेसन खोल्नलाई चाहिने मालसामान, तालिम पाएका कामदारको प्रबन्ध पनि सरकारमार्फत् छिट्टै हुने भएको छ भन्ने बुझियो ।"[१६]

२००५ मा खोलिएको 'मोहन आकाशवाणी' बाट नै रेडियो प्रसारण भएको थियो । त्यसैको भोजपुर शाखामा भएको आकाशवाणीको सेटबाट नेपाली काङ्ग्रेसका मुक्ति योद्धाहरूले २००७ साल मङ्सिरको अन्त्यमा रेडियो प्रसारण गरेको कुरा नारदमुनि थुलुङको आत्मकथा **बर्सेका अनुहारहरू**बाट खुल्न आएको छ । पछि माघको अन्त्यतिर विराटनगरबाट तारिणीप्रसाद कोइराला र अरूहरूले आकाशवाणीमार्फत 'प्रजातन्त्र नेपाल रेडियो' सञ्चालन गरेका थिए । २००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरेपछि यही रेडियो काठमाडौँबाट प्रसारित हुने 'नेपाल रेडियो' बनाइयो ।

वि.सं. २००५ (सन् १९४८) मा मोहनशमशेर श्री ३ महाराज हुँदा नेपालमा के कति रेडियो सेट थिए र त्यसको भौगोलिकको वितरण स्थिति कस्तो थियो भन्न सक्ने देखिँदैन । काठमाडौँभन्दा बाहिर विराटनगर, पोखरा इत्यादि ठाउँमा केही रेडियो सेट थिए[१७] भन्ने कुरा जानकारीमा आएको छ तर ती ठाउँमा पनि हुनेखाने दुईचार व्यक्तिका घरमा मात्र रेडियो थियो भन्ने पाइन्छ । रेडियो सेटको दामका साथै बिजुली र ब्याट्रीको अभावमा रेडियो सेटको

---

[१६] ऐजन ।

[१७] ऐजन ।

व्यापक विस्तार हुन नसकेको हो । ब्याट्री बजारमा उपलब्ध थिएन । जो व्यापारी भारत पुग्थे, उनीहरूको मात्र त्यसमाथि पहुँच थियो किनभने त्यसबेला बाटोघाटो र सवारीसाधनको सुविधा थिएन। फेरि ब्याट्रीहरू पनि धेरै गह्रौं थिए । वि.सं. २००२ सालतिरै काठमाडौँका केही व्यापारी रेडियो व्यापारमा संलग्न भइसकेका थिए । शिव रेग्मीका अनुसार ठमेलका अजरप्रसाद प्रधान (अमृत साइन्स कलेजका संस्थापक अमृतप्रसाद प्रधानका बुबा) को परिवारलाई 'पाइ' कम्पनीको रेडियो झिकाई बेच्ने गरेको पाइन्छ। त्यतिबेला प्रधानहरूको छिमेकमा रेग्मीका परिवार डेरा लिएर बसेका थिए । आफू सानो छँदा पाइ रेडियोको 'स्टिकर'हरू जम्मा गरेको[१८] प्रसङ्ग रेग्मीले उल्लेख गरेका छन् ।

सर्वसाधारणका लागि रेडियो फुकुवा भइसकेकाले रेडियो सुन्ने व्यक्तिहरूको सुविधाका लागि अन्य दुईथरी कार्यक्रम तालिका (आजकालको टीभी गाइडजस्तो) र मर्मत-सम्भारको व्यापार सुरु भएको देखिन्छ । काठमाडौँ बाङ्गेमूढाका गम्भीरबहादुर सिंह, एक व्यापारी थिए जो रेडियो कार्यक्रमको पाक्षिक समय तालिका झिकाई बेच्ने गर्थे । वि.सं. २००५ को सुरुतिर शारदा पत्रिकाको गातामा रेडियो हुनेहरूलाई सम्बोधन गर्दै उनले यसरी विज्ञापन गरेका छन्- "तपाइँहरूसित रेडियो त छ, तर आफूलाई चित्तबुझ्दा विषय सुन्नलाई तपाइँहरूलाई अटकलबाजीले छिनमा यो, छिनमा त्यो स्टेसनको सुई घुमाउनुपर्छ । यसो गर्दा रेडियो चाँडो बिग्रन्छ । बरू कार्यक्रम (प्रोग्राम) हेरेर रेडियो बजाउनु बेस ।"[१९] यसबाट काठमाडौँमा रेडियो सुन्ने जमातमा निरन्तर वृद्धि हुँदै गएको र अरूकहाँ गएर रेडियो सुन्ने कौतुहलताको चरणबाट आफ्नै नियन्त्रणमा रहेको रेडियो सुविधासहित सुन्ने वातावरण तयार हुन थालेको सङ्केत मिल्छ । त्यसबेलाको शासकीय सोचका कारण मुलुकमा रेडियो प्रसारण सेवा छिमेकी भारत र चीनभन्दा झन्डै पच्चीस वर्षपछि मात्र सम्भव भएको पाइन्छ ।

नेपालमा रेडियो स्टेसन नभए पनि सम्भ्रान्त तथा अभिजातवर्गका लागि रेडियो श्रवण सम्भव भयो । राणा प्रधानमन्त्री जुद्धशमशेरको पालासम्म सर्वसाधारण नागरिकलाई रेडियो राख्ने अनुमति थिएन । पद्म शमशेरले पछाडि सर्वसाधारणलाई पनि रेडियो राख्ने अनुमति दिएका थिए । उनीपछिका प्रधानमन्त्री मोहनशमशेरले रेडियो प्रसारण सुरु गर्ने उद्देश्यले रेडियो ट्रान्समिटरहरू झिकाएका थिए तर ती उपकरणहरू उनको पालामा नेपाल

[१८] ऐजन ।

[१९] ऐजन ।

भित्रिन पाएनन्, भारतको कलकत्ता बन्दरगाहमा वर्षौंसम्म त्यसै अलपत्र परिरहेको कुरा थाहा हुन आएको छ। प्रजातन्त्र आएको चार वर्ष बितेपछि २०११ सालमा त्यसलाई नेपाल भित्र्याइएको थियो।

नेपाल रेडियोको स्थापना २००७ साल चैत २० गते भएको भए तापनि यसको अनौपचारिक प्रसारण केही अगाडिबाटै भएको हो। सन् १९१९ बाट अमेरिकामा व्यवसायिक रूपग्रहण गरेको रेडियोले भारत हुँदै नेपालसम्म आइपुग्न पूरा ३१ वर्ष लगायो तर अमेरिकामा जस्तै नेपालमा पनि यसको सुरुआत भने राजनीतिक प्रयोजनबाटै भएको देखिन्छ। यसको प्राविधिक पक्ष वैज्ञानिक खोजको परिणाम थियो भने विकास राजनीतिक प्रयोजनका लागि भयो। अमेरिकामा राष्ट्रपतिको चुनाउप्रचार गरेर उद्घाटन गरिएको रेडियो प्रसारण नेपालमा प्रजातन्त्रको गीत गाएर गरियो। प्रजातन्त्र स्थापनाका लागि भएको २००७ सालको आन्दोलनकै एक साधनका रूपमा रेडियोको आवाजले नेपाल प्रवेश गरेको हो। नारदमुनि थुलुङका अनुसार नेपाली रेडियोको पहिलो आवाज भोजपुरवासीले २००७ साल मङ्सिर २९ गते सुनेका थिए। तर यो आवाज स्थायी स्टुडियोबाट आएको थिएन। विराटनगरमा 'स्टेसन' कै रूप दिएर पहिलो रेडियो केन्द्र खोलियो। भोजपुरबाटै उपकरणहरू ल्याएर विराटनगरमा स्टेसन खोलिएको थियो।[२०]

नेपालमा रेडियो स्टेसन खोल्ने पहिलो काम तारिणीप्रसाद कोइरालालगायतका प्रजातन्त्रप्रेमी युवाले विराटनगरबाट गरेका थिए। तर शिव रेग्मीका अनुसार नेपालमा रेडियो प्रसारण २००४ साल माघ १४ गते सुरु भएको र बीच-बीचमा रोकिएर २००६ सालसम्म चलेको थियो तर पनि नेपालमा नेपाल रेडियो र पछि रेडियो नेपालको नामले निरन्तर चल्दै आएको रेडियोलाई नै वास्तविक सुरुआत मान्ने हो भने २००७ सालको चैत २० गतेलाई मान्नुपर्ने हुन्छ। प्रारम्भिक कालमा नेपाल रेडियो जनतालाई प्रजातान्त्रिक व्यवस्थाको जानकारी दिने र राणा शासकहरूको कमजोरी देखाउने काममा मात्र सीमित भएको पाइन्छ । जनआन्दोलनबाट प्रजातन्त्रको स्थापना नभएसम्म यो क्रम जारी रहेको देखिन्छ। प्रजातन्त्रको घोषणापछि यसले क्रमशः अन्य विविध सन्देशमूलक कार्यक्रम, सामाजिक परिवर्तनका लागि शिक्षा, आधुनिक कृषि प्रविधिको ज्ञान, शैक्षिक चेतना अभिवृद्धि गर्ने कार्यक्रम प्रसारण गर्न थालेको महेशप्रसाद अधिकारी (प्रसारण हाते किताब) उल्लेख गरेका

---

[२०] ऐजन।

छन् । सरकारी स्वामित्वमा रहेको यस प्रसारणमाध्यमले आफूलाई समयसापेक्ष सुधारका लागि प्रयास गर्दै आएको भए तापनि बेलाबखतमा तत्कालीन सरकारको स्वार्थअनुकूल प्रयोग भएको पनि देखिन्छ ।

राष्ट्रिय सञ्चार नीति २०४९ अनुसार रेडियो नेपालको प्रमुख उद्देश्य आमजनतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा महत्त्वपूर्ण गतिविधिका सम्बन्धमा जानकारी गराउने समाचार, सूचना, शिक्षा र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्ने रहेको छ । मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवम् कलासम्बन्धी राष्ट्रिय चिनारीका विभिन्न पक्षको जगेर्ना तथा संवर्द्धन गर्ने काममा सघाउ पुर्‍याउने सामग्रीहरू प्रसारण गरी तिनीहरूको उत्थान एवम् विकासमा सहयोग पुर्‍याउने उद्देश्य पनि रेडियो नेपालको रहेको देखिन्छ । मुलुकको विभिन्न क्षेत्र, भाषा, जाति, सम्प्रदाय र वर्गबीच भावनात्मक एकता अभिवृद्धि गर्ने खालका सामग्री प्रसार गर्ने जिम्मेवारी पनि रेडियो नेपालले पाएको छ । आफ्नो उद्देश्य पूरा गर्न रेडियो नेपालले तीन प्रकारको कार्यक्रम प्रसारण गर्दै आएको छ- १. समाचार तथा समाचारमूलक, २. विकास तथा शिक्षामूलक र ३. मनोरञ्जनात्मक ।

२००७ सालमा २ सय ५० वाटको एउटा सानो ट्रान्समिटर प्रयोग गरी दैनिक ४:३० घण्टाको प्रसारणबाट सुरु गरेको रेडियो नेपालले हालसम्म आइपुग्दा ठूलो फड्को मारिसकेको छ । आज रेडियो नेपालले 'सर्ट वेभ', 'मेडियम वेभ' मात्र होइन, 'एफ्. एम्' (फ्रिक्वेन्सी मोडुलेसन) बाट समेत प्रसारण गर्दै आएको छ । काठमाडौं उपत्यकाका श्रोताका लागि २०५२ सालबाट रेडियो नेपालले 'एफ्. एम्.' सेवा पनि सुरु गरेको छ । रेडियो नेपालको 'सर्टवेभ' प्रसारण क्षमता देशव्यापी त छ नै, बाहिरी सीमा क्षेत्रमा समेत यसको पहुँच छ । 'मिडियम वेभ' को पहुँच जम्मा जनसङ्ख्याको ७० देखि ८० प्रतिशतसम्म रहेको रेडियो नेपालको आधिकारिक 'वेबसाइट' मा उल्लेख छ ।

२०५२ सालको कात्तिक ३० गते काठमाडौंस्थित रेडियो नेपालको केन्द्रीय कार्यालयबाटै प्रसारण प्रारम्भ भएको एफ्. एम्. काठमाडौंको क्षमता एक सय किलोवाटको छ ।[२१] सो क्षमताको स्टेरियो 'ट्रान्समिटर' ललितपुरको खुमलटारमा जडान गरी प्रारम्भ गरिएको सेवा अहिले उपत्यकाबाहिर पनि पुगिसकेको छ । निजी क्षेत्रबाट सञ्चालित 'रेडियो

[२१] ऐजन ।

स्टेसन'हरू बढी स्वतन्त्र रहने र प्रसारणका विषय बढी व्यापक हुने गरेका छन् भने रेडियो नेपालका सबै 'च्यानल' अझै पनि शासकीय छायाँभित्र हुँदा सामग्रीका दृष्टिले सङ्कुचित छन् तापनि भौतिक सम्पन्नताले भने यसलाई साथ दिएको छ। सिंहदरबारभित्र 'स्टेरियो' सुविधाको साधनसम्पन्न आधुनिक 'स्टुडियो' छ जसमा प्रत्यक्ष प्रसारणका लागि तयारी कोठा 'स्टुडियो'ले व्यवस्था गरेको पाइन्छ।

रेडियो नेपाल पहुँचका दृष्टिले सबैभन्दा बलियो आमसञ्चारको माध्यम रहँदै आएको छ। पहाडी क्षेत्र बढी भएको पिछडिएको मुलुक नेपालमा भू-उपग्रहको माध्यमद्वारा प्रसारण हुने र सय रुपैयाँको रेडियो सेटबाट पनि सुन्न सकिने प्रविधिको अग्रता वर्षौंसम्म पनि कायम रहने कुरामा शङ्का छैन। टेलिभिजन महँगो प्रविधि हुनाका साथै विद्युत् आपूर्तिमा निर्भर रहनुपर्ने र अखबारका लागि कम्तीमा साक्षर पाठक र वितरणको व्यवस्थाका लागि यातायातको सुगमताजस्ता आधारभूत पक्ष अनिवार्य हुने भएकाले रेडियोसँगप्रतिस्पर्धा गर्न अर्को कुनै पनि आमसञ्चारको माध्यमलाई नेपालको सन्दर्भमा सहज छैन। यसैले दुर्गम क्षेत्रका श्रोताको माग पूरा गर्ने रेडियो नेपालले अझ बढी सबल कार्यक्रम दिनु आवश्यक भएको छ। रेडियो नेपालले क्षेत्रीय प्रसारणअन्तर्गत पनि नेपाली भाषाका विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। जनआन्दोलन २०६२-६३ बाट लोकतान्त्रिक नयाँ सरकार बनेपछि 'एफ्. एम्.' रेडियो र 'टीभी च्यानल'हरूको दर्ता सङ्ख्या निकै बढेको छ। यसले गर्दा ग्रामीण क्षेत्रमा सूचनाको पहुँच बढ्ने र यससागै नेपाली भाषाको प्रयोगमा पनि व्यापकता आउने देखिन्छ।

२०४९ सालमा राष्ट्रिय सञ्चार नीति, २०५० मा राष्ट्रिय सञ्चार ऐन र २०५२ सालमा राष्ट्रिय नियमावली लागू भएपछि नेपाली सञ्चारजगत्मा सकारात्मक परिवर्तन आएको हो। निजी क्षेत्रमा छापामाध्यमले संस्थागत विकासको यात्रा सुरु गरेको लामो अवधि बितिसकेको भए पनि रेडियोको क्षेत्रमा त्यस्तो प्रयास देखिएको थिएन। सर्वप्रथम यसको प्रयास वातावरण विनासमा चिन्तित र विकास पत्रकारिताका लागि क्रियाशील वरिष्ठ पत्रकार भारतदत्त कोइराला र उहाँका सहयोगीहरूबाट निजीक्षेत्रमा 'एफ्. एम्. रेडियो स्टेसन' खोल्ने काम भयो। सामुदायिक रेडियो सेवाबाट थालिएको निजीक्षेत्रको विकासयात्रा २०५९/२०६० सम्ममा निकै तीव्र देखिन्छ तर २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रबाट चालिएको शाही कदमले यसको विकासमा अवरोध आएको थियो। अभिव्यक्ति स्वतन्त्रताको

हननसागै छापा र 'एफ्. एम्.' लगायतका विद्युतीय सञ्चारमाध्यममाथि अङ्कुश लगाउने काम भयो । यस प्रकारको निरङ्कुश कदमविरुद्ध राजनीतिक दलहरू, आम सञ्चारकर्मी र नागरिक समाज आन्दोलनमा उत्रेपछि राजा पछाडि हट्न बाध्य भई २०६३ वैशाख ११ गते शाही घोषणाद्वारा शासनसत्ताको सम्पूर्ण भार सार्वभौम सत्तासम्पन्न नेपाली जनताका प्रतिनिधिलाई हस्तान्तरण गरिएको घोषणाका साथै प्रतिनिधिसभालाई पुनर्स्थापित गरियो । राजाको शाही शासनकालमा नेपाली प्रेसले अनेकौं प्रकारका दमनको सामना गर्नुपर्‍यो । जनआन्दोलनको बलबाट प्रतिनिधिसभाको पुनर्स्थापना र नयाँ लोकतान्त्रिक सरकार बनेपछि प्रेस स्वतन्त्रताको बहाली भएको छ । पहिले दर्ता भएका र नयाँ लोकतान्त्रिक सरकार बनिसकेपछि दर्ता भएका विभिन्न 'एफ्. एम्.' र 'टीभी च्यानल'हरूमा निकै वृद्धि भएको छ । संसारमा 'रेडियो सेट'हरूको सङ्ख्या करिब तीन अर्ब अर्थात विश्वको झन्डै आधा जनसङ्ख्याबराबर छ । यसको अर्थ हरेक दुई जनाको भागमा एउटा रेडियो पर्छ । संसारभरि जम्माजम्मी पच्चीस हजार रेडियो स्टेसनले कार्यक्रम प्रसारण गर्छन् । यो तथ्याङ्कले के देखाउँछ भने पत्रपत्रिका र टेलिभिजनजस्ता अरू सञ्चारमाध्यमको तुलनामा रेडियो एउटा निकै व्यापक, लोकप्रिय र आम जनसमूहमा पुगेको सञ्चारमाध्यम हो ।

'रेडियो स्टेसन' का 'ट्रान्समिटर' बाट प्रसारित तरङ्गहरू रेडियो सेटबाट ध्वनिमा परिणत भएर श्रोताकहाँ पुग्छन् । रेडियोले धेरै टाढाटाढा, विकट र दुर्गम ठाउँमा रहेका सातालाई समेत देशविदेशका समाचार, रोचक जानकारी र मनोरञ्जक सामग्री सुनाउँछ । रेडियो सुन्ने माध्यम भएकाले यसमा प्रस्तुत सामग्री छोटा, सजिला, पढ्न लेख्न नजान्नेहरूले समेत बुझ्न सक्ने खालका हुन्छन् । 'रेडियो सेट'हरू सानो र छरितो आकारमा समेत पाइने हुनाले जहाँ जस्तोअवस्थामा पनि सुन्न सकिन्छ । भौगोलिक बनावटका कारणले विकट नेपालमा रेडियोको लोकप्रियता र आवश्यकता एकदमै बढी छ । देशका अधिकांश जनता गरिबिको रेखामुनि रहेको, सबै भागमा यातायात नपुगेको र सबैले शिक्षा पाउन नसकेको अवस्थामा नेपाली समाजमा अधिकांश जनताका लागि रेडियो नै सूचनाको एक मात्र माध्यम हुने गरेको छ । एकातिर यातायातको अभाव र साक्षरताको कमीका कारण हाम्रा विकट गाउँमा अखबारको पहुँच अत्यन्त कम छ भने अर्कोतिर गरिबिका कारण टेलिभिजन ग्रामीणका जनताको पहुँचमा छैन । यस्तो अवस्थामा सस्तो, सरल, कम ऊर्जा खाने रेडियो सूचना र मनोरञ्जनका लागि एउटा भरपर्दो सञ्चारमाध्यमका रूपमा रहेको छ ।

नेपालमा स्थापना भएको रेडियो सगरमाथा दक्षिण एसियाको पहिलो गैरसरकारी रेडियो मानिन्छ तर 'रेडियो सगरमाथा' स्थापना हुनु भन्दा अघिदेखि नै श्रीलङ्कामा सरकारी प्रसारण संस्था श्रीलङ्का ब्रोडकास्टिङ कर्पोरेसनअन्तर्गत महावेली सामुदायिक रेडियो सञ्चालन गरिएको थियो । महावेली सामुदायिक रेडियोले महावेली सिँचाइ परियोजना निर्माण गर्दा विस्थापित भएका हजारौँ किसान घरपरिवारको पुनर्वास, व्यवस्थापन र सामाजिक-आर्थिक उन्नतिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । महावेलीका कार्यक्रम उत्पादकहरू 'टेपरेकर्डर' बोकेर गाउँगाउँमा जान्थे, गाउँलेसँगकुरा गर्थे, उनीहरूको परम्परागत अनुभव, ज्ञान र सीप उनीहरूकै आवाज 'रेकर्ड' गरेर ल्याउँथे र रेडियोबाट सुनाउँथे ।

सामुदायिक रेडियोहरू एसिया, अफ्रिका र दक्षिण अमेरिकामा विकासोन्मुख देशमा मात्र होइन युरोप, अस्ट्रेलिया र अमेरिका/क्यानाडाजस्ता 'विकसित' देशमा पनि छन् । अमेरिका र क्यानाडामा सन् १९५० को दशकदेखि नै सामुदायिक रेडियोलाई प्रसारण अनुमति दिन थालिएको हो र अहिले तीन सयभन्दा बढी सामुदायिक रेडियो स्टेसन छन् । अमेरिकी र क्यानाडेली सामुदायिक रेडियोमध्ये प्रायः जसो आदिवासी, जातिगत, भाषिक, मजदुर र ग्रामीणजस्ता ठूला सहरी रेडियो स्टेसनद्वारा राम्रोसँग नसमेटिएका समुदायमा लक्षित रहेका छन् । पूर्वी युरोपका मुलुकको अवस्थाचाहिँ अलि बेग्लै छ । राज्य र सरकारद्वारा पूर्ण रूपमा नियन्त्रित सञ्चारमाध्यमहरूको दशकौं लामोपरम्परा रहेको यी मुलुकमा सन् १९९० को दशकमा आएको उदार परिवर्तनपछि खुला गरिएका अधिकांश लाइसेन्सबाट पश्चिम युरोपका मिडिया उद्योगले व्यवसायिक रेडियो स्टेसन चलाएका छन् ।

नेपालमा सामुदायिक रेडियोको प्रसारणको सुरुआत २०५४ साल जेठ ९ गतेका दिन नेपाली आकाशमा स्वतन्त्र रेडियो सगरमाथाको आवाज गुन्जिएपछि भएको हो । रेडियो सगरमाथा नेपालको मात्रै होइन, पूरै दक्षिण एसियाकै पहिलो स्वतन्त्र सामुदायिक रेडियो हो । यस क्षेत्रमा श्रीलङ्काको 'महावेली सामुदायिक रेडियो', 'रेडियो सगरमाथा'भन्दा पहिलेदेखि सञ्चालन भएको भए पनि यो स्वतन्त्र रेडियो स्टेसन नभएर सरकारी प्रसारण संस्था श्रीलङ्का ब्रोडकास्टिङ कर्पोरेसनअन्तर्गत सञ्चालित 'रेडियो स्टेसन' थियो । सरकारद्वारा ८८ देखि १०८ 'मेगाहर्ज फ्रिक्वेन्सी' सार्वजनिक प्रयोजनका लागि छुटचाइएको छ । अन्तर्राष्ट्रिय 'टेलिकम्युनिकेसन युनियन' को नियमानुसार ८८ भन्दा तलका 'फ्रिक्वेन्सी'

सुरक्षा प्रयोजनका लागि र १०८ भन्दा माथिका 'फ्रिक्वेन्सी' लाई हवाई प्रयोजनका लागि छुट्याइएको छ । यस्तैगरी नेकपा माओवादीले पनि विभिन्न ठाउँमा छुट्टै 'एफ्. एम्. रेडियो' सञ्चालन गर्दै आएको पाइन्छ ।

## ३.३ रेडियोमा नेपाली भाषाप्रयोगको प्रारम्भिक अवस्था

नेपाली भाषामा नेपालमा सर्वप्रथम वि.सं. २००३ मार्ग १४ गते अपराह्न १ देखि १.३० सम्म बिजुली अड्डाबाट रेडियो प्रसारण गर्न थालिएको हो । यसको आवाज ३० देखि ३३ 'मिटर ब्यान्ड' मा काठमाडौँ उपत्यकाभित्र मात्र सुनिन्थ्यो । यसपछि २००७ सालको जनक्रान्तिका क्रममा त्यसै वर्षको मङ्सिर २८ गते बिहान ८.३० बजे विराटनगरबाट 'नेपाली प्रजातन्त्र रेडियो' का नामबाट प्रसारण गर्न थालियो । यसबाट ४१ 'मिटर ब्यान्ड सर्टवेभ' मा कार्यक्रम प्रसारण गरियो । यसको प्रसारण काठमाडौँ, बनारस, गोरखपुर, पटना, दार्जिलिङ र कलकत्तासम्म सुन्न सकिन्थ्यो । त्यसबेला जनक्रान्तिका समाचार नेपाली भाषामा प्रसारण गर्नमा यो रेडियो केन्द्रले राम्रो काम गरेको थियो । सुरुमा तारिणीप्रसाद कोइरालाले नेपाली भाषामा कार्यक्रम सञ्चालन गरेका थिए । यसैबीच जनक्रान्तिको उपलब्धिका रूपमा प्रजातन्त्रको उदय भएपश्चात् त्यही रेडियो केन्द्रलाई सिंहदरबार काठमाडौँ ल्याएर वि.सं. २००७ साल चैत २० गतेदेखि 'रेडियो नेपाल' को नामकरण गरी प्रसारण गरिएको हो । यसलाई सञ्चारमाध्यमका रूपमा स्थापित गरी खुमलटारमा शक्तिशाली 'ट्रान्समिटर' स्थापना गरेपछि धेरै ठाउँमा सुन्न सकिने भएको हो । हाल राजधानी काठमाडौँका अतिरिक्त धनकुटा, पोखरा, सुर्खेत आदिबाट पनि रेडियो नेपालका क्षेत्रीय प्रसारणहरू हुने गरेका छन् । नेपाल अधिराज्यका सबै गाउँ, बस्तीबाट र उत्तर भारतबाट समेत रेडियो नेपाल सुन्न सकिन्छ । रेडियो नेपालको राष्ट्रभाषा नेपालीका अतिरिक्त नेवारी, गुरुङ, तामाङ, शेर्पा, राई, लिम्बू, थारु, मैथिली, भोजपुरी, अवधी आदि नेपालका विभिन्न भाषामा समेत कार्यक्रम प्रसारण गर्ने गरेको छ । विशेषगरी नेपाली भाषाको विकासमा यसले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । नेपाली भाषामा छिमेकी राष्ट्र भारत, चीन, श्रीलङ्का, बङ्गलादेशका साथै समुद्रपारका रुस, बेलायत आदिबाट समाचारका अतिरिक्त ज्ञानवर्द्धक कार्यक्रमहरू नेपालीमा प्रसारित हुन थालेकाले नेपाली भाषाले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूमा आफ्नो सम्मानित स्थान बनाउँदै लगेको पाइन्छ ।

## ३.४ टेलिभिजनको पृष्ठभूमि र विकासक्रम

सन् १९२० को दशकमै अमेरिकामा टेलिभिजनको परीक्षण प्रसारण गरिए पनि यसले व्यवसायिक रूप धारण गर्न अर्को बीस वर्ष कुर्नुपऱ्यो । विद्युत्, 'फोटोग्राफी', दूरसञ्चार र रेडियोको विकासको एक संयुक्त छलाङ थियो टेलिभिजन । सुरुमा टेलिभिजनले तत्काल चित्र सम्प्रेषण गर्न नसक्ने, प्रस्ट दृश्य देखाउन नसक्नेजस्ता 'पिक्चर स्क्यानिङ' का समस्याहरूसँगजुध्नुपरेको थियो । १९२३ मा भ्लादिमिर जोरिकिनले 'आइकन'को चमत्कार देखाए । 'आइकन'कै चमत्कारले टेलिभिजनको पर्दारूपी 'टचुबलाइट'लाई झरझराउँदो बनाइदियो ।[२२] उनले 'काइनस्कोप' अर्थात् तस्वीरनलीको विकास गरे । टेलिभिजन प्रविधिको विकासमा सघाउने अन्य व्यक्तिहरूमा फिलो फार्नसवर्थ र बि डुमान्ट प्रमुख छन् । क्यानसवर्थले विद्युतीय 'क्यामेरा' र डुमान्टले घरघरमा रहने टेलिभिजनको 'रिसिभर' बनाए । टेलिभिजनको जन्म गराउने सपना आविष्कारकले तस्वीरहरू विद्युतीय तरङ्गको माध्यमद्वारा पठाउने क्रममै देखेको हुनु पर्छ । अमेरिकाको समाचार सङ्कलक संस्था एपी (एसोसिएटेड प्रेस) ले १९२० को दशकमा तारको माध्यमद्वारा आफ्ना ग्राहकलाई तस्वीर पठाउने कार्यको परीक्षण थालेको थियो । लामो अभ्यासपछि १९३५ मा मात्र 'एपी वायर फोटो' स्थापना भयो । १८४९ मा न्युयोर्कका छवटा समाचारपत्र मिलेर खोलेको यस संस्थाले लामो अभ्यासपछि मात्र विद्युतीय तारको प्रयोगबाट तस्वीर सम्प्रेषण गर्ने सफलता पायो ।

वास्तवमा अमेरिकामा १९३९ मा आएर मात्र टेलिभिजन सर्वसाधारणका लागि प्राप्य हुने स्थितिमा पुगेको हो । पहिला न्युयोर्कको विश्व मेलामा टेलिभिजन नामको 'जादुको वाकस' अमेरिकीहरूले देखेका हुन् । 'एफ्.सी.सी.'लाई १९४१ मा टेलिभिजन प्रसारणका लागि पहिलोपटक अनुमति प्राप्त भएको हो । तत्कालै सुरु भएको दोस्रो विश्वयुद्धले यसलाई सामान्य रूपमा अघि बढ्न दिएन । विश्वयुद्धताका छवटा केन्द्रले मात्र सञ्चालनको अनुमति पाएका थिए । युद्ध समाप्तिपछि १९४८ बाट भने अमेरिकामा टेलिभिजनको विकासले तीव्रता लियो । यसै वर्ष १७ बाट बढेर टेलिभिजन 'स्टेसन' को सङ्ख्या ४१ पुग्यो । त्यस बेला पूरा अमेरिकामा पाँच लाख टेलिभिजन सेट रहेको अनुमान गरिन्छ । 'टेलिग्राफ' पछिको पहिलो यो चमत्कारिक यन्त्रप्रति एकसाथ विश्वव्यापी आकर्षण बढेर आयो । अमेरिकामा मात्र १९९५ सम्ममा ४ सय ३९ टेलिभिजन 'स्टेसन' खुले भने तीन करोड तीस लाख टेलिभिजन

---

[२२] कपिल काफ्ले, **पत्रकारिता ढट खोज**, (काठमाडौं : नेपाल प्रेस इन्स्टिच्युट, २०६२), पृ. ४६ ।

'सेट' रहेका देखिए। पाँच वर्षपछि पाँच सय ३३ स्टेसन र पाँच करोड पचास लाख 'सेट' रहेको सर्वेक्षणले देखायो। यी दुई आँकडाले यसको आकर्षण २१ प्रतिशतले बढेको प्रमाणित भयो। १९७५ को आँकडा हेर्दा ९७ प्रतिशत अमेरिकी घरमा टेलिभिजन रहेको पाइयो। २००४ मा अमेरिकाका सबै घरमा टेलिभिजन रहेको मात्र होइन, एकै परिवारमा चारभन्दा बढी सङ्ख्यामा टेलिभिजन रहेका परिवारको प्रतिशत ४० रहेको 'अमेरिकी फ्याक्ट बुक' ले जनाएको छ।

१९५१ मा 'सी.बी.एस्.'का इडवार्ड आर मुर्रोले भनेजस्तै 'अब यो सुन' को सट्टा 'अब यो हेर' को दुनियाँमा दर्शकलाई टेलिभिजनले पुऱ्याइसकेको छ। हेर्ने विषयहरू ज्ञानका लागि भन्दा मनोरञ्जनका लागि बढी हुने गरेका छन्। समाचार सुन्न प्रायः एक घण्टा लामो प्रतीक्षा गर्नु पर्छ भने टेलिभिजनमा जतिखेर पनि मनोरञ्जनमुखी कार्यक्रमले नै प्राथमिकता पाइरहेका हुन्छन्। त्यसो त, वैकल्पिक रूपमा 'बी.बी.सी.', 'सी.एन्.एन्.', 'सी.सी.टी.भी.' जस्ता टेलिभिजनका 'च्यानल'हरू पनि छन् जसमा समाचार मात्रै प्रसारण भइरहन्छ। हरेक घण्टामा 'हार्ड' समाचारका अतिरिक्त बीचको समयमा पनि समाचार विश्लेषण, अन्तर्वार्ता, खोज आदि 'सफ्ट' समाचारमै पूरा कार्यक्रम घुमिरहेको पाइन्छ। अमेरिकामा टेलिभिजनको प्रारम्भसागै प्रत्यक्ष प्रसारणमा जोड दिएको पनि पाइन्छ। अमेरिकीहरूले १९५२ मा भएको आणविक विस्फोटनको प्रभाव प्रत्यक्ष देखे, राजनीतिक सम्मेलन प्रत्यक्ष हेर्न पाए र खेलका रोमाञ्चक प्रतियोगिताको प्रत्यक्ष स्वाद लिन सके।[२३] १९५३ मै छ करोड अमेरिकी दर्शकले राष्ट्रपति आइजन हावरद्वारा सम्पन्न उद्‌घाटन समारोह हेरेका थिए। समयको अन्तरालमा यस्ता कार्यक्रममा दर्शकहरू बढ्दै आएको पाइन्छ।

प्रत्यक्ष प्रसारण गर्नसक्ने विशेषताले नै टेलिभिजनलाई सबैले सम्झेका हुन्। अमेरिकामा राष्ट्रपतिका लागि हुने निर्वाचनमा प्रत्याशीबीच जो बहस हुन्छ, त्यसको प्रत्यक्ष प्रसारण हेर्ने दर्शकको सङ्ख्या उच्च छ। नेपालमा वि. सं. २०६२-६३ को ऐतिहासिक जनआन्दोलनबाट पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकको प्रत्यक्ष प्रसारणको दृश्य हेर्ने नेपालीको सङ्ख्या सर्वाधिक रहेको आँकलन गरिन्छ। राजनीतिक नेताका कार्यक्रममा मात्र त्यो आकर्षण हुने होइन। तेक्वान्दो खेलाडी सङ्गीना वैद्यले सन् २००४ को एथेन्समा पदक ल्याउँछिन् कि भनेर आश गरेर बसेका नेपालीले उत्तिकै सावधानीका साथ टेलिभिजनको पर्दामा टाँसिएर प्रतिस्पर्धा हेरे। 'लाइभ' भन्नासाथ कम महत्त्वको विषयमा पनि विशेष

[२३] ऐजन, पृ. ५४।

आकर्षण हुन्छ नै किनभने कम महत्त्वको कार्यक्रम टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्दैन भन्ने विश्वास दर्शकमा रहेको पाइन्छ। जति जोखिमपूर्ण र महत्त्वको घटना प्रत्यक्ष प्रसारण गरिन्छ त्यति नै टेलिभिजनको प्रसिद्धि बढेर आउँछ। आजको चर्चित अमेरिकी टेलिभिजन 'सीएनएन' सन् १९९१ मा कुवेतमाथि इराकले गरेको आक्रमण र त्यसको उद्धारका लागि अमेरिकाले गरेको प्रयास प्रत्यक्ष प्रसारण गरेकै कारण प्रकाशमा आएको सन्दर्भ सबै दर्शकको स्मृतिमा ताजै हुनुपर्छ।

टेलिभिजन आजको विश्व समाजमा एक संस्कृति बनेको छ। नियमित प्रसारण हुने टेलिशृङ्खला, कथानक चलचित्र, सङ्गीत वा खेलकुदजस्ता कार्यक्रमले दर्शकलाई नयाँ संस्कार र प्रयोग सिकाइरहेको हुन्छ। यो सिक्ने भोक विस्तारै बानीमा परिणत हुने र पछि यो संस्कृति बन्न पुग्ने स्थिति छ। पहिला एउटा चलचित्र हेर्न समय मिलाएर चलचित्र भवनमै जानु पर्ने जुन अवस्था थियो, इसाको बीसौँ शताब्दीको अन्तिम दशकमा आइपुग्दा नेपालका शहरमा पनि चलचित्र घर बन्ने लहर चल्दै थियो भने अर्को दशकमा दर्शकको अभावमा हलमा ताला ठोक्ने लहर सुरु भयो।[२४] यो क्रम नयाँ शताब्दीको सुरुसँगै सर्वत्र अझ बढेको देखिएको छ।

विश्वमा दोस्रो विश्वयुद्धपछि प्रभावमा आएको टेलिभिजनले सुरुमा संस्कृति मात्र होइन आवास क्षेत्रको वास्तुकला पनि बदलिदियो। अमेरिकामा सन् १९४८ पछि घरघरमा टुप्पी निक्लन थाले। 'एन्टेना' नामका यी टुप्पीहरू छानामा मात्र होइन, शयनकक्षका बार्दली र कोठाकै कुनै कुनामा पनि जडान गरिएका हुन्थे। सात इन्चबाट सुरु भएको टेलिभिजनको पर्दामाथिको टुप्पी २४ इन्चसम्म तन्किएको थियो। कोठाको निर्माण गर्दा टेलिभिजनका लागि ठाउँ बनाउने र 'वायरिङ्ग' मा पनि त्यसका लागि 'प्वाइन्ट' मिलाउने कार्यले वास्तुकलामा समेत टेलिभिजन संस्कृतिको प्रभाव देखियो। यसले घर र कोठाको वास्तु मात्र परिवर्तन गरेन, कोठामा बस्ने व्यक्तिको कार्यतालिकामा पनि परिवर्तन ल्यायो। पुराना बानी छुट्दै गए भने नयाँ बानी बस्दै गए। बेलुका बत्ती बालेर लेख्न थाल्ने लेखक, गृहकार्य गर्ने विद्यार्थी, धन्दा गर्ने गृहिणी सबै पलेँटी मारेर वा सोफामा खुट्टा हल्लाएर टेलिभिजनका अगाडि मोर्चा कस्न थाले। भोजनको समयसमेत टेलिभिजनका कार्यक्रमले निर्धारण गर्ने अवस्था आयो। साथीलाई भेट्दा सन्चै छ, दिन राम्रो छ, चिया खानुभो, राति राम्ररी सुत्नु भो आदि भन्नेहरू दोस्रो विश्वयुद्ध सकिएको केही वर्षपछि नै हिजोको शृङ्खला हेऱ्या हो

[२४] ऐजन, पृ. १२५।

भन्न थाले।[२५] शयनकक्षसम्मै आइपुगेको आमसञ्चारको यस श्रव्यदृश्यको माध्यमले मानिसहरूमा अपूर्व प्रभाव पारेका पाइन्छ।

सन् २००४ मा विश्वले टेलिभिजन आगमनको ७५ वर्ष पुगेको उपलक्ष्यमा हीरक वार्षिकोत्सव मनाइसकेको छ। सन् १९४० को दशकबाट अमेरिकीका लागि टेलिभिजन उपलब्ध हुँदै आएको हो। त्यसो त टेलिभिजनको इतिहास १८९० देखि नै सुरु हुन्छ। 'टेलिभिजन फ्याक्ट बुक' ले यसको डिजाइन, विकास र बजारको प्रवर्द्धनका सम्बन्धमा पनि जानकारी दिएको छ।[२६] विश्वमा टेलिभिजनको जन्म हुनुअघिको २५ वर्षलाई गर्भाधान समयमावधि मानेर यससम्बन्धी जानकारीलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :

| | |
|---|---|
| सन् १८८० देखि १८९९ | टेलिभिजनको परिकल्पना र प्रारूपबारे सोच |
| सन् १९०० | 'टेलिभिजन' शब्दको प्रथमपटक प्रयोग |
| सन् १९०० देखि १९२७ | 'मेकानिकल स्क्यानिङ डिस्क' प्रणालीको परीक्षण |
| सन् १९२८ देखि १९३४ | 'मेकानिकल' टेलिभिजन सेटको सार्वजनिक बिक्री। अमेरिकामा बयालीसवटा उत्पादक कम्पनी, तर व्यवसायिक प्रयोजनका लागि अनुपयुक्त। दृश्यको गुणस्तर कमजोर, विद्युत्जन्य टेलिभिजनको सङ्केत |
| सन् १९२६ देखि १९३५ | वर्तमान अवस्थाको टेलिभिजन प्रणालीको प्रारूप 'अल इलेक्ट्रोनिक क्याथोड रे टेलिभिजन' को परीक्षण |
| सन् १९३५ देखि १९४१ | जर्मनीमा इलेक्ट्रोनिक टेलिभिजनको परीक्षण प्रसारण शुभारम्भपछि सोही प्रविधि बेलायत, इटली, फ्रान्स, अमेरिका र हल्यान्ड आदि मुलुकमा क्रमशः विस्तारित। |
| सन् १९४० को दशकको सुरुमा | रङ्गीन टेलिभिजनको कार्यारम्भ/'सीबीएस मेकानिकल कलर टेलिभिजन' |
| जुलाई १ तारिख १९४१ | अमेरिकामा श्याम/श्वेत टेलिभिजनको व्यवसायिक सेवा प्रारम्भ |

[२५] ऐजन, पृ. १२८।

[२६] ऐजन, पृ. १३१।

| | |
|---|---|
| १९४२ देखि १९४५ | विश्वयुद्धका कारण टेलिभिजन प्रसारण कार्यक्रम स्थगित/अधिकांश रेडियो स्टेसन पनि बन्द । |
| १९४६ को अन्ततिर | अमेरिकामा आरसीए ६३०-टीएस मोडलका सात हजार टेलिभिजन सेट |
| जुन २५, १९५१ | पहिलो रङ्गीन मेकानिकल टेलिभिजन बजारमा आयो । त्यसको मूल्य अमेरिकी डलर ४९९.९५ राखिएको थियो |
| अक्टोबर २०, १९५१ | 'सीबीएस' रङ्गीन टेलिभिजन प्रसारण सधैका लागि बन्द । |
| मे १९५४ | पहिलो अल इलेक्ट्रोनिक कलर टेलिभिजन सेट एक हजार डलरमा बिक्री । |
| १९८७ | जापानद्वारा 'एनालग हाइ डेफिनिसन' टेलिभिजन प्रणालीको प्रदर्शन । |
| १९९० | 'डिजिटल हाइ डेफिनिसन सिस्टम' को घोषणा । |
| १९९५ | अमेरिकी संसद्ले टेलिभिजनसम्बन्धी नयाँ ऐन पास गऱ्यो । 'टेलिकम्युनिकेसन एक्ट १९९५' नाम दिइएको यस ऐनले १९३४ को कानुन प्रतिस्थापन गऱ्यो । |
| १९९० को दशकको अन्त्यमा | इन्टरनेटको आगमन, 'वर्ल्डवाइड वेब' ले दृश्य सम्प्रेषण गर्न थाल्यो, जो एक्काइसौँ सदीको नयाँ आकर्षण बनेको छ । |

## ३.५ नेपाल टेलिभिजनको स्थापना र भाषाप्रयोग

नेपालमा वि. सं. २०४२ साल पुस १४ गतेदेखि नियमित टेलिभिजन प्रसारण सुरु भएको हो । अमेरिकामा सर्वसाधारणको पहुँचमा टेलिभिजन पुगेको पचास वर्षपछि नेपालीले आफ्नो मुलुकको टेलिभिजन हेर्न पाएको देखिन्छ । यसरी हेर्दा रेडियोभन्दा पनि टेलिभिजनको यात्रा ढिलो गतिमा भएको प्रस्ट हुन्छ । 'रेडियो स्टेसन'हरू छरछिमेकका मुलुकमा खुलेर पुरानो भइसक्दा पनि हामीकहाँ सुरसार नै नभएको जो अवस्था थियो, त्यो स्थिति भने टेलिभिजनमा देखिँदैन । छिमेकी भारतमा पनि २०३९ सालमा मात्र रङ्गीन टेलिभिजन सुरु भएको हो ।

२०४१ साल माघ १७ गते टेलिभिजन प्रसारण परियोजनाको गठन भयो र त्यसको एक वर्षभित्रै उत्पादन जनसमक्ष ल्याइयो। 'भीएचएफ' (भेरी हाइ फ्रिक्वेन्सी) का उपकरणहरू प्रयोग गरेर 'यूएचएफ' (अल्ट्रा हाइ फ्रिक्वेन्सी) 'ब्यान्ड' मा नेपाल टेलिभिजनको परीक्षण प्रसारण सुरु गरिएको थियो। २०४१-०४२ मा राजधानी काठमाडौँमा छिमेकी भारतबाट प्रसारित दूरदर्शन टेलिभिजन हेर्ने लहर विस्तारै सुरु भएको थियो, 'भिडियो' हेर्ने र दूरदर्शन जोड्ने उद्देश्यले खरिद गरिएका टीभी सेटको सङ्ख्या करिब चार सय थियो। परीक्षण प्रसारणताका नेपाल टेलिभिजनले दैनिक ३० मिनेट कार्यक्रम प्रसारण गर्न थालेपछि नै काठमाडौँका घरमा 'एन्टेना' थपिएका प्रस्ट देखिए। नेपाल टेलिभिजनले छोटो समयमा नै गति समातेको थियो। सरकारी स्वामित्वमा सुरु भएको नेपाल टेलिभिजन जहिले पनि सत्ताको घेराभन्दा बाहिर जान नसकेकाले आलोचित बन्नु परेको छ। तथापि यसले नेपाली भाषामा समाचार, शैक्षिक, धार्मिक, सांस्कृतिक संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरी प्रसारण गरिरहेको छ।

स्थापनको प्रारम्भमा नै निर्धारित नीतिमा 'सरकारबाट प्राप्त निर्देशनको अधीनमा रही संस्थाको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने' भनिएकाले सरकारमा जो पुग्छ उसकै मुखध्वनिका रूपमा यसले काम गरिरहेको पाइन्छ। सोही नीतिमा उसलाई आर्थिक आत्मनिर्भरता हासिल गर्न बजारको माग हेरी कार्यक्रम निर्माण र प्रसारण गर्न पनि तोकिदिएकाले पञ्चायतकालीन अवस्थाभन्दा पछिल्ला दिनमा केही खुकुलो हुन पुगे पनि २०६१ माघ १९ को शाही कदमपछि भने त्यो खुकुलोपनमा पनि अङ्कुश लागेको थियो। २०६२/६३ को ऐतिहासिक जनआन्दोलनले प्रसारणमा खुला र सहज स्थितिको सिर्जना गरेको छ।

परीक्षणकालपछि सुरुमा दिनको दुई घण्टाबाट प्रसारणयात्रा प्रारम्भ गरेको नेपाल टेलिभिजन अहिले बिहान ५ देखि राति ११ बजेसम्म दैनिक १८ घण्टा प्रसारण हुने गर्दछ। आज नेपाल टेलिभिजनको प्रभाव जम्मा जनसङ्ख्याको ६२ प्रतिशत र भू-क्षेत्रका आधारमा ४१ प्रतिशत रहेको व्यवस्थापनको दाबी छ। २०५८ साल असार २० गतेबाट नेपाल टेलिभिजन भू-उपग्रहमा गएपछि नै यसको प्रभावमा परिवर्तन आएको हो। भू-उपग्रहको माध्यमद्वारा प्रसारण हुन थालेपछि मुलुकको सबै क्षेत्रबाट नेपाल टेलिभिजन हेर्न सकिन्छ।

नेपाल टेलिभिजनले प्रयोगमा ल्याएको भू-उपग्रह इन्टेलस्याट हो जसमा भू-उपग्रहबाट प्रेषित सङ्केत प्राप्त गर्न ठूलो छाते एन्टेनाको आवश्यकता पर्दछ। त्यसैले नेपाल टेलिभिजन भू-उपग्रहमा गयो भनेर सन्तोष मान्न मिल्ने अवस्था छैन। नेपाल टेलिभिजन आफ्नै खर्चले देशको विभिन्न भाग (जहाँ बाक्लो बस्ती छ) मा छाते एन्टेनाहरू राख्ने क्रममा रहेको र निःशुल्क ग्राहकको घरघरमा आफ्नो प्रसारण पुऱ्याउने प्रयासमा जुटेको व्यवस्थापन पक्षले जनाएको पाइन्छ। भू-उपग्रहका अतिरिक्त नेपाल टेलिभिजनको पुरानो 'टेरेस्टियल रिले स्टेसन' प्रविधि पनि कायमै छ। यसले नेपाल टेलिभिजनलाई दर्शकसम्म पुग्ने वैकल्पिक बाटो प्रदान गरेको छ। भू-उपग्रहको प्रयोगपछि रिले स्टेसनले प्राप्त गर्ने सङ्केतमा गुणस्तरीय सुधार आएको, काठमाडौँका दर्शकले हेर्न पाउने गुणस्तरमै पश्चिम दिपायलका दर्शकले पनि नेपाल टेलिभिजन हेर्न पाइ रहेको दाबी व्यवस्थापनको छ। यस विस्तारित पहुँचका लागि नेपाल टेलिभिजनले नेपाल टेलिकमको 'अर्थ स्टेसन' प्रयोग गर्दै आएको छ। काठमाडौँको बलम्बुस्थित सगरमाथा 'अर्थ स्टेसन'मार्फत् नेपाल टेलिभिजनको स्टुडियोबाट प्रसारित सङ्केत भू-उपग्रहमा ठोक्किएर ग्राहकको टेलिभिजन 'सेट' सम्म पुग्ने गर्दछ।

भू-उपग्रहको वर्तमान प्रविधिबाट नेपाल टेलिभिजन नेपालका हरेक क्षेत्रमा मात्र होइन विभिन्न मुलुकमा पनि हेर्न सकिन्छ। नेपाल टेलिभिजनले बाहिर आफ्नो पहुँच कायम गर्न भू-उपग्रहको सोच बनाएकै बेला स्थानीय रूपमा सो प्रभाव गहिरो पार्ने प्रयास पनि थालेको देखिन्छ। काठमाडौँ उपत्यकाका दर्शकका लागि 'एनटीभी मेट्रो' पनि सुरु गरेको छ। २०६० असोज १० गतेबाट सुरु भएको 'एनटीभी मेट्रो' को सङ्केत ७२ मिटर उचाइको ५ 'किलोवाट' को 'टावर' का माध्यमले उपत्यकाभित्र फिँजिएको छ।

नेपाल टेलिभिजनको 'डीएसएनजी' (डिजिटल स्याटेलाइट न्युज ग्यादरिङ) सेवा पनि सुरु भएको छ। शान्तिदूत गौतम बुद्धको जन्मस्थल कपिलवस्तुको लुम्बिनीमा २०६१ को मङ्सिर १५-१७ गते भएको दोस्रो अन्तर्राष्ट्रिय बौद्ध शिखर सम्मेलनको प्रत्यक्ष प्रसारण कार्यक्रम प्रस्तुत गर्दै नेपाल टेलिभिजनले जनाएअनुसार अब नेपाल अधिराज्य वा छरछिमेकको जहाँसुकैबाट पनि उसले प्रत्यक्ष प्रसारण गर्नसक्छ। २०६२-६३ को ऐतिहासिक जनआन्दोलनको बलबाट प्रतिनिधिसभाको पुनर्स्थापना र लोकतान्त्रिक सरकारको गठन भएपछि विभिन्न टेलिभिजन 'च्यानल' को दर्ता र अनुमतिप्रक्रिया खुला गरिएकाले अरू

'च्यानल' पनि थपिने क्रम जारी छ। यसले पनि नेपाली भाषाको विस्तार र विकासमा अवश्य प्रभाव पार्नेछ।

भाषिक सञ्चारको एउटा प्रभावकारी माध्यमका रूपमा टेलिभिजन (रूपबाहिनी) लाई लिन सकिन्छ। यसले प्रसारणको मुख्य माध्यम राष्ट्रभाषा नेपाली नै बनाएको छ। यद्यपि नेपालका अन्य राष्ट्रिय भाषामा पनि छोटो समयका विभिन्न कार्यक्रम प्रसारण गर्ने गरिएको छ। नेपाल टेलिभिजनको प्रसारण अधिराज्यका खासगरी सहरी क्षेत्र र केही विद्युतीय सुविधासम्पन्न र प्रसारण संयन्त्र पुऱ्याइएका ग्रामीणबस्तीमा मात्र सेवा पुगेको देखिन्छ। भू-उपग्रहका माध्यमद्वारा नेपालका प्रत्येक कुनामा प्रसारण पुऱ्याउने लक्ष्य राज्यको भए तापनि त्यहाँसम्म पुग्न धेरै पूर्वाधारको आवश्यकता छ। नेपालका प्रत्येक कुनामा यो सेवा पुऱ्याउन सकेमा नेपाली भाषाको प्रभावकारिता अरू बढ्नेछ। नेपाल अधिराज्यमा नेपाल टेलिभिजनका अतिरिक्त निजी तहका विभिन्न टेलिभिजन 'च्यानल' पनि सरकारले अनुमति दिएर सञ्चालनमा रहेका छन्। लोकतन्त्रको स्थापनापछि नेटवर्क 'च्यानल'हरू झन् बढिरहेका छन्। विभिन्न 'केबुल नेटवर्क' ले नेपाली भाषामा निर्माण भएका कार्यक्रमको आफै उत्पादन र प्रसारणसमेत गर्ने गरेका छन्।

## ३.६ नेपाली भाषामा चलचित्र

सामान्यतया रेडियोभन्दा चलचित्र जेठो मानिन्छ। सन् १८९० मा मार्कोनीले आफ्नो क्षमता देखाउनु भन्दा एकै वर्षअघि थोमस ए एडिसनले 'कोडयाक फिल्म' प्रयोग गरेर 'काइनेटेस्कोप' मा चलचित्र देखाएका थिए। १९०३ मा विश्वको पहिलो चलचित्र 'द ग्रेट ट्रेन रवरी' प्रदर्शन गरिएको थियो। चलचित्रकलामा पहिलो कोसेढुङ्गाका रूपमा भने 'द बर्थ अफ अ नेसन' लाई मानियो। डेभिड वाक ग्रिफितको यस चलचित्रको निर्माण १९१४-१५ मा भएको थियो तर प्रारम्भिक कालमा चलचित्रमा आवाज भने थिएन।

पहिलो आवाजयुक्त चलचित्र सन् १९२६ मा मात्र तयार भएको हो। वारेन ब्रदर्सले टेलिफोन र रेडियो प्रविधिको प्रयोग गरेर त्यसमा आवाज थपे। 'डन जुआन' नामको चलचित्रमा चित्रअनुसार आवाज दिएर आधुनिक चलचित्रको अध्याय प्रारम्भ गरियो। त्यस प्रारम्भलाई एकै वर्षपछि द ज्याज सिङ्गरले संवादयुक्त चलचित्रको पहिलो नम्बरमा नाम लेखाएर अगाडि बढाए। यस्तै श्याम-श्वेतको दुनियाँबाट रङ्गीन संसारमा प्रवेश गर्न १९३५

मा तीन 'कलर' को चलचित्र बनाएर झन्डै पूरा गरियो । आज जुन ठूलो पर्दामा चलचित्र हेर्न सकिएको छ त्यसको प्रविधि १९५२ मा मात्र आएको हो । सुरुका चलचित्रमा आवाजका लागि छुट्टै 'ट्र्याक' को व्यवस्था हुन्थ्यो भने १९५३ बाट चुम्बकीय आवाज प्रविधिको सुरुआत भयो भने आवाज र चित्रमा समन्वय नहुने सम्भावना हटेर गयो । परिणामतः चलचित्रले व्यवसायिक रूप ग्रहण गऱ्यो, कथानक चलचित्रका लागि क्रमशः उद्योगहरू खुल्न थाले, चलचित्र भवनहरू बन्न लागे र वितरणका लागि 'एजेन्सी' खडा भए । विश्वयुद्धपश्चात् विकासमा अघि बढेको टेलिभिजनका साथ एकआपसमा प्रविधिहरू साटासाट गर्दै, सिक्दै र समन्वय कायम गर्दै चलचित्र उद्योग अघि बढ्न थाल्यो । आज विश्वमा चलचित्र उद्योग र टेलिभिजन एकआपसको सफलताबाट लाभान्वित भइरहेका छन् ।

नेपालमा वि. सं. २०२२ सालमा कथानक चलचित्र 'आमा' को पहिलो प्रदर्शन भएको हो । त्यसपछि क्रमशः नेपाली भाषामा बनेका अन्य चलचित्रको पनि प्रदर्शन प्रारम्भ भएको हो । ठूलो पर्दामा देखाइने थुप्रै चलचित्र बनेका छन् र देशविदेशमा प्रसारणसमेत भइरहेका छन् । हाल आएर नेपाल टेलिभिजन, च्यानल नेपाललगायत निजी क्षेत्रका 'च्यानल' बाट समेत सयौँ 'टेली' चलचित्र प्रदर्शन भइरहेका छन् । नेपाली भाषामा चलचित्र बनाई प्रदर्शन गर्ने व्यवसायिक निर्माता पनि प्रशस्त भएका छन् । नेपाली भाषामा निर्माण भएका चलचित्रको प्रदर्शनले नेपालभित्र बाहुल्य कायम गरिरहेको हिन्दी चलचित्रलाई न्यूनीकरण गर्नमा केही सफलता मिलेको छ । नेपाली भाषाका चलचित्रकर्मी र कलाकार गीत, सङ्गीत र अभिनयमा चर्चित भएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चा हुन थालेको छ । नेपालको मौलिक कला र संस्कृतिले सजाइएका, नेपाली लोकगीतका सुरिला भाका घन्किएका ग्रामीण नेपाली परिवेशमा कथिएका चोखो मायाप्रीतिको कथानक भएका चलचित्र नेपाली भाषामा सुन्न र हेर्न पाइन्छ ।

## ३.७ विद्युतीय सञ्चारमाध्यममा नयाँ प्रयोग

विद्युतीय सञ्चारमाध्यमको विकास हुने क्रममा भू-उपग्रहको माध्यमबाट भाषिक सञ्चार हुन थालेको छ । 'वेबसाइट' को निर्माणबाट भाषिक सञ्चार झनै छिटो हुने गरेको छ । त्यस्तै विद्युतीय सञ्चारमाध्यमकै रूपमा विकास भएका 'अनलाइन', 'मोबाइल फोन', 'इमेल' आदिबाट पनि नेपाली भाषाको प्रयोग हुँदै आएको छ । पत्रकारिता शब्दको उत्पत्तिमा दैनिक अभिलेख भन्ने जुन अर्थ हो त्यसको पूर्णचरित्र बहन गर्ने सञ्चारमाध्यमको पछिल्लो

सन्तानका रूपमा अनलाइन पत्रकारिता आएको छ। अनलाइन, पत्रकारिता कम्प्युटर, विद्युत् र फोनका माध्यमद्वारा गरिने सञ्चार र तत्काल विश्वव्यापी हुनसक्ने भएकाले यसले आफ्ना अग्रज छापा, रेडियो, टेलिभिजन सबैलाई उछिनेको छ। मोबाइल टेलिफोनको पर्दामा अखबारमा जस्तै अक्षर आउन थालेपछि र चित्र देखिन थालेपछि यसको महत्त्व झनै बढेको छ।

## ३.८ इमेल-इन्टरनेटमा नेपाली भाषा

नेपालमा सूचनाप्रविधिको प्रवेश सँगसँगै नेपाली भाषाको विस्तार र विकासमा पनि प्रभाव परेको देखिन्छ। वि.सं. २०१८ सालमा नेपालमा पहिलो पटक कम्प्युटर भित्रिएको र यसलाई जनगणनाको तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएको पाइन्छ। त्यस्तै गरी ‘मर्कन्टाइल कम्युनिकेसन प्रा.लि.’ काठमाडौँले सन् १९९८ मा अनलाइन सेवा सुरु गरेको देखिन्छ। वि.सं. २०४६ सालमा अग्रज पत्रकार भारतदत्त कोइरालाद्वारा ‘इलेक्ट्रोनिक्स मेलबक्स’ नामबाट पहिलो पटक नेपालमा इमेलको प्रयोग गरिएको पाइन्छ भने वि.सं २०५१ देखि त मर्कन्टाइल कम्युनिकेसनले व्यावसायिक रूपमा नै इमेल सेवा सुरु गरेको पाइन्छ।

यसै क्रममा नेपाल बाहिरबाट नेपाल र नेपालीसँग सम्बन्धित पहिलो इ. पत्रिका **द नेपाल डाइजेस्ट** (वि.सं. २०४८) को प्रारम्भ भएको पाइन्छ। विदेशमा (मुख्यतः अमेरिकामा) रहेका नेपालीलाई नेपालमा भइरहेका विभिन्न गतिविधिको जानकारी गराउने उद्देश्यले उक्त पत्रिका सुरु गरिएको थियो। यसका संस्थापक तथा सम्पादक राजपाल सिंहले झण्डै २० महिनापछिको सम्पादकीयमा लेखेका थिए - “हामी नेपालीमा उमेर, वर्ग, जात, धर्म र पार्टीगत साँघुरा धरोहरबाट मुक्त हुँदै एउटै धरातलमा उभिएर व्यावहारिक सोच/विचार साटासाट गर्ने र ज्ञान हासिल गर्ने साहस रहेको देखेर म पुलकित छु”।[२७] नियमित-अनियमित ४४९ औं अङ्कपछि यो पत्रिका बन्द भएको थियो। झण्डै दुई वर्षको विश्रामपछि यो पत्रिका फेरि जुर्मुराएको छ। अहिले यसको सञ्चालन अमेरिकास्थित ‘द नेपाल डाइजेस्ट फाउन्डेसन’ मार्फत भइरहेको छ। ३१ जनवरी २००३ मा नयाँ संस्करणको पहिलो अङ्क प्रकाशित भएको थियो तर यो र यसपछिका अङ्क पहिलेझैं इमेलमार्फत वितरण गरिएको छैन, यसको सूची हेर्न ‘इन्टरनेट’ मा जानु जरुरी छ। पहिले यसका सदस्यलाई पूरै ‘टेक्स्ट’

[२७] ऐजन, पृ. १४२।

इमेलमा पठाइन्थ्यो । अरू हेर्न र पढ्न चाहनेले 'वेबसाइट' मा गएर पनि हेर्न सक्थे । अहिले भने 'इमेल' बाट सामग्रीसूची र लिङ्क सदस्यलाई पठाइन्छ । अमेरिकालगायतका कतिपय बाहिरी मुलुकमा यसो गर्न सजिलो भए पनि नेपालमा अझै पनि विभिन्न कठिनाइ छन् ।[२८] नेपालमा 'इमेल' को तुलनामा 'इन्टरनेट' महङ्गो भएकाले यसको द्रुत विकास हुन सकेको छैन ।

इन्टरनेटमा नेपाली मिडियाको कुरा गर्दा, **काठमाण्डू पोस्ट**को चर्चा आउँछ । १ सेप्टेम्बर १९९५ (१६ भदौ २०५२) देखि इन्टरनेटमा राख्न थालिएको यो पत्रिका दक्षिण एसियामा नै इन्टरनेटमा उपलब्ध पहिलो समाचारपत्र बन्ने सौभाग्य पाएको थियो। त्यसबखत नेपालमा इन्टरनेटको प्रयोग सुरु भइसकेको थियो । केही समयपछि मर्कन्टायलले 'काठमाण्डू पोस्ट' लाई आफ्नो 'पोर्टल' 'साउथ-एसिया डट कम' मा सार्‍यो । आफ्नो 'वेबसाइट' लाई नेपालकै एउटा 'पोर्टल' का रूपमा विकास गर्ने लक्ष्य लिएको मर्कन्टायलको प्रयासमा अरू धेरै पत्रिका 'इन्टरनेट' मा उपलब्ध हुन थाले । सन् १९९७ मा आफ्नै 'इन्टरनेट' ठेगाना लिएर 'हिमाल साउथ एसिया' ले यो क्षेत्रमा अग्रता लिएको थियो। हिमाल मेडियाले आफ्नो नयाँ 'वेबसाइट' 'हिमाल खबर डट कम' २०६२ माघ १९ गतेदेखि सञ्चालन गरेको छ। 'वेबसाइट' मा दैनिक समाचार र विश्लेषण प्रकाशन-प्रसारण गर्ने गरिएको छ। 'कान्तिपुर पब्लिकेसन्स'ले 'इ-कान्तिपुर डट कम' मा आफ्ना सबै प्रकाशनलाई समेटेको छ। अहिले यो वेबसाइट प्रकाश गृहको 'न्युज-ब्रेक' गर्ने माध्यम बनेको छ।

पछिल्ला दिनमा आएर प्रायः ठूला सञ्चारगृहका आफ्नै 'वेबसाइट' छन्। 'गोरखापत्र संस्थान'का सबै प्रकाशन 'गोरखापत्र डट अर्ग डट एनपी' मा उपलब्ध छन् भने 'नेपाल समाचारपत्र'को प्रकाशक कामना प्रकाशनले आफ्नो इन्टरनेटमा उपस्थिति 'न्युज अफ नेपाल डट कम' मार्फत् गरेको छ त्यस्तै राजधानी दैनिकको 'राजधानी डट कम डट एनपी' र **हिमालयन टाइम्स**को 'वेबसाइट' 'दि हिमालयन टाइम्स डट कम' रहेको छ। त्यसबाहेक, 'नेपाल न्युज डट कम' मा नेपालबाट प्रकाशित हुने विभिन्न दैनिक, साप्ताहिक, मासिक, पाक्षिकका सामग्री नियमित उपलब्ध हुन्छन्। छापासँगै यसमा 'इलेक्ट्रोनिक मिडिया' का सामग्री पनि राखिएका छन्। 'बी.बी.सी.' नेपाली सेवाको कार्यक्रम, रेडियो नेपालको

[२८] गौरवराज उपाध्याय, **मिढिया उत्पादन र अन्तर्वस्तु**, (काठमाडौं : मार्टिन चौतारी, २०६२), पृ. ११३ ।

समाचार तथा नेपाल टेलिभिजनको समाचारको इन्टरनेट प्रसारण यसबाट हुनाले नेपालसम्बन्धी समाचारका लागि यो साइट प्रमुख बनेको छ ।

प्रकाशनको स्वरूप हेर्दा 'नेपाल न्युज' ले पूर्णः समाचारसामग्रीको उत्पादन तथा प्रकाशनमा जोड दिएको पाइन्छ । १९ जेठ २०५८ मा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्यलगायत परिवारका अन्य सदस्यको नारायणहिटीमा भएको हत्यासम्बन्धी समाचारको 'ब्रेक' 'नेपाल न्युज' ले गरेको थियो ।[२९] घटनाबारे अरू समाचार भने आधिकारिक जानकारी नआएसम्म 'नेपाल न्युज' मा पनि आएन । १९ जेठको हत्याकाण्डबारे अधिराजकुमारी शान्तिको देहान्त शीर्षकमा 'नेपाल न्युज' मा सोही दिन प्रकाशित समाचार चर्चित हुन पुगेको थियो । समाचारमा भनिएको थियो- 'राजा वीरेन्द्रकी ठूली दिदी अधिराजकुमारी शान्ति राज्यलक्ष्मीदेवी सिंहको राजदरबारमा भएको गोलीकाण्डमा मृत्यु भएको सैनिक अस्पताल, छाउनीका सातले पुष्टि गरेका छन् । राजपरिवारका अन्य सदस्यको पनि सो घटनामा मृत्यु भएको अपुष्ट समाचार छ । यसबारे अरू विवरण उपलब्ध छैन ।'[३०]

सुरुमा विदेशमा बढी हेरिए पनि पछिल्ला दिनहरूमा नेपालभित्र पनि 'नेपाल न्युज' हेर्ने पाठक भएको मर्कन्टायलका प्रमुख सन्जीव राजभण्डारी बताउँछन् । हाल आएर समाचार हेर्न मात्र नभइ नेपालसम्बन्धी अनुसन्धान गर्नेहरूका लागि पनि यो उपयोगी हुन थालेको छ । मुख्यतः घटनाक्रमको विकासका लागि यसको प्रयोग हुन्छ । स्थानीय रूपमा प्रकाशित सामग्रीहरू 'इन्टरनेट' मा राख्ने काम 'वेब नेपाल डट कम'जस्ता 'साइट'ले पनि गरेका छन् । अन्तर्राष्ट्रिय रूपमा नेपालसम्बन्धी जानकारीका लागि सर्वाधिक प्रयोग हुने नेपाल 'होमपेज' लाई 'बी.बी.सी.'जस्ता संस्थाका 'वेबसाइट'हरूबाट सम्पर्क गरिएका छन् र यसको मुख्य आकर्षण नै यसमा निष्पक्ष रूपमा उपलब्ध अन्य प्रकाशनगृहको सूचना र 'लिङ्क' हो । 'इन्टरनेट' मा छरिएर रहेका नेपालसम्बन्धी सूचनासङ्कलन गरेर जुटाइएको यो 'साइट' समाचारमूलक नभई नेपालसम्बन्धी 'अनलाइन' पुस्तकालय हो । राजधानीबाहिर बुटवलबाट प्रकाशित **जनसङ्घर्ष दैनिक** पहिलो 'वेबसाइट'मा जाने पत्रिका मानिन्छ । अहिले भने मोफसलका विभिन्न जिल्लाबाट प्रकाशित अन्य पत्रिका पनि 'वेबसाइट'मा राख्न थालिएको छ । संस्थागत रूपमा सञ्चारगृहको विकाससागै आन्तरिक क्षमतामा वृद्धिको

---

[२९] ऐजन, पृ. ११४ ।

[३०] ऐजन, पृ.११५ ।

प्रयास भएको देखिन्छ र सूचनाप्रविधिको क्षेत्रलाई पनि प्राथमिक कोटिमा राख्न थालिएको छ ।

## ३.९ निष्कर्ष

भाषाको विकासक्रमसँगै सञ्चारमाध्यमको विकास पनि भएको पाइन्छ । यस क्रममा रेडियो, टेलिभिजन, इमेल-इन्टरनेट र अनलाइनजस्ता विद्युतीय सञ्चारमाध्यमको विकास हुँदै आएको देखिन्छ । नेपालमा वि. सं. १९७१ बाट टेलिफोनसंवाद सुरु भई २००६ सालमा आकाशवाणी, २०३९ देखि भू-उपग्रहमार्फत् विश्वभर टेलिफोन तथा टेलेक्स सम्पर्क हुँदै आएको पाइन्छ । वि. सं. २००३ मङ्सिर १४ गते काठमाडौँ बिजुली अड्डाबाट रेडियोको पहिलो आवाज प्रसारण भएको पाइन्छ । त्यसपछि २००७ साल चैत २० गतेदेखि रेडियो नेपालको औपचारिक प्रसारण आरम्भ भएको देखिन्छ ।

यसै क्रममा २०४२ साल पुस १४ गतेबाट नेपाल टेलिभिजनको प्रसारण सुरु भएयता अन्य प्रसारण सेवाको पनि विस्तार र विकास हुँदै आएको पाइन्छ । नेपाली भाषामै चलचित्रको प्रदर्शनले पनि नेपाली भाषाको विकासमा योगदान पुऱ्याएको देखिन्छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् क्रमशः खुलेका एफ्. एम्. रेडियोहरू, टेलिभिजन च्यानलहरू, अनलाइन सेवा, मोबाइल फोन र इमेल-इन्टरनेट जस्ता विद्युतीय सञ्चारका माध्यमहरूमा नेपाली भाषाको प्रयोगमा अरू व्यापकता थपिएको पाइन्छ ।

# विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग

## ४.१. विषयप्रवेश

विक्रमको दसौँ शताब्दीतिर जुम्लाको सिँजा प्रदेशमा खस भाषाको नामबाट उद्भव भएको नेपाली भाषाको इतिहास झन्डै एक हजार वर्ष पुरानो भइसकेको छ। नेपाली भाषाले एक हजार वर्ष पूरा गरिसके पनि यसले आधुनिक कालमा प्रवेश गर्ने अवसर **गोरखापत्र** (वि. सं. १९५८) को प्रकाशनपछि मात्र पायो। आधुनिक कालमा प्रवेश गरेको एक सय वर्ष पूरा भइसकेको नेपाली भाषाको व्याकरणगत अपूर्णता, आगन्तुक भाषाका शब्दहरूको आगमन, भाषिक-व्याकरणिक विचलनले गर्दा नेपाली भाषाले स्तरीकरणको रूप प्राप्त गरे पनि नयाँनयाँ शब्दप्रविष्टिसँगै आफ्नो स्वरूपलाई विकसित गर्ने अवसर पाएको छ। सञ्चारमाध्यमको विकाससागै नेपाली भाषाको पनि विकास हुँदै आएको छ र नेपाली भाषाको विकासमा सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका रहेको छ। सञ्चारमाध्यमहरूमा भएको तीव्रतर विकाससँगै नेपाली भाषाको प्रयोगमा विचलनका साथै विविधखाले समस्या आएको कुरा तिनीहरूमा प्रयोग हुने नेपाली भाषाका शब्द, स्वर र वाक्यबाट प्रस्ट देखिन्छ।

विद्युतीय सञ्चारमाध्यमका रूपमा विकसित रेडियो नेपाल, नेपाल टेलिभिजन, दूरसञ्चार, एफ्. एम्. रेडियो, कम्प्युटर, इमेल-इन्टरनेट, फ्याक्सजस्ता साधनमा त झनै मानक नेपाली भाषाको प्रयोगमा कमी देखिन्छ। सरकारी तथा निजी स्तरबाट सञ्चालित सञ्चारमाध्यममा मूलतः नेपाली भाषाको प्रयोगमा वर्णविन्यास, शब्दमा उपसर्ग-प्रत्यय, समास, सन्धिप्रक्रिया, लिङ्ग, वचन, पुरुष, व्याकरण, पदावली, वाक्य, वाक्यतत्त्व, स्वर र भाषिक मिश्रण आदिमा त्रुटि देखिनु प्रमुख समस्याका रूपमा रहेका छन्। कुनै पनि भाषा विशिष्टबाट साधारणतिर र जटिलताबाट सरलतातर्फ उन्मुख भएको हुनुपर्छ। भाषा समयक्रममा क्रमशः रूपान्तरण हुँदै गएको हुन्छ। प्रारम्भमा लोकभाषाका रूपमै रहेको भए पनि पछिल्लो चरणमा समयानुकूल रूपान्तरण हुन नसक्दा वर्तमानमा पुस्तकका ठेलीमा मात्र सीमित हुन पुगेको छ। इ.पू. ५०० तिर आदि वैयाकरण पाणिनीले विश्वकै उत्कृष्ट

प्रथम व्याकरण ग्रन्थ **अष्टाध्यायी** लेखेर संस्कृत भाषालाई परिष्कृत र परिमार्जित गर्ने प्रयासमा नियमहरूमा बाँधेपछि त्यो जनभाषा रहेन र स्वाभाविक प्राकृत प्रक्रियानुसार समय, परिस्थिति र भौगोलिक विस्तारका क्रममा त्यसबाट अनेक आधुनिक भाषा जन्मे । तिनलाई आधुनिक आर्यभाषाका शाखाभित्र समेटेको पाइन्छ ।

उन्नाईसौं शताब्दीको उत्तरार्द्धमा अङ्ग्रेजी भाषालाई अन्तर्राष्ट्रिय भाषाका रूपमा मान्यता प्राप्त भएकाले नेपाली भाषामा यसको मिश्रण झनै व्यापक हुँदै आएको पाइन्छ । अङ्ग्रेजी भाषाले नेपालीलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा व्यावसायिक आदानप्रदानको क्षेत्रमा प्रभाव विस्तार गरेको देखिन्छ । अङ्ग्रेजी विश्वको साझा भाषा भएजस्तै नेपालीका लागि नेपाली भाषा सबैको साझा भाषा बनेको पाइन्छ । तसर्थ छापा होस् या विद्युतीय सञ्चारमाध्यम, नेपाली भाषाको प्रयोगले अत्यधिक महत्त्व राख्छ तर नेपाली भाषाको विद्यमान प्रयोगमा केही हदसम्म विचार गर्नु आवश्यक छ। खास गरी विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगमा केही साम्प्रदायिक-वर्गीय चिन्तन देखिएको पाइन्छ । नेपाली भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्दा जात र वर्गविशेषका भाषिक विशेषतालाई पनि चिन्नु आवश्यक देखिन्छ ।

नेपाली भाषामा संयोजनको परम्पराबाट लिङ्ग, वर्ग र जातविशेषको प्रभाव देखिएको पाइन्छ । उदाहरणका लागि केही शब्द र उखानटुक्काहरू लिऔं : सभापति, पुरुषार्थ, लिँडेढिप्पी (लिँडा शब्द मगरलाई गरिने गाली हो), ढिलै होस् छोरो होस्, मर्दका दसवटी स्वास्नी, छोरी मरी ठूला घर परी, आइमाईसँगसाँचो र मालिकसँगझूठो नबोल्नू, सानो जात मात्दैन मातेपछि बाँच्दैन आदि । नेपाली भाषाले ग्रहण गरेको जातीय स्वभाव भनेको वर्णाश्रम स्वभाव हो जसअनुसार नेपाली भाषाले श्रेणीबद्ध रूपमा संवाद गर्छ। तँ, तिमी, तपाइँ, हजुरजस्ता व्यक्तिअनुसार गरिने सम्बोधन शब्द नेपाली भाषामा छन् । अझ नेपाली भाषाको वर्णसङ्कर स्वरूप पनि देखा परेको छ- आइसियोस्, गइसियोस् आदि ।

## ४.२ भाषिक त्रुटिका कारणहरू

नेपाली भाषाको प्रयोगमा त्रुटि देखिनामा विभिन्न कारण रहेका छन् । जस्तै :

### ४.२.१ प्रयत्नलाघव

शब्दहरू उच्चारण गर्ने क्रममा आवश्यक प्रयत्न नगर्दा भाषामा त्रुटि भएको पाइन्छ। त्यस्ता त्रुटिले आसयलाई धमिल्याउन सक्ने सम्भावना रहन्छ। जस्तै : किलिष्ट-क्लिष्ट, ग्यान-ज्ञान, पर्बन्ध-प्रवन्ध, निर्मान-निर्माण आदि। गण्डकी अञ्चलको स्याङ्जा र कास्कीतिर आउँछु, आम्छु,, लगाउँछु, लगाम्छु। मगाउँछु, मगाम्छु। यसलाई कतिपय सन्दर्भमा उच्चारणगत दोष र कतिपय स्थानमा भएको प्रयोगलाई भाषिकाका रूपमा पनि लिन सकिन्छ। यस्ता उदाहरण अन्य क्षेत्रमा पनि पाउन सकिन्छ।

### ४.२.२ वाक्स्खलन

बोल्दाबोल्दै वाक्य पूरा नगरी छाड्ने बानीले भाषामा विचलन र अस्पष्टता देखा पर्नु स्वाभाविक हुन्छ। प्रायः उपत्यकाबासीमा यस्तो किसिमको विचलित भाषाको स्वरूप देख्न सकिन्छ। सोही प्रयोग सञ्चारमाध्यममा सञ्चारकर्मीले पनि गरेको पाइन्छ। जस्तै : काँ गा'आ ? (कहाँ गएको) के भा'आ (के भएको) आदि । धवलागिरितिर - हात धोई (धोऊ), खाना खाई (खाऊ) आदि प्रयोग पाइन्छ। त्यस्तै नेपाली व्याकरणको मानक रूप नभए पनि स्थानीय तहमा प्रयोग भइरहेको र त्यहाँका बासिन्दाले सरल, सहज र मिठास रूपमा ती शब्दलाई बुझ्दछन् भने त्यसलाई भाषिकाका रूपमा मान्न सकिन्छ। जस्तै : 'हात धोऊ'को ठाउँमा 'हात धोई' गण्डकी अञ्चलतिर प्रयोग गरिने ग्रामीण शब्द हो। यसलाई पनि भाषिकाका रूपमा लिन सकिन्छ।

### ४.२.३ श्रवणलघुता

वक्ताले के भन्छ त्यसलाई श्रोताले सुन्ने प्रयास गर्नु पर्छ। श्रोताले ठीकसँग सुन्न नसकेमा भाषामा त्रुटि देख्न सकिन्छ। त्यसलाई श्रवणलघुता भनिन्छ। होटलमा चिया पिउँदा..., "भन्दा मैले पिउँदापिउँदै त्यस केटाले..." गिलास उठायो भन्ने बुझिन्छ। मैले पढ्दापढ्दै उसले बत्ती..., भन्दा बत्ती निभायो भन्ने बुझिन्छ। मैले पिउँदापिउँदै दूधमा माखो..., भन्दा दूधमा माखो पस्यो भन्ने बुझिन्छ।

### ४.२.४ व्युत्पत्तिज्ञानको अभाव

व्युत्पत्तिका आधारमा पुनर् + अवलोकन पुनरवलोकन हो, पुनरावलोकन होइन। अति + अधिक अत्यधिक हो, अत्याधिक होइन । विद्या + आलय विद्यालय हो, विधालय होइन। वि+अवस्था व्यवस्था हो, व्यावस्था होइन। वि +अवसाय व्यवसाय हो, व्यावसाय होइन। यसले पनि भाषिक विचलनलाई देखाउँछ। शब्दको निर्माण, त्यसको आदि रूप र निर्माणपछि हुने शब्दरूपको ज्ञान नहुँदा भाषामा त्रुटि देखिन्छ। जस्तै : 'सौन्दर्यता', मानवीयता यी शब्दमा 'ता' प्रत्यय आवश्यकताभन्दा बढी प्रयोग गरिएको छ। यो व्युत्पत्ति दोष हो। त्यस्तै 'पश्चिमाञ्चल' शब्दलाई 'पश्चिमा' र 'अञ्चल' गरी उच्चारण गरेको रेडियोमा प्रायः सुन्न पाइन्छ। 'सुन्दर' शब्दमा 'ता' प्रत्यय गाँस्न सकिन्छ तर 'सौन्दर्य' शब्द विशेषण शब्द हो  यसमा 'ता' प्रत्यय गासेर 'सौन्दर्यता' भनेर प्रयोग गर्न  पाइँदैन। यसरी व्युत्पत्तिको कम ज्ञानले गर्दा शब्दहरूको अशुद्ध प्रयोग भइरहेको अवस्थामा सञ्चारमाध्यममा काम गर्ने व्यक्तिहरूको भाषा केही त्रुटिपूर्ण रहेको देखिन्छ । नेपाली भाषाको सम्बन्ध संस्कृतसँग जोडिएकाले संस्कृत तत्समको ज्ञान पनि भाषासञ्चारमा काम गर्ने व्यक्तिहरूले जान्नु आवश्यक देखिन्छ।

### ४.२.५ उच्चारणगत दोष

नेपालमा अनेक भाषा बोलिन्छन् र लेखिन्छन्। भाषाका लेख्ने लिपि र बोल्ने वा उच्चारण गर्ने तरिका  भिन्नाभिन्नै छन् त्यसैले प्रायः नेपालीभाषीबाहेक अन्य मातृभाषीले नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको पाइन्छ। जस्तै : 'चाहनु हुन्न' का ठाउँमा 'चानुहुन्न' । 'बेलामा' को सट्टा 'बेलाँ'जस्ता उच्चारणदोष पर्याप्त देखिन्छन्। 'गर्नाका निम्ति' को ठाउँमा 'गर्नानिंति', 'मेरोमा आउनुहोस्'को ठाउँमा 'मेराँ आउनुस्' आदि। यस्ता शब्दहरूको प्रयोग भाषिकामा भने गर्न पाइन्छ तर मानक नेपालीमा गर्न  पाइँदैन त्यसैले सञ्चारमाध्यमले भाषिकाको भाषिक प्रयोग नगरेर मानक नेपाली भाषाको प्रयोग गर्नुपर्ने देखिन्छ।

### ४.२.६ आशय स्पष्ट पार्ने क्रममा दोष

वक्ताले आसय स्पष्ट पार्दा पनि असावधानीबाट उल्टो प्रयोग भएको पाउन सकिन्छ। जस्तै : 'उहाँले शान्ति स्थापना गर्ने महसुस व्यक्त गर्नुभयो।' यसमा महसुस गर्ने हो, व्यक्त

गर्ने होइन । बोलीचालीको प्रयोगमा 'भात पकाउँछु', 'पीठो पिस्छु' भन्ने गरेको पाइन्छ । यो गलत प्रयोग हो । चामल पकाएर भात बनाउने हो । चामल पिसेर पीठो बनाउने हो ।

भाषाको आफ्नोपन छ, भाषाको नियम हुन्छ, सीमा र परिधि हुन्छन् र प्रयोगको अनुशासन हुन्छ । व्याकरणविनाको भाषा मिहेविनाको दाइँजस्तो हुन्छ । प्रयोगमा एकाग्रता र एकरूपता हुँदैन । त्यसपछि भाँड हुन्छ । जसरी जे लेखे पनि जे बोले पनि भयो । कुनै सीमा र बन्धन चाहिँ हुँदैन । त्यस अवस्थामा भाषाको स्थिति त्यस्तो यात्रीको जस्तो हुन्छ जुन नारायणगढतर्फ जानुपर्ने, बनेपा हुँदै तातोपानी तिब्बततिर लाग्छ । भाषामा विकृति आउँछ र विसङ्गतिको डुङ्गुर थुप्रिन्छ ।

## ४.३ भाषिक प्रयोगको अवस्था

सञ्चारमाध्यममा नेपाली भाषाको ठीक प्रयोग हुन नसक्दा समस्या देखिएको पाइन्छ । नियतवश समाचारलाई तथ्यपरक नबनाउनु, बङ्ग्याएर दिनुजस्ता कुराले विश्वासको सङ्कट निम्त्याएको देखिन्छ । यसबाहेक भाषिक अशुद्धि, वाक्यगठनमा त्रुटि, उच्चारणप्रक्रियामा त्रुटि आदिका कारण फरक अर्थ लाग्नाले, समयसमयमा भ्रम सिर्जना हुनेसमेत गरेको छ ।

भाषाको विकास पहिला मौखिक र समयक्रममा लिखित भएकाले मौखिकभन्दा लिखित भाषा परिमार्जित र स्तरीय मानिन्छ । आम सञ्चार भन्नेबित्तिकै सूचना, शिक्षा र अनुभूतिको सम्प्रेषण भन्ने बुझिन्छ । सञ्चारमाध्यममा प्रयोग गरिने भाषा स्वाभाविक रूपमा मानक अथवा त्यसलाई पछ्याएको हुनुपर्ने धारणा पाइन्छ । आम सञ्चारका सबै माध्यममा भाषिक शुद्धता र स्तरीयताको खाँचो देखिन्छ । खास गरी विद्युतीय सञ्चारमाध्यम रेडियो, टीभी आदिमा प्रयुक्त भाषामा विचलनयुक्त शब्दको बढी प्रयोग, असावधानी तथा प्रशस्त स्वैच्छिक गलत प्रयोग भएको पाइन्छ । नेपाली पत्रकारितामा आम सञ्चारका माध्यमले नेपाली भाषाको मानक प्रयोगलाई स्वीकार गरे पनि भाषिक अस्पष्टता, अशुद्धि र मनपरीतन्त्र व्यापक रूपमा देखिएको पाइन्छ । भाषाको जगमा उभिएर सूचना, सन्देश, शिक्षा, अभिप्रेरणा र अनुभूतिको सम्प्रेषण गर्ने जिम्मेवारी लिएको यो व्यवसायले सरल, शुद्ध र मिठासयुक्त भाषाको प्रयोगमा अपेक्षित ध्यान पुऱ्याएको देखिँदैन । खास गरी विद्युतीय सञ्चारमाध्यममा प्रयोग भएका भाषिक दोषमा भाषिक अज्ञानता, अयोग्यता, असावधानी र

भाषिक मिश्रण प्रमुख रूपमा रहेका देखिन्छन् । विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग र त्यसमा के-कस्ता प्रकारका त्रुटि हुने गरेका छन्, त्यसका केही उदाहरण तल प्रस्तुत गरिएका छन् :

### ४.३.१ 'रेडियो क्लिनिक' रेडियो नेपाल

अर्को बिबार, जस्तै आज पनि हामी, हामी रेडियो क्लिनिकका साथ उपस्थित भएका छौँ । कार्यक्रममा यहाँलाई हार्दिक स्वागत छ ।

रेडियो क्लिनिक कार्यक्रममा श्रोताहरूका स्वास्थ्यसम्बन्धी समस्यालाई समाधान र जिज्ञासाहरूलाई मेटाउने उद्देश्यले हरेक हप्ताको बिबार ४ बजेपछि प्रसारण गर्ने गरेका छौँ । श्रोताहरू आशा छ, यस कार्यक्रमले श्रोताको समस्यालाई केही हदसम्म हटाउनेछ । हरेक हप्ता हामीले विभिन्न क्षेत्र अनि विषयका डक्टर (अङ्ग्रेजी शब्द) हरूलाई स्टुडियोमा निम्त्याएर अथवा टेलिफोनमा कुरा गर्ने गरेका छौँ ।

श्रोताहरू यानी गर्मीयाम, यानी गर्मीको समय मौसम (शब्द दोहोरिएको) आइसकेको छ । यस्तो बेलामा रोगहरू फैलने र रोगहरू लाग्ने बढी सम्भावना हुन्छ । त्यसमाथि पनि स-साना नानीहरू बढी बिरामी हुन्छन् ।

यसै सन्दर्भमा लिएर आज हामीले बालरोग विशेषज्ञ डक्टर सुवास शरन रावलसँगटेलिफोनमार्फत भेटघाट र कुराकानी गर्ने जमर्को गरेका छौँ ।

सर्वप्रथम रावलको छोटो परिचय श्रोताहरूसमक्ष प्रस्तुत गर्दैछु ।

आजका अथिति डक्टर हुनुहुन्छ डक्टर सुवास शरन रावल, उहाँ बालरोग विशेषज्ञ हुनुहुन्छ ।

उहाँ रोनास्ट, अल्का हस्पिटल, र त्यस्तै सिद्धि पोलिक्लिनिकमा कार्यरत हुनुहुन्छ ।

इन्ट्रोगेटिभ मेडिसियनमा उहाँ फसप्रशन पनि हुनुहुन्छ । त डक्टसाप यहाँलाई हार्दिक स्वागत छ हाम्रो कार्यक्रम रेडियो क्लिनिकमा ।

........................................

अब याँ त बालरोग विशेषज्ञ हैन ? बालरोग विशेषज्ञहरूको सन्दर्भमा म चाहिँ यहाँलाई के सोध्न चाहन्छु भने गर्मी मैना पनि लागिराखेको छ, अइले यै गर्मीको याममा चाहिँ सानासाना नानीहरूलाई कस्तो खालको रोग देखा परिराखेको छ ?

....................................

याँ को क्लिनिकमा त यस्ता रोग भ' का सानासाना नानीहरू पनि आ' का छन्, कति वर्षदेखि कतिवर्षसम्मकालाई यो रोग भइरहेको छ ?

.................................

अब यो झाडा पखाला भन्दा गर्मी मौसममा लाग्छ नै, जाडो महिनामा भन्दा गर्मीमा लाग्नुको कारण के होला त ?

.....................................

अब झाडापखाला त अझ लाग्ने अझ वर्षा याममा बढी लाग्छ हैन ? वर्षायाम अझ आउदै छ भन्नुन यसको अब अगाडि नै प्रिपेसन लिनुपऱ्यो अर्थात् अगाडि नै यसका लागि के-के उपाय अपनाउँदा झाडापखाला नलाग्ला अथवा लागिसकेकालाई के-के गर्नु पर्छ ? पैला लाग्नुअघि के-के गर्नुपर्छ ? त्यसका बारेमा भन्दिनुस्, त्यसपछि लागेपछि कस्तो उपाय अपनाउनुपर्छ, त्यसका बारेमा पनि हाम्रा श्रोताहरूलाई भन्दिनुस् न ?

.....................................

हजु हजु... हजु

हजु त्योबारेमा पनि भन्दिनुन

.............................

अब पिउने पानीको कुरा गर्नु भ' याँ ले, अब पानी त फोर छ भन्ने नै सबैलाई था छ, यो सफा गर्नका लागि के गर्नुपर्छ त अथवा कस्तो गऱ्यो भने सफा पानी पिउन सकिन्छ त ?

....................................

कति मिनेटसम्म ब्वाइल गर्दा त्यो पानी सफा हुन्छ ब्याक्टोरियाहरू मर्ने उअर्ने हुन्छ, जोम्सहरू हुन्छन् पानीमा, पानीमा भएका जोम्सहरू मर्न चाहिँ कति टेम्प्रेचरमा कतिसम्म उमाल्दा पानी सफा हुन्छ ?

...............................

जस्तो इन्धनको अभाव भएको बेलाँ नपाइएको बेलामा कसरी पानीलाई शुद्धीकरण गर्न नसकेको अवस्थामा कसरी शुद्ध पार्न सकिन्छ डक्टसाप अरू उपाय केइ छ त ?

.............

जस्तो निर्मलीकरण चक्कीहरू यता, उता वाटरगार्ड राखेर पानी शुद्धीकरण गर्न सकिन्छ भन्ने कुरा पनि आइरा,छ ।

..................................

अइले हामी झाडापखालाको सन्दर्भमा कुरा गरिराथ्यौँ हैन, झाडापखाला हुन नदिन के-के गर्नुपर्छ डक्टसाप ? अरू उपाय ?

.............

यी त भए झाडा पखाला लाग्न नदिने उपायहरू, झाडापखाला लागिसकेपछि के गर्नुपर्ला ?

..........

हजु हजु हजु

कतिपटकसम्म पानी पिउनुपर्छ डक्टसाप ?

.......

पानी त्यो खुवाए पनि दिसौँ रोक्केन भने के गर्नुपर्छ ?

स्टुल टेस्ट गराउने ?

……………………

डक्टसाप हामीले झाडापखालासम्बन्धी कुरा गऱ्यौँ, टाइफाइड, जन्डिस अरू रोगसम्बन्धी पनि कुरा गर्नेछौ,

डाक्टरसाप औषधीउपचारभन्दा पनि पृथक् त नभनौ, गीत सङ्गीतले पनि कतिपय रोग निको हुन्छ भन्छन् याँलाई गीत सङ्गीत सुन्न कतिको मन लाग्छ ?

…………………

डक्टरसाप हामीले एउटा गीत सुनाउने जमर्को गरेका छौँ हैन, कुन गीत सुन्न मन लागेको होला ?

…………

डक्टरसाप साह्रै मीठो गीत रोज्नुभयो नि, याँ को पनि कुनै कथा थियोकि जिन्दगीमा ? डक्टरसाप हामी पुनः हामी हाम्रो विशेष सन्दर्भतिर लागौँ, अब टाइफाइडसम्बन्धी कुरा गर्दा यो हुनाको कारण के हो ? यसको उपचार कसरी गर्ने ? यसबाट बच्न केके गर्ने ? त्यसबारेमा पनि हाम्रा श्रोताहरूलाई भन्दिउँ न ?

……………………………………………

अन्तिममा के भन्न चाहनुहुन्छ त डक्टरसाप ?

……………………

सु-स्वास्थ्य रनु होइन किनभने डक्टरहरूले भन्ने त यही हो होइन ?

हवस्त डक्टरसाप याँ को अमूल्य समय मैले लिएँ, त्यसका लागि धेरै धेरै धन्यवाद, रेडियो क्लिनिकको तर्फबाट पनि धन्यवाद ।

अन्त्यमा यहाँलाई कुन गीत मन पर्छ भन्दिउँ, म त्यो गीत छोड्दै बिदा चाहन्छु ।

............................................

हवस्त यहाँ सँगै बिदा चाहन्छु, श्रोताहरूसँगपनि यो गीत राख्दै अर्को बिहीबारसम्मको लागि, अर्को बिहीबार जुनकुनै विषयमा डक्टरसँगकुराकानी गर्ने बाचाका साथ अहिलेलाई प्राभिधिक पुरुषोत्तमका साथ म कल्पना घिमिरे पनि बिदा चाहन्छु नमस्ते ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | रेडियो क्लिनिक/ डक्टर/ रोनास्ट, अल्का हस्पिटल/ पोलिक्लिनिक/ इन्ट्रोगेटिभ मेडिसियन/ फसप्रशन/ डक्टसाप/ प्रिपेसन/ ब्वाइल/ मिनेट/ / ब्याक्टोरिया/ जोम्स/ टेम्प्रेचर/ वाटर गार्ड/स्टुल टेस्ट/टाइफाइड, जन्डिस | यसमा प्रयोग भएका रेडियो क्लिनिक (कार्यक्रमको नाम), डक्टर, पोलिक्लिनिक, इन्ट्रोगेटिभ मेडिसियन, डक्टसाप, मिनेट, वाटरगार्डजस्ता शब्द नेपाली भाषामा प्रयोग गर्दा स्वाभाविक देखिन्छन् तर यसमा प्रयोग भएका अन्य अङ्ग्रेजी शब्दको नेपाली भाषाकै शब्द प्रयोग गर्न सकिन्छ । नेपाली भाषाका शब्द हुँदाहुँदै अङ्ग्रेजी शब्दप्रयोग गरिँदा नेपाली भाषा विकृत देखिएको छ । |
| उच्चारण भाषिका | बिबार (वर्णविन्यास त्रुटि) (बिहीबार)/ शरन, (शरण)/ याँ त (यहाँ त)/ याँ (यहाँ)/मैना (महिना)/ अइले यै (अहिले यही)/ भ,का (भएका) / आ,का (आएका)/भन्नुन (भन्नुहोस् न)/भन्दिनुस् (भन्दिनुहोस्)/ हजु हजु (हजुर-हजुर)/ भन्दिनुन (भन्दिनुहोस् न)/ भ याँ (भयो यहाँले)/ फोर | यसमा प्रयोग भएको बिबार शब्द उच्चारणमा सङ्क्षेपीकृत भएको हो । यो वर्णविन्यासगत त्रुटि हो । यानी थेगो हो । शरन मानवीय उच्चारण हो । 'याँत' 'यहाँ त' भन्न खोजिएको हो । आ,का, |

| | | |
|---|---|---|
| | (फोहोर)/ था छ (थाहा छ)/ बेलाँ (बेलामा)/ केइ (केही)/ आइरा,छ (आइरहेको छ)/ अइले (अहिले) / गरिराथ्यौँ हैन (गरिरहेका थियौँ होइन)/ रोक्केन (रोकिएन)/ याँलाई (यहाँलाई)/याँको (यहाँको)/ भन्दिउँ न (भनिदिउँ न) / रनु (रहनु) | भन्नुन, भन्दिनुस्, हजु... हजु, रनुलगायतका शब्दहरू स्थानीय भाषिकको रूपमा प्रयोग भएका छन् । यसलाई स्थानीय भाषिका उच्चारणका रूपमा लिन सकिन्छ तर यसरी प्रयोग भएका शब्दहरूले स्वाभाविक अर्थबोध र सम्प्रेषणको काम गरेको हुनुपर्ने देखिन्छ । सञ्चारमाध्यममा प्रयोग गरिँदा सकेसम्म पूरा शब्दको शुद्ध रूपमा उच्चारण गर्नुपर्ने धारणा पाइन्छ । |
| अशुद्ध उच्चारण, उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | अथिति (वर्ण व्यतिक्रम)/ चाहिँ/उअर्ने/ प्राभिधिक/ यानी/ | 'अथिति' अशुद्ध हो, शुद्ध 'अतिथि' हो । यसमा अक्षर अघिपछि परेको छ । चाहिँ, यानी, उअर्ने यी थेगोका रूपमा प्रयोग भएका छन् । गाउँघरमा र स्थानीय भाषिकाका रूपमा यस प्रकारका थेगाहरू प्रयोग हुने गर्दछन् तर मानक भाषाका रूपमा यसलाई स्वीकार्य मानिएको पाइँदैन र यसमा प्रयोग भएको प्राभिधिक शब्दको उच्चारण पनि अशुद्ध हो । |

### ४.३.२ 'सिटी टप रिक्कोइस्ट जोन' कान्तिपुर एफ्. एम्.

नमस्कार,

तीन बजेको कान्तिपुर डायरी सकिनासाथ तपाइँहरूले सुन्न सक्नुहुन्छ रिक्कोइस्ट जोन सोमबार, बुधबार र शुक्रबार तपाईंकै इमेलअनुसार तपाईंकै लेटरअनुसार तपाईंको रिक्कोइस्टमा बज्ने गर्दछ । अनि बाँकी दुई दिन मङ्गलबार र आज बिहीबार प्रत्यक्ष रूपमा तपाइँ सँगसँगै कुरा गरेर तपाइँले रिक्कोइस्ट गरेका गीतहरू बज्ने गर्छन् । यो कार्यक्रममा आज हामी बिहीबारको रिक्कोइस्ट छ जोन म हुँ गीताञ्जली, हलो हाइ नमस्ते तपाईको हालखबरलाई अझ बढी ठीकठाक बनाउनका लागि सिम्प्लि द बेस्ट स्टेसन ९६.१ एफ्. एम्., कान्तिपुरको स्टुडियोमा आएकी छु म गीताञ्जली । तपाईले अहिले भरखरै फोन गरेर कुनै पनि गीत रिक्कोइस्ट गर्न सक्नु हुन्च, हिन्दी, नेवारी, इङ्गलिस जुनसुकै गीत पनि यहाँले सुन्नसक्नु हुन्छ, सुनाउन पनि सक्नुहुन्छ । यति मात्र होइन, कार्यक्रममा मैले तपाइँलाई एकदमै सजिलो प्रश्न पनि सोध्नेछु । यो प्रश्न याँ मध्ये कसैले आन्सर मिलाउनुभयो भने सिटी टपको चारवटा पुरुस्कार पाउनुहुनेछ । त्यसका लागि यहाँले फटाफट फोन गर्नुपर्नेछ । फोन नम्बर हो पुरुष साथीहरूका लागि ५५४१४०५ र महिला साथीहरूका लागि ५५४१४०६ । प्रश्न यसप्रकार छ जिब्रोमा सबैभन्दा अघिल्लो भागले गुलियो था, पाउँछ भने सबैभन्दा पछिल्लो भागले कुन स्वाद था, पाउछ ? फोन गर्दै गर्नुहोस् अहिले बज्दै छ यो गीत तपाईका लागि । अइले यो कार्यक्रम सिटी टप रिक्कोइस्ट जोन, तपाइँहरू सुन्दै हुनुहुन्छ कान्तिपुर एफ्. एम्., अहिले हाम्रो टेलिफोन सम्पर्कमा कोइ आइसक्नुभएको छ । हेलो को बोल्दै हुनुहुन्छ ?

श्री राजाराम पन्त, स्वागत छ तपाइँलाई कार्यक्रममा, काँ'ट बोल्दै हुनुहुन्छ ?

भक्तपुरमा बस्नुहुन्छ अनि के गर्नुहुन्छ राजारामजी ?

पसल छ याँ को, पसलमा बस्नुहुन्छ अनि फुर्सदमा के गर्नुहुन्छ ? कत्तिको सुन्नुहुन्छ ? देवीका प्रधानका गीत ? भन्नुस् त कुन गीतको बोल तपाइँले भन्नुभएको ? यस्तै रहेछ बोलको गीत कसका लागि सुनाउन चानुन्छ ?

..............................

तपाइँ यो कार्यक्रममा जुन कुनै गीत पनि सुन्न सक्नुहुन्छ, म कार्यक्रममा एउटा सजिलो प्रश्न साध्नेछु त्यसको आन्सर मिलाउनुभयो भने त झनै चारचार वटा पुरस्कार पाउनुहुनेछ ।

फेरि टेलिफोन लाइनमा कोही आइसक्नुभएको छ, हेलो नमस्ते,

को बोल्दै हुनुन्छ ?

कुसुम सिटौला, काँबाट ?

चाबहिलमा बस्नुहुन्छ, के गर्नुहुन्छ ? के छ हालखबर भन्नुस्न ?

अनि फ्रि टाइममा कत्तिको गीत सुन्नुहुन्छ ?

आज हाम्रो यो कार्यक्रममा तपाई कुन गीत सुन्नुहुन्छ भन्नोस्न ?

ओके कुसुमजी फोन गर्नुभयो, यहाँलाई धेरैधेरै धन्यवाद ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | सिटी टप रिक्कोइस्ट जोन/डायरी/ लेटर/ हेलो हाइ/ सिम्प्लि द बेस्ट स्टेसन/ स्टुडियो/ इङ्गलिस/ आन्सर/ टेलिफोन लाइन/ फ्रि टाइम/ ओके | यसमा प्रयोग भएका डायरी, हेलो, स्टुडियो, स्टेसन, टेलिफोन लाइनजस्ता अङ्ग्रेजी शब्दहरू नेपाली भाषाका रूपमा सहज प्रयोगमा आइसकेका छन् । यसबाहेक प्रयोग भएका अङ्ग्रेजी शब्द र वाक्यहरूलाई नेपाली मानक भाषाका शब्दहरू प्रयोग गर्दा मिठासयुक्त नहुने देखिन्छ । यसमा अङ्ग्रेजीको अनावश्यक मिश्रण भएको देखिन्छ । |
| उच्चारण भाषिका | हुन्च/या/था, पाउछ/ अइले/ कोइ/ काँबाट/ याको/ चा'नुन्छ/ काँ/भन्नुस्न | लेख्य र बोलीचालीको भाषामा स्वाभाविक रूपमा फरक परेको देखिन्छ । यसमा क्षेत्र विशेषको भाषिकाले स्थान लिएको हुन्छ । अर्थ बुझिने गरी प्रयोग भएका मानक उच्चारण भाषिकालाई विद्युतीय सञ्चारमाध्यममा प्रयोग गरिँदा अनुचित भन्न मिल्दैन । यसमा प्रयोग भएका भाषिकाहरू जस्तै : मानक उच्चारणमा |

| | | |
|---|---|---|
| | | ‘काँबाट’ भन्दा स्पष्ट बुझिन्छ तर लेख्यमा ‘कहाँबाट’ हुन्छ । यसमा पनि वर्णविन्यासगत त्रुटि रहेको छ । |
| अशुद्ध उच्चारण, उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | पुरुस्कार | यो अशुद्ध उच्चारण हो । यसलाई ‘पुरस्कार’ भनेर शब्द प्रयोग गर्नुपर्दछ । |

### ४.३.३ ‘फायर साइड’ कान्तिपुर टेलिभिजन

- दर्शकवृन्द नमस्ते ! गतसाता माओवादी अध्यक्ष प्रचण्ड विभिन्न सञ्चारमाध्यममा विभिन्न फर्मेटमा सुनिए पनि । नेपालीहरूमा अन्तर्निहीत धेरै प्रश्नहरू उनीमाथि तेर्सिए । केही प्रश्नहरूबाट सायद शान्त पनि भए होलान् तर मुलुकले खोजेको चिरस्थायी शान्ति र नवनेपाल उन्मुख राजनीतिमा ती प्रश्नहरू र उनका जवाफले के महत्त्व राख्छन् अथवा अझ भनौँ माओवादी अध्यक्ष प्रचण्डका भनाइ र उनको पार्टीको अपरेसनल वस्तुस्थितिको विवेचना गर्न आजको फायरसाइडमा हामीले निम्त्याएका छौँ कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेलाई । नारायणजी वेलकम टु फायरसाइड
- अब जुन परिप्रेक्ष्यमा हामी आज कुरा गर्न खोजिरहेका छौँ नि, गतहप्ता माओवादी अध्यक्ष प्रचण्डका रेडियो, टेलिभिजनमा जस्ता अन्तर्वार्ताहरू आए, तपाइँले तात्त्विक रूपमा ती अभिव्यक्ति, ती अन्तर्वार्ताहरूमा उहाँले भन्नुभएका चीजहरूमा के कुरा समान पाउनुभो ? ह्वीच द माओइस्ट पोलिसी ? र उनीहरूको रणनीतिक परिप्रेक्ष्यमा चाहिँ ।
- यसको बारेमा हामी हाम्रो अन्तर्वार्ताको पछिल्लो भागमा पनि कुरा गरौँला, तर तपाइँले एउटा कुरा उठाउनुभयो नि, समानताको कुरा, एउटा जङ्गल नर्फकने कुराको समानता, अर्को चैनी सहरकेन्द्रित आन्दोलनको उद्घोष । भनौँ त, अब

सहरकेन्द्रित आन्दोलनको उद्घोषमा त विश्वसनीयता होला तर जङ्गल नफर्किने कुराको विश्वसनीयताका आधारहरू के के छन् ?

सो क्पन्फ्लिक्ट रिसोलुसनमा संयुक्त राष्ट्रसङ्घ कति ठूलो चैनी कम्पोनेन्ट हो जस्तो लाग्छ ?

- तपाईं त्यो फसेको कुरा गर्दै हुनुहुन्थ्यो नि ?

  त यो विश्वसनीय नै कमिटमेन्ट हो ?

- कन्सिस्टेन्सीकै कुरा गर्दा पनि कम्पेरटिभ्ली माओवादीहरू चैनी अन्य राजनीतिक दलहरूभन्दा कन्सिस्टेन्सीको कुरामा चैनी तुलनात्मक हिसाबले भए पनि अलि अगाडि नै छन् भनिन्छ नि ? अब यो सेरिज अफ इन्टरभ्युमा हामीले समानताका कुरा त गर्‍यौं, कन्सिस्टेन्सीका कुरा पनि गर्‍यौं, विरोधाभाषहरू कन्ट्राडिक्सन्सहरू के-के पाउनुभयो ?

- तर अब यो ०६२/६३ को जनआन्दोलनपछि वा त्यसैको बलमा बनेको सरकार, सात दलीय सरकार र पुनर्स्थापित संसद् आदि तुलनात्मक हिसाबले जनताको नजिकका राज्य संरचनाहरू भए तापनि माओवादी अध्यक्षले के भन्न खोज्नु भइरहेको जस्तो मलाई लाग्छ भन्ने होइन ? सेनासागै हामी सशङ्कित छौं कि ? सत्ता सेना वरिपरिबाटै सञ्चालित छ भनेजस्तो गरी उहाँ बेलाबेलामा कुत्कुत्याइरहनुभएको छ ।

- त्यही त मलाई चैनी एक कुरा अथवा पक्षगत प्रशस्त एकरूपता केमा भएको जस्तो लाग्यो भने, जुन सात दलको सरकारसँगमाओवादी फसिसकेको छ नि, उदेरूको कमिटमेन्टबाट चैनी सरकार टाढिँदै गएको छ नि भन्ने कुरा रिकुरेन्सको रूपमा चैनी प्रचण्डजीले भनिरहनुभएको छ। यसमा सत्यता कत्तिको छ ? गोभरमेन्ट टाढिँदै गएको हो कमिटमेन्टबाट ?

- अब चैनी उनीहरूको माओवादीहरूको केन्द्रीय समितिको पछिल्लो बैठकपछि माओवादीहरूले चैनी औँल्याएका बाधा, अड्चनहरूलाई केलाउनुपर्‍यो भने यही प्ररिप्रेक्ष्यमा के देख्नुहुन्छ तपाईं ?

- अर्को शब्दमा भन्ने हो भने यो सिरिज अफ जुन इन्टरभ्यु आयो नि, आफ्नो कार्यकर्ता तप्का त इन्टचाक छँदै छ माओवादीको, उहाँहरूको बोइनलिस ? कसलाई एड्रेस गर्न खोजेको जस्तो लाग्यो यो सेरिज अफ इन्टरभ्यूले ?
- अब एकैछिन माओवादीको अन्तर्निहित एउटा व्यवहार जुन चैं विगतका घटनाक्रमहरूलाई फर्केर गुणदोषको आधारमा छिनोफानोभन्दा पनि ती सबलाई सकेसम्म बिर्सनका लागि जनतालाई प्रेरित गरिरहेको जस्तो देखिन्छ अहिलेको स्थितिमा । यो कस्तो राजनीतिक आग्रह हो ? यो ग्लानिबोध हो कि ? यो क्रूरता नै पो हो कि फेरि ?
- तपाइँहरूले हेर्नै पनि भयो होला, म नाटकै हेर्दा पनि रूने मान्छे जस्तो चीजहरू पनि भन्नु भा'छ ।
- यसको कारण एउटा, अर्को क्युरियोसिटी तपाइँलाई कस्तो लाग्छ ? माओवादी चेन अफ कमान्ड आजको दिनसम्म इन्टचाक्ट छ जस्तो लाग्छ ? त्यसमा कहीँ कतै शङ्का छैन ?
- अब माओवादीको फेरि उनीहरूको विचार सञ्चारमाध्यमबाट जति बुझिन्छ नि, त्यसबाट उनीहरूलाई आजका दिनसम्म परास्त गरियो नेपालमा भने उदेरूलाई के लागेको जस्तो लाग्छ मलाई भने दरबार राजतन्त्र चै परास्त भयो भन्ने लागेको हुनसक्छ तर जुन विदेशीहरूको दबाबका कुरा उनीहरू गरिराख्छन्, सेनाको सङ्गठनलाई भने अझै पनि पन्छ्याउन सकिएको छैन । त्यो अझै पनि हावी छ भन्ने जस्ता अभिव्यक्तिहरू उनीहरू आफ्ना अभिव्यक्तिहरूमा कहीँ न कहीँ घुसाइरहेका छन् । यस्तो भाव उनीहरूबाट आउने के कारण छ ?
- नजिकको दृष्टिकोण ...
- अर्को पाटो सेना ? ...

  त आजको हाम्रो यो छलफलबाट दर्शकहरूले यी सेरिज अफ प्रचण्ड इन्टरभ्युहरूलाई अझ गहिराइबाट सरल तरिकाले बुझ्न सके होलान् भन्ने आशा लागेको छ ।

\- वी विल सिट डाउन एगेन वाग्ले जी, थ्याङ् क्यु भेरी मच ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | फर्मेट/पार्टी/अपरेसनल/ फायरसाइड/वेलकम टु फायरसाइड/रेडियो, टेलिभिजन/ह्वीच द माविस्ट पोलिसी/कन्फ्लिक्ट रिसोलुसन/ कम्पोनेन्ट/ कन्सिस्टेन्सी/ कम्पेरटिभ्ली/ सेरिज अफ इन्टरभ्यु/ कन्ट्राडिक्सन्स/ रिकुरेन्स/ गोभरमेन्ट/कमिटमेन्ट/ सिरिज अफ इन्टरभ्यु/ इन्टचाक/ बोइनलिस/ एड्रेस/चेन अफ कमान्ड/ वी विल सिट डाउन एगेन वाग्ले/थ्याङ् क्यु भेरी मच | यसमा पार्टी, रेडियो, टेलिभिजन शब्दबाहेक अरू सबै अङ्ग्रेजी शब्द र वाक्यलाई नेपाली भाषाकै शब्द र वाक्यका रूपमा सुन्दर प्रस्तुति गर्न सकिन्छ । अनावश्यक रूपमा अङ्ग्रेजी शब्दहरूको मिश्रण गरिँदा नेपाली भाषा विकृत बन्न पुगेको छ । |
| मानवीय उच्चारण (भाषिका) | पाउनुभो/भा'छ/उदेरू/जौँ | यसमा प्रयोग भएको शब्दोच्चारण स्थानीय भाषिका हुन् । जस्तै : 'पाउनुभो' उच्चारण भाषिका हो भने 'पाउनु भयो' मानक नेपाली लेख्य रूप हो । 'भा'छ' भनेको 'भएको छ' हो । त्यस्तै 'उदेरु' भनेको 'उनीहरू' हो । 'जौँ' भनेको 'जाउँ' हो । यस प्रकारका भाषिकाहरू ठाउँ र क्षेत्रविशेषका रूपमा प्रयोग भएका हुन्छन् र स्थानीयबासीले बुझ्ेका पनि हुन्छन् । |
| अशुद्ध उच्चारण, | विश्वसनीयता (उपसर्ग तथा प्रत्ययको त्रुटि)/चैं/चैनी (थेगो) | यसमा प्रयोग भएको विश्वसनीयतामा उपसर्ग बढी भएको छ र 'चैनी' थेगो |

| | | |
|---|---|---|
| उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | | प्रयोग गरिएको छ । स्थानीय तहमा यस्ता थेगाहरू प्रयोग गरिए तापनि मानक नेपाली भाषाका सन्दर्भमा यस प्रकारका थेगाहरू प्रयोग नगर्नु उचित हुन्छ । |

## ४.३.४ 'बहस' कान्तिपुर टेलिभिजन

- कार्यक्रममा यहाँलाई स्वागत छ, यहाँलाई हार्दिक अभिवादन छ,

  सात दल र माओवादीबीचमा बाह्रबुँदे सहमति भएको छ, खुला रूपमा सात दल, माओवादी र सम्पूर्ण नेपालीको सहभागितामा जनआन्दोलन सम्पन्न भएको छ । यो सारा उमङ्गले सात पार्टी अथवा सरकार अथवा माओवादीको बीचमा आठ बुँदे सहमति, पच्चीस बुँदे सहमति, पाँच बुँदे सहमति कायम भएको थियो । यस्तो लाग्दछ कि यी पक्षहरूको विश्वास, उत्साह सधैँसधैँ घट्दै छ । आजको दिनसम्म आइपुग्दा यहाँहरूको उत्साह या त तीव्र रूपले घट्दै छ, कता कता यो अनुभूति हुन थालेको छ । सात दलको सम्बन्ध कतै सकिएको त छैन ? यस्तो भान हुन्छ 'जोगी देखेर भैँसी डराएझैँ, भैँसी देखेर जोगी डराएझैँ' सरकार-माओवादी एकअर्कालाई देखेर सशङ्कित । सरकार भनिरहेछ जबसम्म तिमीहरू हतियार व्यवस्थित गर्दैनौँ तबसम्म तिमीहरूलाई सरकारमा लिएर जान सकिन्न । माओवादी भन्छ : किन हतियारको मात्रै कुरा गर्छौ ? पहिला राजनीतिक मुद्दाको कुरा, राजनीतिक मुद्दा सुल्झाइयो भने हामी हाम्रा हतियारहरू अवतरण गर्नका लागि तयार छौँ ।

- आजको कार्यक्रममा हामी यिनै विषयमा माओवादी के चाहिरहेछन् ? सरकार के चाहिरहेछ ? सम्बन्ध चिस्सिएको छ कि छैन ? सम्बन्ध तताउन सकिन्छ कि सकिँदैन ? यिनै विषयमा छलफल गर्न हामी यो कार्यक्रमलाई दुई वटा भागमा बाँड्छौँ । पहिलो भागमा हामी माओवादीका विचार जान्ने कोसिस गर्नेछौँ । दोस्रो भागमा सरकारको विचार जान्ने ।

- इन्द्र लोहनी : होस्टेमा हैँसेमा (दिनानाथ शर्मासग संवाद)

हामी यो कार्यक्रमलाई दुईवटा भागमा बाड्छौं ।

- इन्द्र लोहनी

□ आउनुस् अब कार्यक्रमको पहिलो भागमा प्रवेश गरौं ! हामीले पहिलो भागका लागि पाहुना बोलाएका छौं माओवादी नेता श्री दिनानाथ शर्मालाई !

- चिस्सियो नि सम्बन्ध ?

- अहँ ..., अहँ...,

□ तपाईंहरूले राजनीतिक सहमतिमा जौं भनेर अनुरोध गर्दा सरकार के भन्छ ?... तर सरकार त भन्छ नि कि तपाईंसँगजुन हतियार छ, तपाईंको सेना छ वास्तवमा शान्तिको बाधक त्यही हतियार र सेना बनेको छ । ... सरकारले त भन्छ नि जुन तपाईंहरूले पाँचबुँदे सहमति गरेर संयुक्त राष्ट्रसङ्घलाई पत्र लेख्नुभएको थियो आइज युएन हाम्रा सेना र हाम्रा हतियारहरूलाई हामी अस्थायी क्याम्पमा राख्छौं भनेर, तपाईंहरू त पछि हट्नुभयो नि, आफ्नो निर्णयबाट माओवादी हटिरहेको छ, माओवादीको कारणले गर्दा वार्ता भइराखेको छैन भन्छन् नि ?

□ उसले गल्ती गरेको हुनाले हामीले पनि गल्ती गरेका छौं भन्नु भएको हो ?

- जस्तो युएनलाई भन्नुभो नि, यहाँहरूले पत्र लेखेर ..., अहिले तपाइँहरूले ... त्यसपछि ... त्यसपछि ...!

□ अहिले भन्नुभो नि राजनीतिक मुद्दामा प्रवेश नगरीकन हामी हतियार अस्थायी क्याम्पमा राख्दैनौं भनेर...., यो निर्णयबाट हटेको भयो कि भएन ?

- भन्नुस् भन्नुस् .....।

□ कुन ठाउँमा अमेरिकी सेनाले तालिम गरिरहेको छ दिनानाथजी ? अहिले .... को के गरिराख्या छ ? .... के त्यो ट्रनिङ गरिराख्या छ ...।

- यहाँले भन्दै हुनु हुन्छ बाह्र बुँदे सहमतिमा अमेरिकन सेना यहाँ आएर कोहीसँगभेटघाट गर्न पाउँदैन ?

- सेनासहित होइन होला, टोलीसहित होला पनि ?

- तपाईंले इजरायलबाट हतियार ल्याएको कुरा गर्नुभो नि त्यो त रद्द भएन र ?

- तपाई सिवर हुनुहुन्छ हतियार ल्याएको इजरायलबाट भनेर ।

- भारतबाट हतियार आयो भन्नुभो नि त्यसका लागि ठूलो आतङ्कै मच्चियो नि त, शहरमा बुधबार, हो कि होइन भन्नुहोस् त, यो के भन्छ भन्देखि अनुगमन समिति गयो, आचारसंहिता अनुगमन संहित, उसले त्यहाँ त केही पनि छैन भन्छ नि ।

- तपाइँहरूले नै बना',को हैन र त्यो, दुवै पक्षले मिलेर ब',ना हैन ?

- देख्यौँ, हामीले देख्यौँ

- नयाँ विभाद हो त्यो ?

- एउटा कुरा नि दिनानाथजी ! तपाइँहरूले के गर्नुभयो भन्देखि जब हतियारको कुरा आयो मङ्गलबार बेलुकी नै इन्डियाबाट हतियार बेचिँदै छ भनेर सुन्नमा आयो तपाइँहरूले कडा कार्यक्रमको घोषणा पनि गर्नुभो, पछि त्यसलाई फिर्ता पनि लिनुभो यदि हतियारै ल्याएका थिए भने हतियारलाई विरोध गर्नका लागि गरिएको विरोध कार्यक्रम किन फिर्ता लिनुभयो ?

- म यो हड्ताल फिर्ता लिएको प्रश्नमा नि ? ….. यदि हतियार ल्याइएको थियो भने ल्याएको हतियारको विरोध गर्नका लागि कल गरिएको हड्ताल किन फिर्ता लिनुभो ?

- सुन्दाखेरि अध्यक्ष प्रचण्डजीले नै फिर्ता गर्नुभो भन्ने कुरा आयो नि ? एउटा कुरा म दिनानाथजीलाई सोध्न चाहन्छु-आन्दोलन भएको संविधानसभामा पुग्नको लागि, संविधानसभामा पुऱ्याउन यो सरकारले तपाइँहरूलाई वार्ताबाट लखेट्यो, तपाइँहरूप्रति विश्वासघात गऱ्यो यो सरकारले भने के जनता छैन वाच गर्ने, तपाइँहरू हतियार आयो भन्दैमा जनता छ नि, जनताले छोड्ला र यो सरकारलाई, तपाइँहरूलाई विश्वासघात गरेपछि जनताले छोड्ला र ?

□ मैले फेरि अर्को प्रश्न गर्छु... जनता पनि त छ नि जुन प्रकारले तपाईंले निर्णय लिनुभो नि, अलि धेरै उत्तेजित हुनुभयो कि ? अलि धेरै सशङ्कित पो हुनुभो कि ?

एनिवे दिनानाथजी, म फगत यति भन्न खोज्दै छु तपाईलाई, जुन प्रक्रिया, जुन विरोध सरकारले माओवादीको गरिराखेको छ, माओवादीले सरकारको गरिराखेको छ, त्यसरी आवेशमा आएर निर्णय गर्नुभन्दा पनि जनता त छ नि, कसैलाई छोड्दैन, सरकारले दायाँबायाँ गऱ्यो भने सरकारलाई खबरदारी गर्ने पनि त छ नि ? एउटा ..... अहिले प्रसङ्ग बदलौं, अन्तरिम संविधान कहाँ गएर अड्कियो, दिनानाथजी ? तपाईलाई के लाग्छ तपाइँ एउटा रेस्पोन्सिबल नेता हुनुहुन्छ, रेस्पोन्सिबल पार्टीको, तपाईंको आँखाले हेर्दा नेपालमा अन्तरिम संविधान आउँछ, आउन चाहिँ......?

□ यसरी बुझ्दा हुन्छ दिनानाथजी ! तपाइँहरू राजनीतिक मुद्दामा अन्तरिम संविधान, अन्तरिम संसद्, अन्तरिम सरकारलगायतका कुरामा तपाइँहरू सरकारलाई घच्घच्याएको घच्घच्याई गर्नुहुन्छ तपाइँको कुराअनुसार उदेरू मानिराखेका छैनन्, सरकार के सुन्दै सुन्दैन कि के भन्छ ? जवाफ के आउँछ सरकारको तपाइँहरूले गरौं भन्दाखेरि ? सात पार्टीको नियत हेर्दा तपाइँलाई के लाग्छ ? यी सात पार्टीहरू संविधानसभामा पुग्न चाहन्छन् ?

□ यसो हेर्दाखेरि तपाइँहरूलाई के लाग्छ, संविधानसभामा त पुग्छ मुलुक यही तालले ? जनतालाई भन्दिनुस् त यो संविधानसभा जनताले चाहिरहेका थिए जसका लागि जनआन्दोलन भएको थियो, कहिलेसम्म जनतालाई दिनुहुन्छ ? हैन...... आजको डेटमा नेपाली जनतालाई भन्न सक्नुहुन्न ? नेपाली जनतालाई संविधानसभा कहिलेसम्म दिन सक्नुहुन्छ ?

- दिनानाथजी, यहाँ आइदिनुभो, बोलिदिनुभो, धन्यवाद ।

□ दर्शकवृन्द, अब हामी कार्यक्रमको दोस्रो चरणमा प्रवेश गर्न जाँदै छौं । यहाँले माओवादी पार्टीका धारणाहरू सुनिसक्नुभो, अब सुन्नुहोस्, यी तमाम विषयमा सरकारचाहिँ के भन्छ ? मलाई अनुमति दिनुहोस्, स्वागत गर्ने नेपाल सरकारका गृहमन्त्री कृष्ण सिटौला....

मन्त्रीजी स्वागत छ यहाँलाई ....... हतियार लिएर आउनु भो रे तपाईले, पच्चीस बुँदे, बाह्र बुँदे, आठ बुँदे, पाँच बुँदे सम्पूर्ण समझदारीहरू तपाईंले ब्रेक गर्नुभयो भनेर माओवादीहरूले आरोप लगाए । आन्दोलन नै निक्ल्याथ्यो किन त्यसो

गर्नुभयो ?

- त्यो खोकाहरू भेटियो नि गोलीको चै त्यो चै केका लागि ?

- कसरी भेटियो त खोका चाहिँ ? तर त्यहाँ भनियो नि पहिल्यै किन भन्नुभएन ?

- अलिकति प्रसङ्ग बदल्दै म कुरा गर्छु ल ! माओवादीको आरोप छ, तपाईंहरू राजनीतिक मुद्दामा प्रवेश नै गर्नुहुन्न । यदि तपाईंहरू दोषी हुनुहुन्नथ्यो भने आजसम्म अन्तरिम संविधान किन बनेको छैन, अन्तरिम संसद् किन बनेको छैन, अन्तरिम सरकार किन बनेको छैन ? के भन्नुहुन्छ भन्दाखेरि संविधानसभाको मिति किन तोकिएको छैन ? के विषयमा भन्नुस् त हामीलाई, .... त्यो के कारणले गर्दा अगाडि नबढेको हो वार्ताप्रक्रिया ?

- तर जान्नेबुझ्ने मान्छेले यसरी पनि भन्छन् नि, बाह्रबुँदे समझदारी गर्नुभो तपाईंहरूले, जनआन्दोलन गर्नुभयो माओवादीसाग, हातमा हात, काँधमा काँध मिलाएर, केही समस्या थिएन जब तपाईंको हातमा आयो, तपाईंको संसद्मा आयो, तपाईंको सरकारमा आयो, सिद्धियो तपाइँको सबै कुराकानी, जान्नेबुझ्नेले यसो भन्छन् तपाइंको उद्देश्य नै थिएन, संविधानसभामा जाने नै थिएन, तपाईंको उद्देश्य यति नै थियो, फगत तपाइंको अधिकार जुन राजाले फिर्ता लिनुभो अनि चुप लागेर बस्नुभो अब अगाडि बढ्नु भइरहेको छैन ।

- चार महिना बितिसक्दा पनि, अन्तरिम संविधानसमेत नबनी अरू कुरा त छोड्नुस्, संसद्को कुरा छोड्नुस्, सरकारको कुरा छोड्नुस्, केही नहुनु, राजनीतिक मुद्दामा प्रवेश नै नहुनु मुलुक, तपाईंले भनेअनुसार बुझ्ने मान्छेले कसरी बुझ्नुपर्छ यो कुरालाई......., कहिलेकहिले तपाईंले लास्ट टाइम पनि, तपाईंलाई ब्या'क, मैले तपाईलाई यही इन्टरभ्यु गऱ्या'थें, धेरै दुई महिना भइसक्यो होला, यसै भन्दै हुनुहुन्थ्यो चाँडैचाँडै भन्दै हुनुहुन्थ्यो, कहिले चाँडै यो ... समस्या के छ सरकारको

भन्नुस् त ? ...... समस्या हेर्दा त ? ..... भन्नुस्त के हो ....के हो ? ... के भनेर ? ..... बुझ्ने भाषामा यसरी भन्दा हुन्छ .....?

- नेपाल सरकारका गृहमन्त्री यो भन्दै हुनुहुन्छ माओवादीले जबसम्म आफ्नो सेना र हतियार व्यवस्थित गर्दैन तबसम्म न अन्तरिम संविधान हुन्छ, न अन्तरिम संसद् हुन्छ न अन्तरिम सरकार हुन्छ र अन्ततोगत्वा न संविधानसभा नै हुन्छ, हो ?

- उहाँहरूको अभियोग छ नि यो भएन रे त ! तपाईंहरू हतियार चैं राख राख भन्नु हुन्छ रे ! राजनीतिक मुद्दाका कुरै गर्नु हुन्न रे !

- उहाँले बारम्बार भन्दै हुनुहुन्छ, उहाँले बारम्बार भनिरहनुभएको छ तर जस्तो माओवादीले भनिरहेका छन् नि तपाईहरू हतियारका मात्रै कुरा गर्नुहुन्छ, राजनीतिक निर्णयका कुरा गर्नुहुन्न । यसको पुष्टिको लागि म तपाईंलाई एउटा निवेदन गर्न चाहन्छु । पाँचबुँदे सहमति गर्नुभो अन्तिम, अन्तिम सहमति पाँचबुँदे गर्नुभयो । त्यसमा के गर्नुभयो भन्दाखेरि अस्थायी क्याम्पमा माओवादीका सेना तथा हतियार राख्ने भन्नुभयो नि, त्यहीअनुसार युएनलाई चिठ्ठी लेख्नुभो । त्यो पाँचबुँदे सहमतिमा संविधान, अन्तरिम संविधान यसरी बन्ने यति दिनमा बन्ने, यस्तो बन्ने भन्ने निर्णय त गर्नु भयो रे नि ! हतियारको चाहिँ निर्णय गरिरहनु भा'छ । हतियारमा चाहिँ तपाँहरू निर्णय गर्नुहुन्छ, राजनीतिक प्रश्नमा चाहि" जिल्लाराम... ?

- हतियारको कुरोचाहिँ गऱ्यो, युएनलाई चिठी लेख्नेसम्म काम भयो, राजनीतिक कुराचाहिँ, अन्तरिम संविधान, अन्तरिम संसद्, सरकारचाहिँ काँ ? यै त टाइम गा'छैन, सिमोलटेनियसली जान्छ भन्नुभो नि तपाईंहरूले, त्यो त गएन नि, आरोप त्यो छ माओवादीको ।

- तपाइँको अनुमानको कुरा भयो ।

- त्यो मैले कारण जान्न खोजेको क्या मन्त्रीज्यू, यसरी बुझ्दा हुन्छ कि हुँदैन ? पुनः प्रश्न राख्न चाहन्छु । नेपाल सरकारका गुहमन्त्री भन्दै हुनुहुन्छ माओवादीको हतियार अस्थायी वार्तामा गतिरोध, अवरोध ल्याएको हो । तपाइं भन्दै हुनुहुन्छ हो ....?

- कामीडाँडाको निर्णयले नि राजनीतिक मुद्दा समाधान नभएसम्म त्यो गरिएको जुन पाँचबुँदे निर्णय छ त्यल्लाई कार्यान्वयन नगर्ने भन्ने, ...एक्ज्याक्ट्ली त्यही त भन्दै छु। तपाइँ कसरी इन्टरपेट गर्नुहुन्छ त्यसलाई ? .....

- मेरो यो प्रश्नको सीधा जवाफ दिन तपाइँ रुचाइरहनुभएको छैन ? ... कि म भन्दै छु म सोध्दै छु हतियारको कुरालाई, सायद तपाइँको मनस्थितिमा, मनमस्तिस्कमा घुमिराखेको होला, तपाइँले कुनै उद्‌गार दिँदाखेरि वार्ता प्रक्रियालाई असर पर्न सक्छ, त्यसो हुनाले भनिरहनुभएको छैन तर एउटा कुरो नि कि माओवादीको हतियार पहिला तह लगाउनुपर्‍यो, हतियार तह नलगाईकन कसरी जाने संविधानसभामा ? सात पार्टी सरकारले भनिआएको छ। माओवादी के भन्छ भन्दाखेरि सागसागै जानुपर्छ हतियार मात्रै इन इसोलेसन गर्न सकिँदैन भन्छन् नि ?

- तपाइँलाई एउटा कुरो देखाऊँ, तपाइँ आफैँ वकिल हुनुहुन्छ हेर्नुस्, है, तपाइँले भन्नुभएको यो कुरो मिल्दैन बाह्रबुँदे समझदारीमा। ..... तपाइँले यो भनेको बाह्रबुँदेसँगमिल्दैन। ..... म देखाइदिउँ .....? यहाँ हेर्नुस् बाह्रबुँदे, बाह्र बुँदाको तेसा बुँदा हेर्नुस् है। यहाँ, यसै सन्दर्भमा निरङ्कुश राजतन्त्रको अन्त्य भएपछि हुने संविधानसभाको निर्वाचनका क्रममा छौँ। फेरि अहिले हैन, माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष ढङ्गको सम्पन्न गरी निर्वाचनको परिणाम स्वीकार्ने समझदारी भएको छ। ... सुन्नुस् न यहाँ ... तपाइँले माओवादीलाई हतियार त्यतिखेर मात्रै व्यवस्थित गर भनेर भन्न सक्नुहुन्छ, बाह्रबुँदे सहमतिबमोजिम जब तपाईंले संविधानसभाको मिति तोक्नुहुन्छ, बाह्रबुँदेले भन्छ यहाँ। ... संविधानसभाको निर्वाचनको क्रममा मात्रै ..., त्यो क्रम नै सुरु भएको छैन। ... हा हा हा ... एक्ज्याक्ट्ली ठीक छ ...।

- संविधानसभाको मिति डिक्लियर हुनुपर्‍यो

- तपाइँलाई जवाफ दिन सजिलो हुने एक अर्को प्रश्न राख्दिउँ म, तपाइँलाई झन् सजिलो हुन्छ। बाह्रबुँदे पछाडि तपाइँहरूले यो बाह्रबुँदेमा यो गर्नुभो, आठबुँदे गर्नुभो, यसलाई झन् सिम्प्लिफाई गर्नुभयो। यल्लाई अझै ठोस रूपमा ल्याउन के भन्नुभयो

... ? सुन्नुस् के भन्नुभो ? भन्दाखेरि अब के हुने ? तपाइँहरूको सरकार बनिसकेको थियो अब के हुने भन्ने कुरा गर्नुभो तपाइँहरूले ? आठ बुँदामा पहिला अन्तरिम संविधान बनाउने, त्यसपछि अन्तरिम प्रतिनिधिसभा अथवा संसद् बनाउने, त्यसपछि अन्तरिम, के भन्छ भन्दाखेरि सरकार बनाएर संविधानसभाको निर्वाचनमा जाने, तपाईंले त्यसलाई कसरी गर्नुभो ? पार्टपार्ट पार्टपार्ट गरेर क्रमिक रूपमा छुटयाउनुभयो ? र फेरि के भन्नुभयो भन्दा, त्यसैको तीनमा फेरि आठबुँदामा पनि त्यसरी संविधानसभाको निर्वाचन हुने क्रममा चाहिँ अन्तरिम संविधान बनेर, अन्तरिम संसद् बनेर, अन्तरिम सरकार बनेपछि मात्रै संविधानसभा हुन्छ भनेर भनिसकेपछि त्यो क्रममा मात्रै हातहतियार बुझाउने भनेको छ आठ बुँदेमा पनि, अब यी तीनवटा कुरा चाहिँ केही पनि भएनन् रे ! तपाईंहरू खाली हतियार, हतियार भन्नुभयो रे, यो आठ बुँदा, यो बाह्रबुँदाको स्पष्ट विपरीत क्या ..., के सार छैन त्यसमा ?

- तपाईंको भावना उच्च हुन सक्छ नि तर कागजले यसो भन्दैन क्या, तपाइँलाई डिमान्ड गर्न, हतियार बुझा भनेर डिमान्ड गर्ने अधिकार दिँदैन बाह्रबुँदेले, आठबुँदेले, ..... मलाई नफुर्क्याउनुस् है ..... ठीक छ ।

- तर कसरी मान्ने त भन्नुस् त ! गिरिजाप्रसाद कोइरालाले भन्दै हुनुहुन्थ्यो, हामीले सुनेका थियौँ, हतियार नबिसाईकन पार्टीको पनि मान्यता दिन मिल्दैन भन्नुहुन्छ,। हामीले कसरी विश्वास गर्ने भन्नुस् त ? ... हतियार लिएको पार्टीलाई हामी पार्टीको मान्यता नै दिँदैनौं भन्नुभो ... कसरी ... कसरी ... उहाँले बोल्नुभा' हैन र ? ....प्लीज सर । छैन... छैन छैन... तपाईंले सत्य कुरा गर्नुभो । जुन शब्दावलीमा व्यक्त गर्नु भयो नि... यसको मतलव प्रेसले बङ्ग्याएको हो यो कुरा... ?

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | युएन/क्याम्प/ट्रेनिङ/ सिवर/ इन्डिया/ एनिवे/ रेस्पोन्सिबल/ पार्टी/डेट/ ब्रेक/ लास्ट टाइम/ ब्या'क/ इन्टरभ्यु/ सिमोलटेनियसली/ | यसमा प्रयोग भएको 'पार्टी' शब्दबाहेक अरू सबै अङ्ग्रेजी शब्दलाई नेपाली भाषामा सहजै प्रयोग गर्न सकिन्छ । यिनीहरूका |

| | | |
|---|---|---|
| | एक्ज्याक्ट्ली/ इन्टरपेट/ इन इसोलेसन/ प्लीज/ डिक्लियर/ सिम्प्लिफाई/ पार्ट/ डिमान्ड | मिठासयुक्त शब्द नेपाली छन् । यसका बाबजुद पनि युएन र इन्डियाको प्रयोग गर्दा अङ्ग्रेजीमै गरे पनि बेठीक भन्न मिल्दैन । |
| मानक उच्चारण भाषिका | आउनुस्/ भन्नुभो/ भन्नुस्/ गरिराख्या/ गर्नुभो/ आतङ्कै/ बना, को हैन/ लिनुभो/ हतियारै/ हुनुभो/ उदेरू/ भन्दिनुस्/ आइदिनुभो, बोलिदिनुभो,/ सुनिसक्नुभो/ लिनुभो/ बस्नुभो/ छोड्नुस्/ गऱ्या'थें/ भन्नुस्त/ लेख्नुभो/ भा'छ/ का"/यै/ गा'छैन/ त्यल्लाई/ हेर्नुस्/सुन्नुस्/ नफुर्क्याउनुस् | यसमा प्रयोग भएका 'आउनुस्', 'भन्नुभो'लगायतका सबै शब्दहरू मानक उच्चारणभित्र पर्दछन् । यसलाई लेख्य रूप दिँदा 'आउनुस्'को ठाउँमा 'आउनुहोस्' भनेर लेखिने गर्दछ । यसलाई वर्णविन्यासगत त्रुटिको रूपमा पनि लिन सकिन्छ । सकेसम्म पूरा शब्द (मानक) प्रयोग गर्नु उचित हुन्छ । |
| अशुद्ध उच्चारण, उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | विभाद/ फगत/ चै/ चाहि/ क्या | 'विभाद' अशुद्ध प्रयोग हो । शुद्ध प्रयोग 'विवाद' हो । 'फगत' हिन्दी शब्द हो । यसको ठाउँमा 'केवल' प्रयोग गर्न सकिन्छ । 'चैं', 'चाहिँ', 'क्या' यी मानवीय उच्चारणका थेगो हुन् । लेख्य भाषामा यसको प्रयोग उचित मानिँदैन । |

## ४.३.५ 'दिशानिर्देश' नेपाल वान टेलिभिजन

नमस्कार,

- नेपाल वान टेलिभिजन च्यानलबाट शुक्रबार राति ९ बजे प्रसारण हुने यो कार्यक्रम दिशानिर्देश भाग-२ मा म विजयकुमार यहाँहरूको हार्दिक स्वागत गर्दछु । यो

कार्यक्रमको पुनः प्रसारण शनिबार अपराह्न १२ बजे नेपाल स्टचान्डर्ड टाइमअनुसार फेरि हुने व्यवस्था रहेको कुरा पनि जानकारी गराउँदछु ।

- आदरणीय दर्शकलाई सम्झना नै होला गतसाता हामीले नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डको बहुचर्चित अन्तर्वार्ता प्रसारण गरेका थियौँ । राजनीतिक स्थितिको कुरा गर्ने हो भने अहिले राजनीतिक स्थितिमा केही समयका लागि एउटा माइनर ब्रेकजस्तो देखिन्छ । कार्यक्रममा भाग लिँदै हुनुहुन्छ । नेपाललाई सन् १९९९ यता भएका साफ खेलहरूमा लगातार तीन पटक स्वर्णपदक दिलाउने ताइकान्दो खेलाडी दीपक विस्ट, कराँतेको खेलमा श्रीलङ्कामा भएको साफ खेलमा स्वर्ण पदक दिलाउने भक्तपुरको अत्यन्त सामान्य परिवारबाट आएकी सुलोचना खिजाखो, वरिष्ठ खेलसंवाददाता राजु सिलवाल, र कराते प्रशिक्षक हीरा सिंह डङ्गोलसँगभएको रोचक कुराकानी जसभित्र मिसिएका छन् तालीको गडगडाहट र राष्ट्रको ध्वजा उच्च पार्ने खेलाडीहरूको आफ्नो व्यक्तिगत जीवनको सुखदुःख र पीडाका कथाहरू र समाजले उनीप्रति गर्नुपर्ने दायित्व र कर्तव्यवोधको सम्झनाका कथाहरू ।

  दीपकजी, नमस्कार,

- दीपकजी सबैभन्दा पहिले बधाइ छ तपाईंलाई । तपाइँ नेपाली इतिहासको वैकुण्ठ मानन्धरपछि दोस्रो व्यक्ति हुनुभएको छ जसले तीनवटा साफ खेलमा स्वर्णपदक प्राप्त गरेको छ । फेरि एकचोटि बधाइ छ ।

- कस्तो महसुस हुन्छ ?

  तपाईं ताइकान्दो खेलाडी हुनुहुन्छ होइन ?

  के हो ताइकान्दो भनेको ?

  मार्सल आर्टका विभिन्न विधामध्ये ताइकान्दोलाई हामी आक्रामक खेल भन्न सक्छौं ?

  मार्सल आर्टमा कति प्रकारका खेल हुन्छन् ?

- यता अर्थात् प्रदर्शन गर्ने खेलका निम्ति स्वर्णपदक प्राप्त सुलोचनाजी पनि आज हामीसँग हुनुहुन्छ ।

  सुलोचनाजी, नमस्कार ।

सन्चै हुनुहुन्छ ?

- तपाइँ कस्तो महसुस गर्नुहुन्छ ? कराँतेजस्तो खतरनाक खेलको ब्ल्याकबेल्ट हुनुहुन्छ । साफ खेलमा स्वर्णपदक प्राप्त गर्नुभएको छ ।

  कस्तो लाग्छ तपाईंलाई ?

- तपाइँलाई यसो साधारण मानिसहरूले सडकमा आएर केही गर्न सक्दैनन् हैन त ?

  तपाइँलाई यसो देखेर गल्ती गरे भने त्यसको सर्वनाश हुन्छ ?

- सुलोचनाजी ! तपाइँलाई हामीले सम्पर्क गर्ने कोसिस गर्दा हामीलाई निकै गाह्रो भा'थियो

- किनभने यु डिड्नट ह्याब फोन

- कसरी, कस्तो परिवारबाट आउनुभएको छ ?

- बुबा के गर्नुहुन्छ भक्तपुरमा ?

- तपाइँ एउटा साधारण कृषकपरिवारबाट आउनुभएको छ तपाइँ त्यस्तो पारिवारिक ब्याकग्राउन्डबाट आए पनि कसरी ... ?

- घरमा यसो एउटा फोन राख्ने हैसियत नभए तापनि तपाइँलाई खेलमा लगाउनुभयो ?

- कराँतेको अर्थ के हुन्छ ?

  ए ... का.रा.ते ।

  हामी कराँते, कराँते भन्छौं त्यो होइन ?

  कारात

- वास्तवमा हेर्दाखेरि कसैले भन्न सक्दैन कि तपाइँ त्यस्तो खतरनाक ब्याल्कबेल्टको खेलाडी हुनुहुन्छ ? अघि दीपकजीले भन्नुभयो कि मार्सल आर्टका खेल मोटामोटी दुई भागमा बाँड्न सकिन्छ ।

- एउटा आक्रामक ओफेन्सिभ खेल्ने खेलहरू जस्तो उहाँले खेल्ने ताइकान्दो र अर्को तपाइँले खेल्ने ।

- प्रदर्शन गर्नुहुन्छ हगि ? तपाइँ फाइट त गर्नुहुन्न ?

गरेर देखाउनु त ....

- अहिले तपाईं मास्टर लेभलको स्टुडेन्ट हुनुहुन्छ होइन ? अघि बाटोमा भन्नुहुँदै थियो एम्.बी.एस् कि के राजुजी ?

  नमस्कार ।

- अन्तर्राष्ट्रिय प्रतियोगितामा मुलुकको शिर उचो गरेर पदक दिलाउने खेलाडीहरू तिनको पृष्ठभूमि र तिनको आर्थिक अवस्था
- यो चीजले तपाईँलाई रिपोर्टिङको दौरानमा कति छोएको छ ?
- यो कुन प्रसङ्गमा हामीले कुरा गर्दै छौँ भने हामीले उहाँलाई कल गर्दा वि रिच अ डिफ्रेन्ट डिफिकल्टिज् वा अरू उदाहरण पनि छन् ।
- राजुजी, यसमा तपाईंको भनाइ के छ ? एउटा मुलुक जहाँ केही मानिसबाहेक सवै गरिब छन्, राष्ट्रले केलाई हेर्ने ? केलाई नहेर्ने ? यिनीहरू त अब रमाइलाका लागि खेले त्यसपछि के मतलब भनेर सोच्न सकिँदैन र ?
- दीपकजी ! अब कुरा कहाँनेर अड्किन्छ भने नेपाल त गरिब देश छ, यहाँको सीमितता छ नि ?
- तपाईंको अपेक्षाचाहिँ राष्ट्रले गरिदियोस् हुन्छ, विशेष गरी यो अवस्थामा कि तपाईं विश्वको एउटा यस्तो गरिब नागरिक हुनुहुन्छ ?
- हीराजी, तपाईंलाई नमस्कार छ !

  हीराजी ! तपाईं एउटा प्रशिक्षकको नाताले तपाईंको नजरबाट खेल सिक्ने इच्छा राखेका नवयुवकहरू आउँछन्, नवयुवतीहरू आउँछन्, कालान्तरमा कोही असाध्यै राम्रा हुन्छन् र मुलुकको गौरव बढाएर अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक जित्छन् । त्यसपछि तिनको जीवनमा सुखदुःख के भइरा'छ त्यस विषयमा बताइदिनुहोस् न

- अनि तपाईंले नगरिदिनुभएको भए आज हामीले मुलुकको नाममा झन्डा उठाउने, जुन झन्डा उठ्छ नि मुलुकको नाममा लाखौँ दर्शकको अगाडि देशविदेशमा,
- सबैलाई गर्न नसके पनि हाउ डु यु फिल तपाइँका बच्चाहरू स्टुडेन्टस्हरूको दुःखलाई देखेर ।

- म आशा गर्दछु कि राष्ट्रले सानै अंशमा भए पनि गुण तिर्न सकोस् । आगामी दिनहरूमा हामी सबै र समाजबाट, बाँकी जीवनको तपाइँलाई शुभकामना छ ।

- हीराजी ! तपाइँलाई पनि धन्यवाद छ पाल्नुभएकोमा र आई रियली इन्जोय दिस प्रोगाम तपाईहरू पाल्नुभएकोमा धन्यवाद छ ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | वान/स्टचान्डर्ड टाइम/ माइनर ब्रेक/मार्सल आर्ट/ ब्ल्याकबेल्ट/साफ/यु डिड्नट ह्याब फोन/ ब्याकग्राउन्ड/ ओफेन्सिभ/फाइट/मास्टरले भल/स्टुडेन्ट/एम्.बी.एस्/रिपोर्टिङ/ कल/ वि रिच अ डिफ्रेन्ट डिफिकल्टिज्/ हाउ डु यु फिल/ आई रियली इन्जोय दिस पोग्राम | यसमा प्रयोग भएका 'मार्सल आर्ट', 'साफ', 'एम्. बी. एस्'जस्ता अङ्ग्रेजी शब्दहरू नेपालीकरण भइसकेका छन् तर अन्य शब्द र वाक्यहरू जुन अङ्ग्रेजीमा प्रयोग भएका छन् त्यसको ठाउँमा मिठासयुक्त नेपाली शब्द र वाक्यप्रयोग गर्न सकिन्छ । |
| उच्चारण भाषिका | हैन/ भा'थियो/ भइरा'छ | यसमा प्रयोग भएका 'हैन', 'भा'थियो', 'भइरा'छ'का ठाउँमा 'होइन', भएको थियो र भइरहेको छ भनेर प्रयोग गर्नु मानक लेख्य नेपाली भाषा भए तापनि उल्लिखित प्रयोग जो मानक उच्चारण र भाषिकाको रूपमा रहेको हुनाले बोलीचालीको भाषामा स्वीकार्य नै मानिन्छ तर मानक हिसाबले भने यसमा वर्णविन्यासगत त्रुटि रहेको छ। उच्चारणमा पनि मानक शब्द नै प्रयोग गर्नु उचित हुन्छ । |

| | | |
|---|---|---|
| अशुद्ध उच्चारण वर्णविन्यास, उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | हगि/दौरान/ चाहिँ | यसमा प्रयोग भएका हगि, चाहिँ थेगो हुन् । बोलीचालीमा यसलाई ग्राह्य मानिए पनि लेख्य मानक भाषामा उचित ठानिँदैन । दौरान हिन्दी शब्द हो । |

## ४.३.६ 'सङ्घर्ष' नेपाल टेलिभिजन

नमस्ते,

- कार्यक्रम सङ्घर्षमा यहाँहरूलाई हार्दिक स्वागत छ। आज हामीले बेरोजगारी समस्या र विदेश पलायन हुँदा आउने विभिन्न अप्ठचारा परिस्थिति र यसले निम्त्याएको ठग्ने र ठगिने प्रवृत्तिलाई आजको विषयवस्तु बनाएका छौँ ।

  आजको कार्यक्रममा सहभागी हुनुहुन्छ - सिङ्गापुर जान खोज्दा ठगिएका कृष्ण रेग्मी र भोलानाथ अर्याल तथा अर्का सहभागी हुनुहुन्छ वैदेशिक रोजगार व्यवसायसँगसम्बन्धित यज्ञप्रसाद शर्माज्यू । कार्यक्रममा यहाँहरूलाई स्वागत छ ।
- पैसा कति जम्मा गर्नुभयो ?
- अनि पैसा जम्मा गरेको कति दिनपछि ठगिएको रहेछ भनेर थाहा पाउनुभयो ?
- तपाईंहरू सिङ्गापुर जानका निम्ति लगभग चार लाख रुपियाँ एउटा व्यक्तिले खर्च गर्नुभयो गरिसक्नुभयो, भन्नुस् न कति जना हुनुहुन्थ्यो ?
- उहाँहरू विदेश जानका निम्ति सम्पूर्ण प्रक्रिया बुझेर केही राम्रो होस् भनेर जान लाग्नुभो तर अन्तमा जुन कम्पनीबाट जान लाग्नुभएको थियो त्यो कम्पनी नै गलत थियो भन्ने जस्तो कुरा गरिरहनु भा'छ ।
- जुन कुरा नेपाल सरकारलाई पनि जानकारी भएन अथवा नेपाल सरकारलाई पनि ती मान्छेहरूले चैं बीचमा पाऱ्यो भनेजस्तो कुरा उहाँहरूले गरिराख्नु भा'छ । अब सन्दर्भ यो वैदशिक रोजगारको;

  त्यस्तो बाहिर जाँदाखेरि ठगिने स्थिति अथवा ठग्ने प्रवृत्ति कति छ ?

- यो मात्रै होइन, मतलब यो ठग्ने र ठगिने जुन एउटा जालो नै नेटवर्किङ्ग छ भन्छन् नि ? यो वैदशिक रोजगारमा यो कस्तो कस्तो किसिमको छ ?

  जस्तो कि ठगिनेले एउटा भन्यो कि नेपाल सरकारले पनि केयर गर्नुपर्थ्यो तर गरेन भन्ने जस्तो कुरा भयो ।

- तपाइँ के कारणले विदेश जान लाग्नुभएको ?
- यो पहिलोपल्ट हो कि पहिला पनि जानु'भा थियो ?
- योभन्दा अगाडि के गर्नुहुन्थ्यो ?
- अनि अब चाहिँ त्यत्रो लगानी गर्नुभयो, कम्प्युटर इस्टिच्युट चलाइराख्नु भा'छ केकस्तो छ ?
- अहिले जुन लगभग साढे तीन लाख, चार लाख लगानी गर्नु भा'छ त्यो कसरी जुटाउनुभयो ?
- विदेश जान खोजिरहनु भा'छ यत्रो पैसा लाखौँलाख रुपियाँ रिन खोजेर गर्नु भा'छ यो पैसाले हामी यहाँ केही गर्न सक्छौँ कि ?
- तर यहाँ गरेर खाने पनि त छन् नि ?
- तर अहिले त अवस्था सुध्रिने क्रममा छ भन्दाखेरि त तपाईँहामीले अझ सुधार्न सक्छौँ कि ?
- बिदेसिनु नै सबैभन्दा राम्रो बाटो हो त ?
- जस्तो एउटा कुरा, हुन त हाम्रो देशमा अहिले आर्थिक मेरुदण्ड नै रेमिटेन्स भा'छ । विदेशबाट पैसा कमाएर जसरी देशभित्र भित्रिरा'छ त्यसले देश चलाइरा,छ भने अहिले हाम्रो आवश्यकता हो, वैदेशिक रोजगारलाई विकासको बाटो पनि भनिन्छ । त्यहाँ जानै हुन्न भन्न सकिँदैन ।

  र, अर्को कुरा म यहाँको उदाहरण दिन्छु, उहाँ विदेश जानुभयो पैसा कमाउनुभयो तर सबै पैसा बिहेबारीमा सकाउनुभयो । यसले गर्दा पनि हाम्रो संस्कृति के देखाउँछ कि, हामी पैसालाई सदुपयोग गरी कहीँ लगानी गर्न सक्दैनौँ । उहाँले जति बिहेबारीका लागि खर्च गर्नु भयो त्यति हाम्रो चलनअनुसार खर्च गर्नु नपरेको भए र

कहीँ राम्रो ठाउँमा लगानी गर्नुभएको भए अहिले दस जनालाई रोजगार दिनसक्ने हुनुहुन्थ्यो कि ? यस्तो प्रवृत्तिले हामीलाई मारमा पारेको छ कि छैन ?

- हो, जुन हाम्रो धार्मिक, सांस्कृतिक मान्यताहरू छन् नि, ऋण गरेर पनि बढी खर्च गर्नुपर्ने । यसले गर्दा पनि हामीलाई वैदेशिक रोजगारतिर धकेलेको हो कि ?

- सिङ्गापुरको केस छ नि पार्टिकुलर यो केसमा चाहिँ अब तपाइँहरूको पैसा फसिसक्यो, समय पनि फसिसक्यो, समय पनि लगानी गर्नुभयो, त्यत्रो ठूलो रकम पनि लगानी गर्नुभयो । एक किसिमले तपाइँहरू रिनै रिनमा डुबिराख्नु भा,छ र पार्टिकुलर केस यो केसमा के भइदिए अर्थात् के चाहनुहुन्छ तपाइँहरू ?

- यो पैसा फेरि फिर्ता आयो भने के गर्नुहुन्छ ?
- फेरि पनि जानुहुन्छ ?

- विदेश गएर धन कमाएर ल्याउने सपनालाई टुट्न नदिनका निम्ति अपनाउनुपर्ने सचेतना के ढिलो भइसकेको छैन र ? देशकै आर्थिक मेरुदण्डको रूपमा रहेको वैदेशिक रोजगारलाई व्यवस्थित गर्ने निकायहरू नै किन बारम्बार प्रश्नको घेरामा आइरहेका छन् ? यो समस्या समाधानै नहुने हो अथवा हामी यसलाई समाधान गर्न चाहँदैनौ ?

- हाम्रा यी प्रश्नहरू अनि यहाँहरूका हरेक सङ्घर्षमा हाम्रो सदैव साथ रहने प्रतिबद्धताका साथ आजका लागि सङ्घर्ष टिम बिदा चाहन्छ । नमस्ते ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | नेटवर्किङ्ग/ कम्प्युटर इन्स्टिच्युट/रेमिटेन्स/ केस/ पार्टिकुलर/ टिम | यसमा प्रयोग भएका 'कम्प्युटर', 'इन्स्टिच्युट'जस्ता शब्द नेपालीकरण भइसकेका छन् भने अन्य अङ्ग्रेजी शब्दहरू नेपाली भाषामा मिसाउँदा स्वयम्मा क्लिष्ट र अशोभनीय भएको छ । |
| उच्चारण | भन्नुस्/ लाग्नुभो/ भा'छ/ | यसमा उल्लिखित सबै उच्चारण भाषिका |

| | | |
|---|---|---|
| भाषिका | चैँ/ जानु'भा/ चाहिँ /रिन/ भित्रिरा'छ/ चलाइरा,छ/ समधानै | मानिन्छ यद्यपि लेख्य भाषामा 'भन्नुस्'को ठाउँमा 'भन्नुहोस्' र 'समधानै'को ठाउँमा 'समाधान' नै मानक हुन्छ र लेख्य हिसाबले विश्लेषण गर्दा यसमा पनि वर्णविन्यासगत त्रुटि रहेको छ । |

### ४.३.७ 'प्रतिध्वनि', नेपाल टेलिभिजन

नमस्ते, दर्शकवृन्द कार्यक्रममा यहाँलाई स्वागत छ । यो कार्यक्रम प्रत्येक सोमबार ९:१५ बजेदेखि प्रसारण हुन्छ । अब आउनुस् आजको कार्यक्रमको विषयतर्फ लागौँ ।

- मुलुक अहिले शान्ति प्रक्रियामा लागेको छ र केही दिनभित्रै सात दल र माओवादीका शीर्ष नेताहरूबीच शीर्षस्थ बैठक हुने चर्चा चलिरहेको छ र त्यसैको गृहकार्यमा सात राजनीतिक दलका नेताहरू जुटेका छन् । आज मात्रै सात दलबीच अनौपचारिक/ औपचारिक छलफलहरू भए प्रधानमन्त्री निवास बालुवाटारमा । आज भएका बैठकका निर्णय र समसामयिक विषयवस्तुमा छलफल गर्न आजै हामीले नेपाली काङ्ग्रेस र नेकपा एमालेका प्रभावशाली नेतालाई स्टुडियोमा निम्त्याएका छौँ । सर्वप्रथम म उहाँहरूको परिचय गराउन चाहन्छु - उहाँ हुनुहुन्छ नेपाली काङ्ग्रेसका नेता रामचन्द्र पौडेल, त्यसै गरी नेकपा (एमाले) का नेता भरतमोहन अधिकारी ।
- मेरो पहिलो प्रश्न रामचन्द्र पौडेलज्यूलाई, आज सात दल र माओवादी नेताहरूको बीचमा छलफल भयो यति लामो भयो लगभग ५ बजेसम्म गयो, आजको छलफलको मुख्य विषय के थियो ?
- भनेपछि निष्कर्ष केही निस्केन आजको बैठकमा ?
- तर तयारी त केही देखिएन नि ?

  किन आजको बैठक पनि निर्णयविना नै टुङ्गियो ?
- भरतमोहन अधिकारीज्यू, दसैँ अगाडि जनतालाई एउटा केही राहतको अनुभुति दिने सात दल र माओवादीले, तर तयारी त खास देखिएन नि ?

धन्यवाद !

- हवस् त दर्शकवृन्द आजको कार्यक्रमबाट हामीलाई बिदा दिनुस् नमस्कार !

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | स्टुडियो | यसमा प्रयोग भएको स्टुडियो शब्द नेपालीकरण भइसकेको छ । |
| उच्चारण भाषिका | आउनुस्/ दिनुस् | उल्लिखित शब्दहरू मानक उच्चारणभित्र पर्दछन् । |

### ४.३.८ 'हेलो डक्टर' इमेज च्यानल

- नमस्ते, अनि स्वागत छ कार्यक्रम 'हेलो डक्टर' मा । विभिन्न चिकित्सकहरूसँग स्वास्थ्यसम्बन्धी छलफल गर्ने क्रममा आज हामीले हाम्रो स्टुडियोमा निम्त्याएका छौँ वीर हस्पिटलका कन्सल्टेन्ट कार्डिओ भासकुलर सर्जन डाक्टर प्रेमराज वैधज्यू र वहाँ एउटा एनजीओ हेल्थ फर हर्ट सर्जरीका फाउन्डर प्रेसिडेन्ट पनि हुनुहुन्छ । आज हामी उहाँसँग मुटुको रोगको विषयमा छलफल गर्नेछौँ जुन चैँ हाम्रो शरीरको महत्त्वपूर्ण अङ्गमध्येको एक हो । अहिले हामी मुटुका कार्य र मुटुमा लाग्ने रोगहरूको विषयमा छलफल गर्नेछौँ ।
- डक्टर साहबलाई कार्यक्रममा स्वागत छ ।
- डक्टर साहब ! मुटु हाम्रो शरीरको महत्त्वपूर्ण अङ्गमध्ये एक हो, यसको कार्य के हो त ?
- भनेपछि मुटु बिरामी हुनुमा फोक्सोको पनि हात छ ।

  भनेपछि फोक्सोको पनि इम्पोर्टेन्ट रोल रहेछ हार्ट डिजिजमा
- डक्टर साहब भनौँ न मुटुमा लाग्ने रोगहरू के के हुन् ?

  जन्मजात भन्नाले कस्तो किसिमको ?

- अर्को जन्मेपछिको चैं
- डक्टर साहब ! तपाईंले दुई थरीको मुटुको रोग बताउनुभयो । एउटा जन्मजात हुने र अर्को पछि हुने । हामीचाहिँ आज जन्मजात नभएर पछिको हार्ट डिजिजको कुरा गरौं ।
- हाम्रो नेपालमा कस्तो छ यो स्थिति ? पछि हुने हार्ट डिजिजको रोग ?

  कस्तो किसिमको रोग हो यो कोर्नोर्‍याटी डिजिज ?
- यो लो डेन्सिटीको...,
- बगाएर लान्छ, हजुर ,

  भनेपछि लो डेन्सिटी कोल्ड स्टोर चाहिँ नराम्रो ।
- डक्टर साहब अलिकति अझै खुलाइदिनुस् न कोर्नोर्‍याटी डिजिज भयो भने हार्ट मा के हुन्छ ?
- भनेपछि मुटुमा दुख्याजस्तो हुँदैन ? जस्तो कि हातमा दुख्ने भन्नुभयो डक्टर साहबले, कस्तो ? हात भारी हुने हो कि कस्तो ?
- च्यापुतिर भन्नुभयो डक्टर साहबलाई कस्तो गाह्रो हुने हो, कि ए यता देब्रे लेफ्ट साइड मा,
- ढाड पनि दुख्ने भन्नुभयो डक्टर साहबले, कस्तो ...
- डक्टर साहब यो कोर्नोर्‍याटी डिजिज अर्को कुनै कारणबाट पनि लाग्छ कि ?
- कुन एजमा हुनसक्छ, यसको कुनै एज बारियर छ ?
- डक्टर साहब यो रोग निको हुन्छ कि हुँदैन ?
- फेरि बन्द हुन पनि सक्छ ...

  भनेपछि किन लाग्न दिने कोल्ड स्टोर कम हुने चीज खान दिनुपर्‍यो व्यायाम गर्नुपर्‍यो होइन डक्टर साहब ?
- दर्शकवृन्द, आज हामी छलफल गरिरहेका छौं मुटुको रोग विषयमा र यसका निम्ति हामीसँगहुनुहुन्छ कन्सल्टेन्ट कार्डियो सर्जन डाक्टर प्रेमराज वैद्यज्यू । उहाँसागको कुराकानी राख्ने नै छौं यो छोटो विश्रामपछि ।

- डक्टर साहबले बताइहाल्नुभयो मुटुमा लाग्ने दुई किसिमका रोग हुन्छन् । एउटा जन्मजात लाग्ने रोग र अर्को पछि लाग्ने रोग । आज हामी पछि लाग्ने रोगबारे छलफल गरिरहेका छौँ । डक्टर साहबलाई पुनः स्वागत छ ।
- अब हामी रुमेटिक हार्ट डिजिजतर्फ जाऔँ जुन डक्टर साहबले भन्नुभयो ग्रामीण परिवेशका मानिसहरूलाई लाग्ने रोग ।
- के हो यो रुमेटिक हार्ट डिजिज ?

  रूघा लागेजस्तै ?
- डक्टर साहब हामी सहरमा बस्नेहरू पनि अलिकति रूघाखोकी लाग्दा पनि महिनासम्म 'एन्टिबायोटिक' अथवा अन्य औषधि खाँदैनौँ, निको हुने बल्झिने गर्छ होइन त ?
- डक्टर साहबले जुन कीटाणुको कुरा गर्नुभयो त्यो नलागेर पनि खोकी लागिरा'छ घाँटी दुःखिरा'छ भने पनि रुमेटिक हार्ट डिजिजपछि लाग्न सक्छ कि सक्दैन ?
- भनेपछि डाक्टरकोमा चेक गर्न जानुपऱ्यो ।

  डक्टर साहब कुन उमेरका मानिसलाई लाग्छ यो रोग ?
- डक्टर साहबले जुन अघि भन्नुभयो नि ! खोकी लाग्ने फेरि निको हुने फेरि लाग्ने । निको हुने भन्नाले कीटाणुले छोडेर जाने भएर हो कि ?
- डक्टर साहबको एनजीओ पनि छ जसको नाम हो हेल्थ फर हार्ट सर्जरी के काम गरिरा'छ यसले ?
- कति जना डोनर हुनुहुन्छ ?
- व्यक्तिविशेषले कसैले दिन चाहे भने प्रोत्साहन गर्नुहुन्छ कि हुन्न ? अहिलेसम्म कोही आएका छन् कि ?
- डक्टर साहबले हाम्रो स्टुडियोमा आइदिएर मुटुको रोगसम्बन्धी धेरै जानकारी उपलब्ध गराइदिनुभयो, यसका लागि धेरैधेरै धन्यवाद !
- त दर्शकवृन्द ! आज हामीले मुटुको रोगसम्बन्धी छलफल गरिहाल्यौँ । यसका निम्ति हाम्रो स्टुडियोमा हुनुहुन्थ्यो वीर अस्पतालका कन्सल्टेन्ट कार्डिनल सर्जन डाक्टर

प्रेमराज वैद्यज्यू । अब अर्को हप्ता कुनै रोगसम्बन्धी जानकारी लिएर उपस्थित हुने नै छौँ । त्यसका निम्ति हाम्रो सम्पूर्ण हेलो डक्टर टिमलाई विदा दिनुस् नमस्कार ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | हेलो डक्टर/हस्पिटल/ कन्सल्टेन्ट कार्डिओ भासकुलर सर्जन/ एनजीओ हेल्थ फर हर्ट सर्जरी/ फाउन्डर प्रेसिडेन्ट/ डक्टर/ इम्पोर्टेन्ट रोल/ हार्ट डिजिज/ कोर्नोऱ्याटी डिजिज/ लो डेन्सिटी/कोल्ड स्टोर/ कोर्नोऱ्याटी डिजिज/ लेफ्ट साइड/ एज/ बारियर/ कोल्ड स्टोर/ रुमेटिक हार्ट डिजिज/ एन्टिबायोटिक/ चेक/एनजीओ/ हेल्थ फर हार्ट सर्जरी/डोनर/स्टुडियो/ हेलो डक्टर टिम | यसमा प्रयोग भएका अधिकांश अङ्ग्रेजी शब्दहरू प्राविधिक शब्दका रूपमा आएका र यिनीहरूलाई नेपाली भाषामा रूपान्तरण गर्न निकै कठिनाइ हुने हुनाले नेपाली भाषाभित्रै यिनीहरू मिश्रित हुन पुगेका छन् तर पनि 'एनजीओ', 'हेल्थ फर हर्ट', 'सर्जरी', 'फाउन्डर', 'प्रेसिडेन्ट', 'हार्ट डिजिज', 'लो डेन्सिटी', 'कोल्ड स्टोर', 'लेफ्ट साइड', 'एज', 'बारियर', 'चेक', 'डोनर', 'टिम' आदि शब्द नेपाली भाषामा प्रयोग गर्न सकिन्छ तर अङ्ग्रेजीमै प्रयोग गर्ने मोह देखिन्छ । |
| मानक उच्चारण भाषिका | चैँ/ चाहिँ/खुलाइदिनुस्/ दुख्याजस्तो/ लागिरा'छ/ दुःखिरा'छ/ गरिरा'छ/ दिनुस् | यसमा उल्लिखित शब्दहरू मानक उच्चारण भाषिका हुन् । |
| अशुद्ध उच्चारण, उपसर्ग तथा | साहब | 'साहब' शब्द हिन्दी हो । यो शब्द आगन्तुक हो । |

| | | |
|---|---|---|
| प्रत्यय,<br>पदसङ्गति,<br>थेगो आदि | | |

### ४.३.९ 'द पवनकली सो' कान्तिपुर टेलिभिजन

प्रस्तोता : ए... बा.., आउनु'भो । नमस्ते यहाँलाई ।

कार्यक्रममा स्वागत छ ।

आज हामीले को पाहुना ल्यार आइराछम् गेस गर्नुहुन्छ ?

खै मिल्लाजस्तो छैन, आज हामीले ठूलै मान्छे ल्यार आइराछम् ।

अब देश विकास गर्ने एउटा भाग ल्याइछम् क्या, आउँ उहाँलाई कार्यक्रममा स्वागत गरौं ।

- नमस्ते ।
- नमस्ते ।
- ए... बा... ! आरामै हुनुहुन्छ ?
- एकदम आराम ।
- ठूलो मान्छेलाई बोलाउँदा त मेरो घरको पनि सानै बेग्लै हुने रैच ।
- हो र, खै त्यस्तो त लाग्दैन । अबदेखि झन् ठूला आए भने झन् घरको सान बढ्ला ।
- तपाइँभन्दा ठूला नि छन् र ?
- धेरै ठूला छन् नि !
- उद्योग वाणिज्य महासङ्घको अध्यक्षज्यू !
- त्यही भन्छन् क्यारे !
- बाबा नामै यति लामो छ, काम झन् कति ठूलो होला !
- नेपालमा नेपालको देशको स्थितिले गर्दा काम चाहिँ झन् सानो भएको छ ।
- विकास छैन र ?
- विकास छ र विकास छैन, विकास गर्नुपर्‍यो भनेर यत्रो सबै लागिपरेका छन् ।
- छ कि छैन भनेर हजुरलाई बोलाइसिया !

- जुन हिसाबमा हुनुपर्ने त्यो हिसाबमा भएको, खै हामीले देखेका छैनौँ ।

- हामी पनि त विकास गर्नै परो भनेर लागिपरेका... ।

□ कसको कमजोरी होला त त्यो ?

- कमजोरी त देशकै समस्या भएपछि सबैको कमजोरी भन्नुपर्‍यो ।

□ सबै थाहा छ अनि किन भएन त विकास ?

- देशको उद्योगको प्रकृति आफैँमा यस्तो खालको हुन्छ कि, समयमा पुर्‍याउनुपर्ने, समयमा सर्भ उपलब्ध गराउनुपर्ने, समयमा पठाउनुपर्ने, समयमा उत्पादन गर्नुपर्ने ।

□ भका फेक्टरी पनि बन्द गर्नुहुन्छ ?

- भएका फेक्टरी त बन्द भइसके अब के बाँकी छ त ? गर्न बाँकी नै छैन त केही ।

□ किन बन्द गर्नुभो अनि त ?

- अब फेक्टरी खोलेर उत्पादन गर्न नसक्ने, देशमा शान्ति सुव्यस्था सरकारले दिन नसक्ने अनि हाम्रा छिमेकी मुलुकमा चाहिँ यत्रो आर्थिक वृद्धिदर भइराखेको ।

□ हजुरलाई गाली गर्दैनन् ?

- गाली त गर्छन्, सबैले गाली खाइ'रा म पनि खाइदिन्छु नि केभो र ?

□ हेर, बानी परेजस्तो छ ?

- हैन, बानी पर्‍या हैन, प्रोसेसमा छु ।

□ तपाइँलाई गाली गर्ने पनि अलि त आँट भएको चाहियो । केके हुन् केके हुन् यी पत्रपत्रिकाका कुरा म अलि बुझ्दिनँ ।

- आँट त धेरैको छ, त्यत्रो पत्रपत्रिकामा गाली गर्दैनन्, गाली गरेकै छन् नि ।

□ अनि देशमा अशान्ति भएरै हो त फेक्टरीहरू बन्द भएको ?

- जन्मिने मान्छे नै धेरै, आम्दानी कम भएको देशमा कस्तो होला त ? अनि त्यो देशमा कारखाना, रोजगारी उद्योग त असम्भव कुरा त भइगयो नि !

□ त्यस्तो कुर्सीमा किन बस्ने नि त ! नछोडिदिएर ।

- त्यो फैसला मैले गर्ने त हैन नि । हाम्रो त के हो भने त्यो भएको व्यवसायलाई जसरी हुन्छ व्यवस्थित गराउने ।

□ अनि बन्द गर्ने..

- बन्द गराउने होइन, हामी त खोल्ने हो ।

□ खै त खोलेको ?

- खोलेर मात्र के गर्नु ! खोलिसकेपछि बन्द हुने अवस्था छ । मान्छे कारखानामा जान सक्दैन ।

□ किन घाटा लाउने किन हो ?

- घाटा लाउने कसैले पनि आफूले लगाएको, घर बनाउनेले घर भत्काउँछ र ? भत्काउँदैन नि ।

□ बा..., गफ जान्ने, बाई कति बोल्ने नि ?

- अब यति बोलिनँ भने... ।

□ सुन्या थेँ मैले साँ चै रै'च ।

- सुनेको कुरा पक्का भयो होइन ?

□ राजनीति गर्ने, ऊ गर्ने भन्ने अनि आफैँ चैँ नारायणहिटीमा राजालाई फूल दिएको देख्छु, कहिले जङ्गलका मान्छेसँगफोटो खिचेको...

- जङ्गलमा बस्ने मान्छे, मान्छे हैन र ? फोटो खिच्ने काम त मेरो हो र ! त्यो त क्यामरामेन को हो । म त त्यहाँ आफ्नो डचुटी कर्तव्य पूरा गर्न गएँ ।

□ नक्कले हुने भन्छन्, सा"च्चै हुनुहु"दोरैच ।

- नक्कले छु र ? त्यस्तो लाग्दैन । आजसम्म पहिलो मान्छे हो मलाई नक्कले भन्ने ।

□ खै भन्थे ।

- मैले के नक्कल पारेको छु र ?

□ बूढो मान्छे खै पत्ता लगाइएन ।

- बूढो मान्छेले झन् छिटो पत्ता लाउँछन् नि !

□ म त कहाँ बूढो मान्छे, तपाईं पो ।

- लोग्ने मान्छेलाई भन्दा झन् चाहिँ लेडिजहरूलाई बूढो भन्दियो भने, नराम्रो भन्दियो भने झन् धेरै पीर पर्छ रे ।

○

एउटा सानो छुट्टी लिउँ है । एउटा सानो छुट्टी लिउँ हामी फेरि आइहाल्छौँ है ।

○. दर्शकवृन्द ! कार्यक्रममा स्वागत छ । आज हामी कुरा गरिराछौँ धनी मान्छेसँग, हैन र ? ए... बा..., तपाईंजस्तो बुझेको मान्छे पनि आन्दोलनमा जान्चन् र ?

- हामी पनि हुर्कने क्रममा यहाँ आइपुगेको त हो नि ।

□ ए... बा... तपाईँहरू राजनीति किन गर्नुहुन्छ... भन्नु त ? तपाईँहरूको काम राजनीति गर्ने हो ?

- राजनीति भन्या त एउटा चेतनशील मानिस सबैले गर्ने, राजनीति नै बुझ्नेन भने... हैन उद्योगधन्दा, कसरी विकास गर्ने, कसरी गर्ने कुरा हो कि राजनीति गर्ने कुरा हो ?

- हाम्रो काम त्यो हो नि । राजनीति गर्ने काम थिएन भने सबैले चाहि" उद्योग वाणिज्य सङ्घमा गईगई तपाईँले हामीलाई सहयोग गर्नुपर्‍यो भन्ने, हामी आएनौँ भने पत्रकार पनि नागरिक समाज पनि के रे बुद्धिजीवी वर्गका मानिसले पनि यो उद्योग वाणिज्य सङ्घले हामीलाई सहयोग गरेन भन्ने ।

□ मेरा कार्यक्रममा आएर नेताले जति बोल्ने, के गरौँ नि ? दसवटा प्रश्नको जवाफ एउटै उत्तरमा दिने ?

- यति नबोलौँ भने जवाफै नपुग्ने ।

०. अब के सोध्ने हो मैले..

□ त्यति स्वर्गजस्तो घर बनाएर, साह्रै निद्रा लाउँछ होला मेरो त यस्तो झुपडी छ । मलाई पनि पैसा कमाउन सिकाइदिनुपर्‍यो...

- पैसा कमाउन कसरी सिकाउने ?

० तपाईँको होटल त चलिराछ क्यारे

- मेरो होटल नै छैन ।

० तपाईँको चाइनिज होटल छ रे नि ?

- ए त्यो रेस्टुरेन्ट पो त त्यो पनि अब चल्न छोडिसक्यो ।

० अनि केको नेपाली नखोलेर चाइनिज खोलेको ?

- हा... हा....

० मलाई थाहा छ किन हो... भन्दिनँ, गाली गर्न पाइँदैन क्यारे, गाली गर्नुभयो भने रोइदिन्छु क्यारे । चाइनिज गर्लफ्रेन्ड छ क्यारे ।

- हैन चाइनिज पार्टनर हुनुहुन्छ ।

० हो हो गफ दिने हो क्यारे ।

० ए... बा... म मुख बन्द गर्छु ।

० यो बल्याकलिस्ट भनेको के हो ?

- खै मलाई थाहा छैन ।

o तपाईँलाई पारिराख्याछन् क्यारे !

- होला । सबैले पार्छन् कलाकार... पत्रकार...

o पैसो लिएर नतिरेर

- होइन ।

o हजुर हैन ?

o हैन पैसा नतिर्नेलाई पनि भन्छन् रे ! मैले सुनेको ।

- खै तपाईँलाई कसले सुनायो

o धनी मान्छेले पनि किन लिनुपर्‍यो नि रिन !

- व्यापार गर्नेले लिन त पर्छ ।

o अनि अघि त्यै भनेको हैन ?

...........

o हामीजस्ताको लागि हो त्यो बैङ्क त

- सबैका लागि हो ।

o बल्ल थाहा पाएँ मैले, त्यत्रो घर के भ'र बना'को ।

o तपाईं त आफैँ दस्तखत गर्ने हैन र ?

- होइन ।

o हैन भने किन त त्यो लिस्टमा पारेको त ?

- किन पार्‍यो मलाई थाहा छैन ।

o अहिले छुट्टी लिऊँ, फेरि आइहाल्छौँ ।

नमस्ते दर्शकवृन्द ! कार्यक्रममा स्वागत छ, कुराकानी अगाडि बढाऔँ ।

- बढाऔँ ।

o के टीभीमा पनि काम गर्नुहुन्थ्यो केको... टीभी नै किन्ने मान्छे ।

o राति निद्रा लाग्दैन र, लाग्छ नि !

o ए बा, कस्तो धैर्यता, रिन नतिरेको केही पीर छैन ?

o कि हुसी सुसी पनि खाइन्छ ।

o तपाईँहरू नै राजनीति गर्नुहुन्छ...

- हामीले राजनीति गऱ्यो भने राम्रो हुन्छ त ?
- o गर्नुभयो र बिग्र्यो ।
- o लोकदोहोरीमा र लोकगीताँ पुरस्कार-सुरस्कार दिन जानुहुन्छ रे के हो ?
- हा... हा...।
- o कि मन बुझाउने बाटो ?

.....................

- o कि डिस्कोसिस्को जाने र !
- o लोकगीत सोधेको डिस्कोमा ग'र अड्को ।
- o अब एउटा खेल खेल्नुपर्छ । म छिटोछिटो प्रश्न सोध्छु छिटोछिटो उत्तर दिनुहोला ।
- o वान, टु, थ्री ।
- o ब्ल्याकलिस्ट कि ह्वाइट लिस्ट ?
- ह्वाइट लिस्ट ।
- o दौरासुरुवाल कि टाइसुट ?
- संसद्मा नै दौरासुरुवाल लाउन छाडिसके त्यसैले टाइसुट ।
- o नारायणहिटी, बालुवाटार कि जङ्गल ?
- सिंहदरबार ।
- o उद्योगपति कि राजनीतिज्ञ ?
- उद्योगपति ।
- o जीवनमा के पाएँजस्तो लाग्छ ?
- कुनै पनि कुराको डिसिजन लिने क्षमता ।
- o कापासिटी बा... बुझ्दै छु आजकल मैले पनि ।
- o पश्चात्ताप के कुरोमा लाग्छ नि ?
- आफूले नगरेको काममा आलोचना गर्दा ।
- o ल भयो, लामो भयो, अब तपाईंको कमजोरी के हो ?
- कमजोरी नै छैन । अर्काको दुःख देख्न सक्दिनँ । दुःख नदेख्ने हो भने नेपालमा नबसे पनि हुन्छ ।
- o तपाईं असल पिता कि असल पति ?
- असल पिता पनि पति पनि ।

- ○ सेक्स नि ?
- \- स्वस्थ रहन अत्यावश्यक कुरा ।
- ○ ए... बा... काँ मैले त्यस्तो भनेको, विदेशतिर हुन्छ नि फारम भर्ने ।
- \- त्यसो भन्नु न ।
- ○ के दिने नि पुरुस्कार ?
- \- तपाईंलाई एउटा प्रश्न सोध्न दिनु ल, सोध्नुस् ।
- □ कुरा मिलाएर मीठोसागले ल्याग्रो तानेर, चेपारो घसेर बोल्न कहाँबाट सिक्नुभयो ?
- \- जति चेपारे जाने नि पैसा आउँदैन ।
- □ तपाईंलाई केही भन्न मन लागेको छ ?
- \- मलाई के भन्न मन लागेको छैन । तपाईंको कार्यक्रम धेरै राम्रो छ र म पनि सधैं हेर्छु । अर्कोचोटि आउँदा अहिलेका गल्ती सुधारुँला ।

  ल, हामी कुरा गरिराथ्यौं उद्योग वाणिज्य सङ्घको अध्यक्षसँग, ल अर्कोपालि पैसा दिन्छु भन्नु भा'छ । म अर्को नयाँ लुगा ला'र आउँछु है त नमस्ते ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | द पवनकली सो/ टेलिभिजन/ गेस/ सर्भ/ फेक्टरी / प्रोसेस/ क्यामरामेन/डचुटी/ लेडिज/ रेस्टुरेन्ट/ गर्लफ्रेन्ड/ पार्टनर/ बल्याकलिस्ट/ लिस्ट/टीभी/ वान, टु, थ्री/ ह्वाइट लिस्ट/टाइसुट/ डिसिजन/ कापासिटी/ सेक्स/ फारम | यसमा प्रयोग भएका टेलिभिजन, रेस्टुरेन्ट, टाइसुट, फारम अङ्ग्रेजी शब्दहरू नेपालीकरण भइसकेका छन् तर प्रयोग भएका अन्य अङ्ग्रेजी शब्दहरूका ठाउँमा नेपाली शब्द प्रयोग गर्न सकिन्छ । |
| उच्चारण भाषिका | ए... बा.., आउनु'भो/ ल्यार आइराछम्/ ल्याइछम् क्या आउँ/ एकदम/ सानै/रैच/ नि/ क्यारे/ बाबा/ चाहिँ/यत्रो/ बोलाइसिया/ | यसमा प्रयोगमा आएका शब्दहरू उच्चारण भाषिका मानिन्छन् यी देशको भौगोलिक र सामाजिक विविधताका आधारमा भाषिकाका |

| | | |
|---|---|---|
| | परो/ अनि/ भका/ गर्नुभो अनि त/ हजुरलाई/ खाइ'रा/ नि केभो/ हेर/ हैन/ पऱ्या/ भई गयो नि/ नि त/ हैन नि/ लाउने/ बा.../ बाई/ नि/सुन्या थैँ/ साँच्चै रै'च/ ऊ गर्ने/ नक्कले/ साँच्चै हुनुहुँदोरैच/ खै भन्थे/ लाउँछन् नि/ भन्दियो/ हैन र/ गरिराछौँ/ ए... बा.../ जान्चन् र/ भन्या/ गई-गई/ के गरौँ नि/ जवाफै/ लाउँछ/ चलिराछ/ पारिराख्याछन्/ रिन/ त्यै/ त्यत्रो/ भ'र बना'को/ हैन र/ हुसी सुसी/ बिग्यो/ गीताँ/सुरस्कार/ डिस्कोसिस्को/ डिस्कोमा ग'र अड्को/ बा.../ ए... बा... काँ/सोध्नुस्/ ल्याग्रो तानेर, चेपारो घसेर/ चेपारे जाने नि/सुधारुँला/ गरिराथ्यौँ/ भा'छ/ ला'र | रूपमा आउँछन्। पवनकलीले प्रयोग गर्ने भाषा पश्चिम नेपालको खास गरी गण्डकी र धौलागिरि अञ्चलको पर्वतीय र हिमाली भागमा बोलिने स्थानीय भाषा हो। यसमा प्रयोग भएका शब्दहरू भाषिकाका रूपमा लिइए तापनि कतिपय शब्दहरूको प्रयोग बनावटी पनि देखिन्छ। नि, क्यारे, किलगायतका निपातहरूको व्यापक प्रयोग गरिएको छ। यति धेरै प्रयोग गर्नु आवश्यक छैन। हुसी, सुसी भनेको के हो एउटा सामान्य दर्शक र श्रोताले बुझ्न सक्दैन। स्थानीय भाषाको प्रयोगका नाममा छ्यासमिस रूपमा विभिन्न भाषाको मिसावट गरी विकृत बनाउने काम पनि यसमा भएको छ। नेपाली भाषामा शब्दहरू चार किसिमका मानिएको छ। जस्तै झर्रा, तत्सम, तद्भव र आगन्तुक। |
| अशुद्ध उच्चारण, उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | चाहिँ/के रे/ क्यारे/धैर्यता | चाहिँ/के रे/ क्यारे विभिन्न वाक्यसँग जोडिएर आउने व्यक्तिविशेषका थेगा हुन्। 'धैर्यता' अशुद्ध हो। |

### ४.३.१० विज्ञापनमा नेपाली भाषा

विज्ञापन भनेको विज्ञापनकर्ता (प्रेषक) ले उपभोक्ता (प्रेषित) लाई दिने सन्देश वा जानकारी हो । यो संक्षिप्त, आकर्षक र स्पष्ट शैलीको हुनु पर्दछ । विज्ञापनका विभिन्न रूपअन्तर्गत व्यक्ति, वस्तु जनाउ आदि पर्दछन् । रिक्त पदको विज्ञापन, उत्पादनको विज्ञापन, व्यक्ति वा वस्तु हराएको विज्ञापन र नयाँ कुराको विज्ञापन आदि ।

विज्ञापन पनि दुई प्रकारका हुन्छन् । एउटा सामान्य विज्ञापन, जुन औपचारिकताका लागि र सामान्य जानकारी दिए हुन्छ । अर्को विशिष्ट विज्ञापन, जुन विशेष प्रकारले गरिनु पर्दछ । यसमा भाषा र शैलीको आकर्षक प्रस्तुति गरिनु पर्दछ । श्रव्य-दृश्य माध्यमहरूमा चित्र, सङ्गीत र गीतका रूपमा समेत प्रस्तुत गरिन्छ । यसमा प्रस्तुत गरिएका विज्ञापनहरू प्रायः विशिष्ट खालका पर्दछन् । नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, च्यानल नेपाल, नेपाल-१, इमेज च्यानललगायतका केबल नेटवर्क र रेडियो नेपाललगायत विभिन्न एफ्.एम्.हरूमा प्रसारण (श्रव्य-दृश्य) हुने गरेका नेपाली भाषाका विज्ञापनका केही नमुना तल प्रस्तुत गरिएको छ :

(१) वस्तु : आर्.एम्.सी.जस्तापाता

आर्.एम्.सी. राजेश प्रस्तुत गर्दछ शतप्रतिशत सुरक्षाको प्रत्याभूति जो अरूभन्दा भिन्न छ, आर्.एम्.सी. राजेशको उत्कृष्ट उत्पादन आर.एम.सी. जस्तापाता ।

(२) वस्तु : सी.जी.टी.भी.

उपहार सी.जी.टी.भी.मा

उपहार हाते घडी सि.जि.टि.भी.मा दसैँतिहारको उपलक्ष्यमा चौधरी ग्रुपको हरेक<br>सी.जी.टी.भी.मा एउटा सी.जी. हाते घडी सित्तैमा आफ्नै सी.जी.टी.भी.किन्दा ...<br>प्राइस फ्रम दि मेकर्स अफ सी.जी. ।

(३) वस्तु : बाटिका हन्नी सोफ्रन सोप

हजुरआमा, आई<br>ए हो ।<br>भन त हेर्दा कस्ती छे ?<br>गाजलु आँखा, धत्<br>तीखो नाक अनि मुहारमा क्या त्यो छ हजुरमुआ"

के छ ? दाग !

होइन हजुरमुआँ

त्यो जुन हुन्छ नि त्यो ...

महको चमक केसरको निखार,

बाटिका हन्नी सोफ्रन सोप दिन्छ....

– हजुरमुआँ यु नो, नो आई नो

बाटिका हन्नी सोफ्रन सोप

(४) वस्तु : भोटाहिटी जुत्ता पसल

– जुत्ता चप्पल किन्नु पर्ने कहाँ जाने होला ?

– ल ! जुत्ताचप्पल किन्नको लागि त काठमाडौँको एक मात्र खुद्रा पसलमा होलसेल मूल्यमा पाइने भोटाहिटी जुत्ता बजार जाऔँ, जहाँ स्वदेशी तथा विदेशका जुत्ताचप्पलहरू लेडिज, जेन्स, स्कुल, अफिस र बच्चाबच्चीका जुत्ता चप्पलहरू ग्यारेन्टीका साथ फिक्स प्राइसमा पाइन्छ नि !

– त्यसैले तपाइँहरू पनि बिना बार्गेनिङ जुत्ताचप्पल किन्नु छ भने अवश्य पनि हामीलाई सम्झनुहोस् । सुपथ मूल्य, एक दाम, भोटाहिटी जुत्ता भण्डार, पसल नं. १०९, साझा भवन भोटाहिटी एक तल्लामाथि ।

(५) देउराली जनता :

औषधि सेवन गर्दा सावधानी अपनाऔँ ।

स्वास्थ्यसँगखेलवाड नगरौँ ।

चिकित्सकको सल्लाहले मात्रै औषधि सेवन गरौँ ।

नेपालको उच्च गुणस्तरीय औषधि उत्पादन गर्ने 'देउराली जनता' हाम्रै त हो नि !

(६) वस्तु : दुलही साडी

– के हो प्रेरणा तेरो साडीमा सबैले आँखा लगाउँछन् त ?

– साडी सबैभन्दा अगाडि त्यसमा पनि दुलही साडीमा त आँखा लगाउने नै भए नि श्रुति !

– ए त्यही भएर पो ! बल्ल तैँले किनेको दुलही साडी पत्ता लगाएँ । अब त सबैको आँखा मेरो साडीमा पनि !

– त्यसो भए कहाँ छ त यो ?

– त्यही त हो नि, मख्खन टोलमा रहेको गणेश आर्केडमा ।

आवर सर्भिस, यु डिजाइन एक्सक्ल्युसिभ एन्ड स्पेसियल क्वालिटी सारी, लेटेस्ट डिजाइन कुर्तासल्वार, दुलही सारिज । मख्खनटोल, काठमाडौँ, नेपाल ।

(अङ्ग्रेजी वाक्यको प्रयोग)

(७) वस्तु : डाबर तेल

हाई हाई

ओह ओह

हेयर वेल किन लगाउँदैनौ ?

'हे बिजुलीको तार तार...

डाबर स्पेसल लाइट हेयर वेल ।

(९) वस्तु : रमपम चाउचाउ

के तिमी पनि कृस बन्ने हो ?

बन्ने हो भने यो लेऊ...

चक्कर रमपमको कुनै पनि पाँच कुपनको सट्टामा कृस मास्क सित्तैमा ।

(१०) कोक

रिफ्रेसिङ आइस कोल्ड कोकाकोला ।

(१२) रोवा टि.भी.

हाई म विपना थापा

मेरो एक्लोपनको साथी, मेरो रोवा बडादसैँ तथा दीपावली उपहार– अफर प्रत्येक रोवा टीभी को खरिदमा एउटा स्टिम आइरन, ड्राई आइरन र ग्लेसबोल सित्तैमा, रोवा, दि भिजिवल टेक्नोलोजी अफ जापान ।

(१३) ओरियन्ट को-अपरेटिभ

ओरियन्ट ! ओरियन्ट ! ओरियन्ट !

हरेक क्षेत्रमा हाम्रो सुरक्षित लगानी

तपाईंको सफलता नै हाम्रो आम्दानी

अब विश्वासिलो नाम ओरियन्टल, ओरियन्टल सुरक्षित । आकर्षण व्याज ओरियन्टल नै विश्वासिलो सहकारी माभ्m । ओरियन्टल को-अपरेटिभ लिमिटेड प्रधान कार्यालय, मैतीदेवी, काठमाडौँ ।

(१४) वस्तु : म्याजिक :चप्पल

सय थरी पाइला एउटै चाल म्याजिक चप्पल ।

अन्तर्राष्ट्रिय गुणस्तरको खपाउ, टिकाउ र हलुका चप्पल म्याजिक चप्पल म्याजिक इज दी बेस्ट ।

(१५) सनसिल्क हेयर वेल

ए हे उडी उडी जान्छ कपाल आज खुसीले लहलाउँछ जमाउँछ, आज मस्तीले स्वच्छ, मजवुत सिल्की कपाल सनसिल्कले कालो स्वरूप आफ्नो पायो कपालले ।

नरिवल र अमलाको दोहोरो गुणयुक्त सनसिल्क हेयर वेल जसले कपाललाई बनाउँछ जरैदेखि मजबुत र सिल्की ।

## विवेचना/टिप्पणी

| | | |
|---|---|---|
| अङ्ग्रेजी शब्दको प्रयोग | आर्.एम्.सी./सी.जी.टी.भी. /ग्रुप/प्राइस फ्रम दि मेकर्स अफ सी.जी./ बाटिका हन्नी सोफ्रन सोप/ यु नो, नो आई नो/ होलसेल/ लेडिज, जेन्स, स्कुल, अफिस/ ग्यारेन्टी/ फिक्स प्राइस/ बार्गेनिङ/ आर्केड/ आवर सर्भिस यू डिजाइन एक्सक्ल्युसिभ एन्ड स्पेसियल क्वालिटी सारी लेटेस्ट डिजाइन सारिज/हाई/ ओह/ हेयर वेल/डाबर स्पेसल लाइट | विज्ञापनमा भाषिक शुद्धताको कुराभन्दा पनि उपभोक्तालाई कसरी प्रभाव पार्ने भन्ने हिसाबले भाषाको प्रयोग गरिएको हुन्छ । कुन मुलुकको उत्पादन हो र त्यसको ब्रान्डमा कुन भाषाको प्रयोग गरिएको छ त्यसले पनि त्यो विज्ञापनको भाषा र शैली बनाउनमा भूमिका खेलेको हुन्छ । यस्तो अवस्थामा भाषिक मिश्रणको समस्या रहन्छ नै तर पनि नेपाली बजारमा बिक्रीवितरण गरिने वस्तुको विज्ञापन स्वाभाविक रूपमा शुद्ध नेपाली भाषामा गर्दा प्रभावकारी हुन सक्छ । यसमा पनि ठाउँविशेषका आधारमा स्थानीय भाषाको प्रभाव रहन सक्छ । नेपाली भाषामा विज्ञापन बनाउने तर अधिकांश शब्दहरू अङ्ग्रेजी र |

| | | |
|---|---|---|
| | हेयर वेल/ कृस/ मास्क/ कोक/ रिफ्रेसिङ आइस कोल्ड कोकोकोला/रोवा टी.भी./ हाई/ अफर/ स्टिम आइरन ड्राई आइरन/ ग्लेसबोल/रोवा, दि भिजिवल टेक्नोलोजी अफ जापान/ ओरियन्ट को-अपरेटिभ/ म्याजिक/ म्याजिक इज दी बेस्ट/ सनसिल्क हेयर वेल/ सिल्की/सनसिल्क | हिन्दीलगायतका अन्य भाषाको प्रयोग हुनुले कुन भाषाको विज्ञापन हो भनेर छुटचाउन गाह्रो देखिन थालेको छ। नेपाली सञ्चारमाध्यममा श्रव्य-दृश्यका रूपमा प्रसारण हुने गरेका माथि उल्लिखित पन्ध्रवटा विज्ञापनको भाषालाई हेर्दा नेपाली, अङ्ग्रेजी या हिन्दी कुन हो भनेर छुटचाउन गाह्रो छ। उत्पादनको नाम र ब्रान्ड अङ्ग्रेजी या अन्य कुनै भाषामा भए तापनि नेपाली भाषामा नेपाली सञ्चारमाध्यमद्वारा नेपाली उपभोक्ताका लागि विज्ञापन गरिन्छ भने सम्भव भएसम्मका शब्द र वाक्यहरू नेपाली नै प्रयोग गर्नु वाञ्छनीय देखिन्छ। |
| उच्चारण भाषिका | आई/ ए हो/ कस्ती छे/ धत्/ हजुरमुआँ तेरो | यी उल्लिखित शब्दहरू उच्चारण भाषिका हुन्। यसमा पनि सकेसम्म मानक भाषाको प्रयोग गरिनु उपयुक्त हुन्छ। |
| अशुद्ध उच्चारण, उपसर्ग तथा प्रत्यय, पदसङ्गति, थेगो आदि | मस्ती/ मजबुत/ | मस्ती र मजबुत शब्दहरू हिन्दी हुन्। |

उत्पादकहरूका बीचमा बढ्दो प्रतिस्पर्धाका कारण विज्ञापनहरूको सङ्ख्या दिनानुदिन बढ्दो छ। ठूलो जनसमुदायलाई एकैपटक आफ्नो उत्पादनको जानकारी र त्यो पनि अरूको भन्दा बढी प्रभावकारी र आकर्षक ढङ्गले दिएर आफ्नो उत्पादनको बिक्री बढाउन हिजोआज सानाठूला सबै उत्पादकहरूले नयाँनयाँ शैलीमा विज्ञापन गरेको पाइन्छ। टु.पी.एम्.

चाउचाउको एउटै विज्ञापनमा भनिएको छ "स्क्र्याच गर्नुहोस र जित्नुहोस् लाखौँको पुरस्कार !" यहाँ "कोटचाउनु" अर्थ लाग्ने अङ्ग्रेजी (स्क्र्याच) नसुहाउँदो गरी जोडिएको छ ।

यो त एउटा नमुना मात्र हो। दिनदिनै तपाईँ-हामीले सुन्ने, हेर्ने अधिकांश विज्ञापनमा यति मिश्रित भाषाको प्रयोग गरिएको छ कि त्यसले नेपाली भाषालाई कमजोर र खिचडी बनाउने काम गरेको छ। नेपाल टेलिभिजनले दैनिक प्रसारण गर्ने एउटा मसलाको विज्ञापनमा "आसानीले बनाउनु सानले खिलाउनु" भनेको सुन्न पाइन्छ। चार शब्दको यो वाक्यमा एउटा मात्र शब्द शुद्ध नेपाली छ त्यसैले यो विज्ञापन नेपाली हो कि हिन्दी ? बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो 'ब्रान्ड' का नेपाली उत्पादनहरू वा सोझै आयात गरेका भए पनि नेपाली उपभोक्तामाझ एउटै उत्पादनका हिन्दी विज्ञापनलाई अनुवाद मात्र गरेर नेपाली सञ्चारमाध्यममा प्रचारप्रसार गरेको पाइन्छ। नेपाली भाषामा "रानी मुखर्जी" बोलेर फ्यान्टा खाएको देखाएर आकर्षित गर्ने गरेका छन्। मो:मो: मसलाको विज्ञापन पक्कै नेपाली होइन मात्र अनूदित हो। "असली मजबुती" "बस्", "राज", जस्ता केही शब्दको प्रयोग गरिएको पाइन्छ। अनूदित विज्ञापनमा अनुवाद गर्दा अर्थलाई ख्याल नै नराखी शब्दको मात्र अुनवाद गर्दा अनर्थ खालका विज्ञापन पनि बज्ने गरेका छन्। "क्लोजअप किन गर्दैनौ" "ममा स्टार जगाउँछ", "रङ्गौँ हरपल दिल खोलेर" यी पनि नेपाली भाषाका नाममा प्रयोग भएका विज्ञापन हुन्।

यी त भए विदेशमा बनेका तर नेपालीमा 'अनूदित' विज्ञापन। विशुद्ध नेपाली विज्ञापनमा पनि प्रशस्त त्रुटि देखिन्छन्। भर्खर बजारमा आएको 'बोजोमिन्ट' को विज्ञापनमा भनिएको छ- "तिमी पनि मैलेजस्तै 'बोजोमिन्ट' को 'हमेसा' प्रयोग गर र 'परेसानी' बाट छुटकारा पाऊ ...." आदि। एउटा नेपाली विज्ञापनमा पनि सधैँका लागि 'हमेसा' र 'परेसानी' जस्ता शब्दहरू प्रयोग भएका पाइन्छन्।

नेपाल टीभीलगायतका टीभी च्यानलहरूमा प्रसारण गरिने डाबरको बाटिका तेलमा अभिनय गर्ने माल्भिका सुब्बाले 'मिरर, मिरर ! वाल' मा झुन्डेको, के छ राज मेरो 'सिल्की' कपालको भनेर आवाजसहित प्रस्तुत गरेकी छन्। उक्त विज्ञापनमा प्रयुक्त दसवटा शब्दमा चारवटा अङ्ग्रेजी, पाँचवटा नेपाली र एउटा हिन्दी शब्दको प्रयोग भएको छ।

त्यस्तै "कोलगेट" दन्तमन्जनको विज्ञापनमा 'सधै दाँत किन 'ब्रस' गर्छौ ? 'मजबुती' को लागि सर्' नेपालीमा सफा गर्ने भन्ने अर्थमा अङ्ग्रेजी शब्द 'ब्रस' र नेपालीमा बलियो अर्थको "मजबुती" हिन्दी शब्दको प्रयोग गरिएको पाइन्छ।

नियमित नेपाली सञ्चारमाध्यमहरूमा प्रसारण भइरहने सौन्दर्यसामग्रीको विज्ञापनमा संस्कृतको "त्वचा" शब्द प्रयोग गरिएको छ। छालाको गोरोपनको सट्टामा "त्वचाको गोरोपना" भन्ने गरिन्छ। त्यस्तै कतिपय "त्वचा बनाउँछ 'सफ्ट, सफ्ट' भनेर संस्कृत, अङ्ग्रेजी र नेपालीको मिश्रित प्रयोग गरेको पाइन्छ।

'लक्स' साबुनको नेपाली विज्ञापनमा नायिकाको कथन हुन्छ- "ममा स्टार जगाउँछ।" यो विज्ञापनले भन्न खोजेको के हो ? यसमा नेपाली र अङ्ग्रेजी भाषाको संयोजनमा एउटा वाक्य बनेको छ। यसलाई कुन भाषाको विज्ञापन भन्ने ? छुटचाउन गाह्रो देखिन्छ। त्यस्तै नेपाल टेलिभिजनलगायतका विभिन्न सञ्चारमाध्यममा प्रसारित 'साकालाका बुम' चाउचाउको विज्ञापनमा पनि "बजार" शब्दलाई अङ्ग्रेजी मिसाई "ब$_{\text{ZAAR}}$" बनाइएको छ। यसरी नेपाली र अङ्ग्रेजीलाई एकै ठाउँमा मिसाएर विज्ञापन गर्दा श्रोता र पाठकले बुझ्न कठिन हुने देखिन्छ।

माथि उदाहरणका रूपमा नेपाली भाषाका नाममा प्रस्तुत गरिएका विज्ञापनलाई विश्लेषण गर्दा नेपाली भाषामा रहेका मीठा र राम्रा शब्द हुँदाहुँदै अन्य भाषाको प्रयोग भएको, भाषाकै मौलिक मानक रूप बिगार्ने काम भएको, भाषाविज्ञानका आधारभूत नियम मूलतः व्याकरणगत सीमा मिचेर प्रयोग गरिएको, व्यवहारमा प्रयोग नहुने किसिमका शब्द, अर्थ र विभक्तिसंयोजनको प्रयास भएको, भाषिक खिचडीपन देखिएको, विज्ञापन सम्प्रेषणशील हुनुपर्नेमा त्यसो हुन नसकेको, निश्चित उपभोक्तासमूह र क्षेत्रमा सीमित हुन पुगेको आदि कारणले एकातिर विज्ञापन प्रभावकारी हुन नसकेको र अर्कोतिर नेपाली भाषा विकृत बन्दै गएको देखिन्छ।

## ४.४ भाषिक प्रयोगगत त्रुटि

विद्युतीय सञ्चारसाधन रेडियो, टेलिभिजनलगायतमा नेपाली भाषाका समाचार, लेख र विज्ञापनहरू विभिन्न शैलीमा प्रस्तुत गरेको पाइन्छ। यिनका शीर्षक या उपशीर्षकको भाषिक प्रस्तुतिमा गम्भीर त्रुटि देखिने गरेको पाइन्छ। २०६३ वैशाख १ देखि पुस मसान्तसम्म यो शोधकर्ताले नेपाली भाषाका श्रव्य-दृश्य माध्यमबाट सङ्कलन गरेका केही त्रुटिलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

| **शुद्ध शब्द** | **अशुद्ध प्रयोग** |
|---|---|
| भाषिक क्लिष्टता | भाषिक क्लीष्टता |
| उज्ज्वल | उज्वल |
| स्थायी | स्थाई |
| सामग्री | सामाग्री |
| नामकरण | नामाकरण |
| शङ्कर | शंकर |
| भए तापनि | भएता पनि |
| शृङ्गार | श्रृङ्गार |
| गायक | गायककार |
| गऱ्यो | गर्यो |
| अवहेलना | अपहेलना |
| बाबु | वाबु |
| बुवा | बुबा |
| सङ्घर्ष | सङ्घर्ष |
| स्कूल | इस्कुल |
| पुरस्कार | पुरुस्कार |
| अन्तर्वार्ता | अन्तरवार्ता |
| उद्देश्य | उद्धेश्य/उद्येश्य/उद्वेश्य |
| क्रीडा | कृडा |
| क्रिया/प्रक्रिया | कृया/प्रकृया |
| आवश्यक | आवश्यकीय |
| फाल्गुन | फाल्गुण |
| ज्येष्ठ | जेष्ठ |
| द्वारा | द्धारा |
| ग्रीष्म | गृष्म |
| दृश्य | दृष्य |

| | |
|---|---|
| सात | श्रोत |
| उल्लिखित | उल्लेखित |
| दोस्रो / तेस्रो | दोश्रो / तेश्रो |
| स्थायी / अस्थाय | स्थाई / अस्थाई |
| पदच्युत | पदच्यूत |
| लक्ष्य (उद्देश्य अर्थ हेतु) उपलक्ष्य (लक्षले लाख बुझाउँछ) | लक्ष / उपलक्ष |
| सृजना / सृष्टि / स्रष्टा | श्रृजना / श्रृष्टि / श्रष्टा |
| प्रिय | पृय |
| आभास | आभाष |
| शिर (शीरले अजिङ्गर बुझाउँछ) | शीर |
| चिर (चीरले लुगा बुझाउँछ) | चीर |
| भए तापनि | भएता पनि |
| पुनरारम्भ | पुनारम्भ |
| सधन्यवाद / धन्यवाद सहित | सधन्यवाद सहित |
| सपरिवार / परिवार सहित | सपरिवार सहित |
| सभक्ति / भक्तिपूर्वक | सभक्तिपूर्वक |
| शपथ | सफत |
| शुश्रूषा | सुश्रुषा |
| सर्वेक्षण | सर्भेक्षण |
| सुश्री | सु-श्री |
| श्रीमान् | श्री मान |
| पुरस्कार | पुरष्कार |
| भास्कर | भाष्कर |
| निपुण | निपूर्ण |
| गऱ्यो, पऱ्यो, सऱ्यो | गर्यो / पर्यो / सर्यो |
| पृष्ठ (पृष्टले 'सोधिएको' अर्थ बुझाउँछ) | पृष्ट |

### ४.४.१ प्रत्ययमा त्रुटि

'ता' नेपाली भाषामा प्रयोग भइआएको तत्सम प्रत्यय हो । यस प्रत्ययले 'पन/पना' को अर्थबोध गराउँछ । शब्दलाई सुन्दर र श्रुतिमधुर बनाउन पनि यस प्रत्ययले भूमिका खेलेको हुन्छ । यसर्थ यस प्रत्ययप्रतिको मोहका कारण यसको प्रयोग लापर्वाहीपूर्वक अर्थात् अनपेक्षित रूपमा हुने गरेको पाइन्छ। खास गरी 'य' प्रत्यय लागेर बनेका व्युत्पन्न शब्दहरूका पछाडि यस प्रत्ययको प्रयोग अनावश्यक वा निरर्थक तथा व्याकरणिक दृष्टिले त्रुटिपूर्ण मानिन्छ।[३१] 'य' प्रत्ययका मूलतः दुई अर्थ हुन्छन्- १.-पन/पना, २.-योग्य/सम्बन्धी । अतः जुन शब्दमा प्रयोग भएको 'य' प्रत्ययले पन/पनाको अर्थ जाहेर गरेको हुन्छ त्यस शब्दपछाडि पुनः 'ता' प्रत्ययको प्रयोग अनपेक्षित र अर्थरहित हुन जाने देखिन्छ ।

सौन्दर्यता, धैर्यता, माधुर्यता, सौजन्यता, साम्यता, चातुर्यता, औत्सुक्यताजस्ता शब्दको नेपाली भाषामा व्यापक रूपमा प्रयोग भएको पाइन्छ। लिली सौन्दर्यता साबुन, जापानको सौजन्यताबाट प्राप्त, धैर्यता धारण गर्नु, यो कविता माधुर्यताले युक्त छ जस्ता पदावलीहरू प्रशस्त मात्रामा भेटिन्छन् ।

'य' प्रत्यय लागेर बनेका भए तापनि 'ता' प्रत्ययका असमानार्थी व्युत्पन्न शब्दहरूका पछाडि भने आवश्यकतानुसार निर्बाध 'ता' प्रत्ययको प्रयोग गर्न सकिन्छ। यस्ता शब्दको प्रकृति पदको पूर्वाक्षरमा 'य' प्रत्यय संयोजन हुँदा प्रायः मात्रात्मक परिवर्तनको प्रभाव पर्दैन । उदाहरणार्थ 'सुन्दर' मा 'य' प्रत्यय लाग्दा पूर्वाक्षरको उकार औकारमा बदलिएर सौन्दर्य भएको छ भने 'तुल्' मा 'य' प्रत्यय लागेर तुल्य नै भएको छ 'तौल्य' भएको छैन । यस्ता 'य' र 'ता' दुवै प्रत्यय लागेर बन्न सक्ने शब्दका केही उदाहरण तल प्रस्तुत छन्- सभ्यता, बाध्यता, मान्यता, सत्यता, योग्यता, तुल्यता, गोप्यता, गेयता, अभिनेयता, दिव्यता, भव्यता, रम्यता, गम्यता, शून्यता आदि ।

उपसर्ग तथा प्रत्यय शब्दनिर्माणका भाषिक एकाइ हुन्। आधारपदमा उपसर्ग वा प्रत्यय लगाएर नयाँ शब्दको निर्माण गरिन्छन् तर शब्दनिर्माण गर्ने क्रममा अनुचित रूपमा उपसर्ग तथा प्रत्यय लगाएर शब्दको निर्माण गरी सञ्चारमाध्यममा प्रयोगमा ल्याएको

---

[३१] घनश्याम न्यौपाने 'परिश्रमी,' "नेपाली भाषामा विचलनका सङ्केतहरू", **तन्नेरी** (द्वैमासिक), वर्ष १८, अङ्क १, २०५३, पृ. २४ ।

देखिन्छ । यस शोधपत्रमा प्रस्तुत गरिएका कार्यक्रमबाट केही उदाहरण हेरौँ : हुन्च (हुन्छ) (सिटी टप रिक्कोइस्ट जोन, कान्तिपुर एफ्. एम्.) । यहाँ 'हु+छ=हुन्छ' हुनुपर्नेमा 'छ' प्रत्ययका ठाउँमा 'च' को प्रयोग गर्नाले प्रत्ययप्रयोगगत त्रुटि देखिन्छ । त्यस्तै धैर्यता (धीरता) (द पवनकली सो, कान्तिपुर टेलिभिजन) । 'धीर' शब्दमा 'य' प्रत्यय लागिसकेपछि 'ता' प्रत्यय लाग्दैन । त्यस्तै विद्युतीय सञ्चारमाध्यममा तल लेखिएबमोजिमका त्रुटिहरू देखिन्छन् :

<table>
<tr><th>शुद्ध शब्द</th><th>अशुद्ध प्रयोग</th></tr>
<tr><td>सुन्दर+य - सौन्दर्य</td><td rowspan="2">सौन्दर्य+ता-सौन्दर्यता</td></tr>
<tr><td>सुन्दर+ता - सुन्दरता</td></tr>
<tr><td>धीर+य - धैर्य</td><td rowspan="2">धैर्य+ता - धैर्यता</td></tr>
<tr><td>धीर+ता - धीरता</td></tr>
<tr><td>सुजन+ता - सुजनता</td><td rowspan="2">सौजन्य+ता - सौजन्यता</td></tr>
<tr><td>सुजन+य - सौजन्य</td></tr>
<tr><td>सम+य - साम्य</td><td rowspan="2">साम्य+ता - साम्यता</td></tr>
<tr><td>सम+ता - समता</td></tr>
<tr><td>चतुर+य - चातुर्य</td><td rowspan="2">चातुर्य+ता - चातुर्यता</td></tr>
<tr><td>चतुर+ता - चतुरता</td></tr>
<tr><td>उत्सुक+य - औत्सुक्य</td><td rowspan="2">औत्सुक्य+ता - औत्सुक्यता</td></tr>
<tr><td>उत्सुक+ता - उत्सुकता</td></tr>
<tr><td>मधुर+य - माधुर्य</td><td rowspan="2">माधुर्य+ता - माधुर्यता</td></tr>
<tr><td>मधुर+ता - मधुरता</td></tr>
<tr><td>निराश+ता - निराशता</td><td rowspan="2">नैराश्य+ता - नैराश्यता</td></tr>
<tr><td>निराश+य - नैराश्य</td></tr>
<tr><td>बहुल+य - बाहुल्य</td><td>बाहुल्य+ता - बहुल्यता</td></tr>
</table>

| | |
|---|---|
| बहुल+ता - बहुलता | |
| गम्भीर+य - गाम्भीर्य | गाम्भीर्य+ता - गाम्भीर्यता |
| गम्भीर+ता - गम्भीरता | |

## ४.४.२ शब्दप्रयोगगत त्रुटि

- नेपाली भाषाका मानक शब्दभन्दा पृथक् तर स्थानीय तहमा बुझिने विभिन्न क्षेत्रमा बोलिने भाषिका कथ्य रूपमा उच्चारण भएको पाइन्छ।[३२] जस्तै : उदेरू (उनीहरू) (फायरसाइड, कान्तिपुर टेलिभिजन) । यो शब्द नेपाली भाषाको पुर्बेली भाषिकाअन्तर्गत पर्दछ । त्यस्तै विद्युतीय सञ्चारमाध्यममा तल लेखिएबमोजिमका त्रुटिहरू देखिन्छन् :

| **मानक शब्द** | **प्रयोग गरिने गरेको (भाषिका)** |
|---|---|
| जान्छ | जान्च |
| खान्छौँ | खान्चम |
| पर्छ | पर्च |
| कस्तो | कास्ता |
| व्यक्ति | ब्याक्ति |
| अत्यधिक | अत्याधिक |
| उपर्युक्त | उपरोक्त |
| त्यहाँ | त्याँ |
| विश्वास | विश्वाँस |
| इतिहास | इतिहाँस |
| पश्चात् | पश्च्यात |

[३२] मुरारि पराजुली, "रेडियोको भाषा", **स्मारिका** (बुटवल एफ्. एम्.), २०६१, पृ. २६ ।

हिमाल, पहाड, तराई र विभिन्न जातजाति र भाषाभाषीबीचको भाषिक प्रयोगमा भिन्नता देखिन्छ ।

| उच्चारण (भाषिका) | |
|---|---|
| आँसी | हँसिया |
| बेलौती | अम्बा |
| सारौँ, डाँग्रे | रूपी |
| भएपार | भएदेखि |
| को ख ? | को छ ? |

यी शब्द सञ्चारमाध्यममा क्षेत्रविशेष र कार्यक्रम प्रस्तोताका अनुसार प्रयोग हुने गरेको पाइन्छ । सम्बन्धित क्षेत्रका समुदायले बुझ्दछन् तर पनि यसमा प्रयोग भएको 'को ख ?' शब्दको ठाउँमा 'को छ ?' नै प्रयोग गरिनु पर्दछ । अरू शब्दहरू विद्युतीय सञ्चारमाध्यममा प्रयोग हुँदा ठूलो गल्ती हुँदैन । यद्यपि 'भएपार'का ठाउँमा 'भएदेखि' प्रयोग गर्नु उचित हुन्छ ।

☐ कतिपय शब्दहरू ह्रस्व र दीर्घको फरकले अर्थ फरक लाग्ने हुन्छन् । लेखाइमा यो कुरा प्रस्ट हुन सक्छ तर बोलाइमा ह्रस्व र दीर्घको भेद छुटचाउन धेरै गाह्रो हुन्छ । श्रोता यस्ता शब्दप्रयोग गरिएको सन्देशमा झुक्किन वा अलमलिन सक्छन् । उस्तै उच्चारण हुने तर ह्रस्व र दीर्घको फरकले अर्थ भिन्न हुने शब्दहरू सञ्चारमाध्यमले प्रयोग गरिरहेको पाइन्छ । उच्चारणका हिसाबले पनि हामीले कतिपय शब्दको ह्रस्व, दीर्घ छुटचाउनुपर्ने हुन्छ । ह्रस्वमा कम जोड र दीर्घमा बढी जोड दिएर शब्दको प्रयोग भएको हुन्छ । श्रव्य-दृश्यका सञ्चारमाध्यममा समाचार, लेख वा विज्ञापनको प्रस्तुतिमा ह्रस्व, दीर्घको कुनै ख्यालै नगरी जथाभावी प्रस्तुत गरिएको हुन्छ । त्यसमा कुनै भाषिक सम्पादन गरिएको पाइँदैन ।

एउटै उच्चारण भएका तर ह्रस्व-दीर्घका आधारमा अलगअलग अर्थ दिने शब्दहरू :

| | |
|---|---|
| फूल (पुष्प) | फुल (अन्डा) |
| नशा (मात) | नसा (रक्तनली) |
| उनी (सर्वनाम) | ऊनी (धागो) |

| | |
|---|---|
| को पर्छ (नाता केलाउँदा) | कोपर्छ (चिथोर्छ) |
| कोयो (आँपको) | को यो ? (चिन्नका लागि सोधेको) |
| आउँ छ (आउँको रोग छ) | आउँछ (आउने काम गर्छ) |
| कृति (रचना) | कीर्ति (ख्याति) |
| कृया (जुठो बार्ने काम) | क्रिया (काम) |
| कुट (पिट) | कूट (रहस्यपूर्ण) |
| कोश (शब्दकोश) | कोस (आँखाको छेउ वा जमिनको दूरी) |
| नाउ (डुङ्गा) | नाऊ (हजाम) |
| पट्टी (उपचार पट्टी) | पट्टि (तर्फ, पूर्वपट्टि) |
| पालि (यसपालि) | पाली (छानाको एक भाग) |
| पिडा (जङ्गली अर्नाको बच्चो) | पीडा (शारीरिक कष्ट) |
| फेरि (अर्कोपटक) | फेरी (फेर्ने काम गरेर, जोगीले लगाउने) |
| वश (अधीन, नियन्त्रण) | बस (पुग्यो वा भयो वा गाडी) |
| जाति (जातजाति) | जाती (असल) |
| गुन (उपकार वा गुन्ने काम) | गुण (असल स्वभाव) |
| चिन (पत्ता लगाउने काम) | चीन (देश) |
| जुन (जुनसुकै) | जून (चन्द्रमा) |
| तिर (तिर्ने काम) | तीर (बाण वा नदीको किनारा) |
| दिन (तिथिमितिको अर्थमा) | दीन (दु:खी) |
| दिशा (पूर्व, पश्चिम आदि) | दिसौँ (गुहु वा बिष्ठा) |
| शव (लाश) | सब (पूरा) |
| हरि (नाम) | हरी (हर्ने काम गरेर) |
| यश (कीर्ति) | यस (यो, यसको) |

माथि उल्लिखित शब्दहरू हामीले नेपालका श्रव्य-दृश्य सञ्चारमाध्यमहरूको दैनिक प्रसारण हुने समाचार र विज्ञापनलगायतका प्रस्तुतिमा देख्न सक्छौँ ।

☐ राजनीतिक समाचार वा विषयवस्तुको प्रस्तुतिमा राजनीतिक पार्टीलाई अनेकौं आरोप-प्रत्यारोप लगाएका शब्द प्रयोग भएको पाइन्छ। जस्तै : पञ्चायतकालमा शासकहरूले प्रजातान्त्रिक राजनीतिक शक्तिहरूलाई अराष्ट्रिय तत्त्व भनेर रेडियो र टेलिभिजनहरूमा प्रसारण गर्ने गरेको सबैमा विदितै छ। त्यस्तै गरी बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि माओवादीको दसबर्से जनयुद्धका क्रममा कहिले राजनीतिक पार्टीका रूपमा लिने र कहिले आतङ्कवादी भनेर विद्युतीय सञ्चारमाध्यममा व्यापक रूपमा प्रयोग भएको पनि विदितै छ। त्यस्तै गरी पलायनवादी, संशोधनवादी, मध्यमार्गी, अतिवादी, अनुदारवादी, अधिनायकवादी, पूर्वपञ्च, प्रतिगामी, प्रगतिवादीजस्ता विशेषण लगाएर सञ्चारमाध्यममा प्रस्तुति हुने गरेको छ। सञ्चारका साधनमा सत्ताको बोली जस्ताको तस्तै प्रयोग गरिँदा पनि त्रुटि धेरै हुने गरेको पाइन्छ।

☐ शब्दको संयोजन अघि वा पछि हुँदा पनि अर्थ फरक पर्छ। जस्तो 'हारजीत' र 'जीतहार' लाई लिऔँ। हरिको 'जीत' 'हार' भयो र हरिको 'हार' 'जीत' भयो। यी दुईवटा वाक्यको अर्थ ठीक विपरीत भएको पाइन्छ। यस्ता थुप्रै शब्द छन्- 'हरियैहरियो' (सबै ठाउँमा हरियाली छ को अर्थमा), 'हरियो-हरियै' (कतैकतै हरियो छ भन्ने अर्थमा), 'सुख्खा-सुख्खै' ( कतैकतै सुख्खा छ भन्ने अर्थमा) 'सुख्खै-सुख्खा' (सबैतिर सुख्खामात्र छ भन्ने अर्थमा) आदि। यस्तै शब्दको अलगअलग संयोजनमा लाग्ने अर्थ हेरौँ- 'सुनीलले सिनेमा मात्र हेर्‍यो' (त्यो सिनेमा हेर्ने सुनीलबाहेक कोही थिएन) र 'सुनीलले सिनेमा हेर्‍यो मात्र' (त्यसको व्याख्या विश्लेषण नै गरेन)। यसरी शब्दको संयोजनलाई पनि सञ्चारमाध्यमले ध्यान पुर्‍याउनु वाञ्छनीय देखिन्छ।

☐ पुरुषार्थ, पुरुषार्थी, पौरख, पौरखी, भातृत्व, भाइचारा सम्बन्ध, विश्वबन्धुत्व, बन्धुवान्धव, राजधानी, राजनीति, राजश्व, राजदूत, राष्ट्रपति, किशोर संस्कृति, अधिपति, मालिक, सभापति, राजनेता, बाजेका पालामा, बाल कार्यक्रम, अनाथ, वृद्धाश्रम, वृद्धभत्ता, पुर्खा, पुर्ख्यौली, स्वामित्व, नामर्द आदि शब्दहरू पनि श्रव्य-दृश्य सञ्चारमाध्यममा असावधानीवश प्रयोग भएको पाइन्छ।

पाँडे गाली, पोडे कसम, डुम हुनु परोस्, गाइनेको घोडा, पाँडे पजनी, राँडे रुवाइ, पोथी बासेको, लिँडेढिपीजस्ता शब्दको पनि सञ्चारमाध्यममा प्रयोग भएको पाइन्छ। त्यस्तै गरी स्त्रीलिङ्गसँग सम्बन्धित रूढिबुढी, बुढीऔँलाजस्ता शब्द पनि प्रयोग भएको पाइन्छ।

शब्दका उत्पत्ति विभिन्न ढङ्गले हुने गरेका छन् । पुरुषार्थ, पौरख, शक्तिजस्ता शब्द नेतृत्वको सफलताले सिर्जना गरेका छन् भने लिँडेढिपी, पोथी बासेको जस्ता शब्द दमन र विभेदकारी छन् । उत्पत्तिका हिसाबले पुरुषवाची वा स्त्रीवाची जे भए पनि भाषाको क्षेत्र र अर्थ विस्तार हुँदै जाँदा कतिपय शब्दले समभाव अँगालिसकेका पनि छन् तर कतिपय शब्दमा अझै पनि जातीय तथा लैङ्गिक विभेद पाइन्छ ।

कसम खाँदा भन्ने गरिन्छ- 'धरोधर्म गाईको मासु खाने ।' त्यस्तै पापकर्म गर्ने व्यक्तिलाई गाली गर्न भन्ने गरिन्छ- 'तँ गाईमारा होस् ।' यी कसम र गालीले अङ्ग्रेजका लागि कुनै अर्थ राख्दैन । उनीहरूको साँझ-बिहानको खाना भनेकै गाईको मासु हो ।

स्थानीय ख्यालठट्टा भाषालाई रसिलो र प्रभावकारी बनाउने अर्को पक्ष हो । स्थानीय ख्यालठट्टाहरू स्थानीय बिम्ब, चरित्र तथा प्रतीकका आधारमा निर्माण भएका हुन्छन् । भौगोलिक क्षेत्र, उमेर, जात तथा संस्कृतिअनुसार ख्यालठट्टाहरू फरकफरक हुन्छन् । उदाहरणका लागि पूर्वी तराईका बासिन्दाले साथीभाइबीच गफगाफ गर्दा कसैलाई 'ठीक लाउँछु' भन्नुपर्‍यो भने 'धेरै बढ्ता न हो नि अहिले पाटा धुलाई गरिदिन्छु' वा 'हात्ती खेदाई गर्नु नपरोस्' भन्ने गर्दछन् । काठमाडौँ उपत्यकाबासीले 'चारभन्ज्याङ कटाउनु नपरोस् है' वा 'धोबी धुलाई गर्दिउँला नि !' भन्दछन् । त्यस्तै पोखराबासीले- 'महेन्द्रपुलबाट फालिदिउँला' आदि शब्द र वाक्यको प्रयोग गरिएको पाइन्छ ।

सञ्चारमाध्यममा प्रयोग हुने भाषामा वाक्य छोटा र शब्द सजिला हुनुपर्छ । विद्युतीय सञ्चारमाध्यम रेडियोमा बोल्नलाई लेखिने शब्द-भाव झनै सरल हुनुपर्छ । दोहोरो छलफलकै लागि एउटा उदाहरण हेरौँ- 'रामले हरिले भनेको नटेरेकाले रिसको झोंकले लात्तैलात्तले कुटचो ।' यो वाक्यमा जम्माजम्मी आठवटा शब्द छन् । लेखनको हिसाबले यो वाक्य अति छोटो हुन सक्छ । शब्द पनि सबै सजिला छन् तर कसले कसलाई कुट्यो भन्ने भाव बुझ्न यो वाक्य निकै कठिन छ । यसरी वाक्य छोटा र शब्द सजिला हुँदैमा भाव सरल हुन्छ भन्ने छैन । वाक्यगठनले भावलाई अप्ठचारो बनाइदिन सक्छ । त्यही वाक्यलाई फरक शब्दगठनमा लेखेर हेरौँ- 'भनेको कुरा नटेरेपछि राम रिसाएर हरिलाई लात्तैलात्तले कुटचो ।' यसमा पनि आठवटा शब्द छन्, शब्द पनि उनै हुन् तर गठनप्रक्रिया फरक छ । भाव पनि प्रस्ट छ- 'रामले हरिलाई कुटचो ।'

वाक्यगठनलाई जटिल बनाउने एउटा कारण भनेको योजक र विभक्तिको अनावश्यक तथा गलत प्रयोग हो। माथिकै वाक्यमा हेरौँ- पहिलो उदाहरणमा 'ले' विभक्तिको गलत र अनावश्यक प्रयोग भएको छ। आठवटा शब्दमध्ये पाँचवटामा 'ले' विभक्ति लागेको छ। यसरी एउटै वाक्यमा एउटा वा आवश्यकता हेरी दुईभन्दा बढी त्यही विभक्ति दोहोरियो भने भावलाई ज्यादै जटिल बनाउँछ। जुन बेला बोलाइ वा लेखाइले भाव व्यक्त गर्न सक्दैन, त्यसको सार्थकता रहँदैन। सञ्चारकर्मीको आत्मा भनेकै सन्देश हो। तसर्थ सञ्चारकर्मीको अभिव्यक्ति बच्चाको सरल र मिठास हुनुपर्छ जसमा दोहोरो अर्थ वा आशय हुँदैन। बोल्नुका पछाडि कुनै नियत वा स्वार्थ लुकेको हुँदैन।[३३]

सञ्चारकर्मीका लागि लेखन भनेको कला र अनुशासन दुवै हो। लेख्ने बेलामा निश्चित अनुशासन पनि पालना गरेको हुनुपर्छ। बोल्नलाई लेख्दा शब्दछनोटमा ध्यान दिनु पर्छ। 'नशाले नसा लठ्ठिए, फूलको बोटमा फुल राखिएको छ' जस्ता वाक्यले श्रोतालाई अलमल्याउँछ। यिनै वाक्यलाई बोल्ने भाषामा लेख्दा 'मातले नसा लठ्ठिए', 'फूलको बोटमा अन्डा राखिएको छ' बनाउनु उपयुक्त हुन्छ। लिपि (स्क्रिप्ट) लेखनका लागि अनुशासनका अन्य पक्ष पनि छन्। सङ्ख्यालाई कसरी लेख्ने, कस्तो कागज प्रयोग गर्दा प्रसारणका बेला पनि आवाज आउँदैन र आफूलाई उपलब्ध गराइएको समय कति हो ? यी कुरामा सधैँ विचार गर्नु पर्छ। उपलब्ध समयभित्र श्रोतालाई दिन खोजेको सन्देश बुझ्ने गरी दिन सक्नुपर्ने हुन्छ यसर्थ कति मिनेटको कार्यक्रमका लागि कति शब्द लेख्ने, अन्तर्वार्ता कति मिनेट राख्ने, ध्वनिप्रभाव र सङ्गीत कहाँकहाँ समावेश गर्ने भन्ने कुराको पूर्ण तयारी आवश्यक हुन्छ। श्रोता वा दर्शकलाई वर्णन वा कल्पनाको माध्यमबाट जीवन्त दृश्य देखाउन व्यक्तिका रूपमा सम्बोधन गर्नु उचित देखिन्छ।

### ४.४.३ शब्दावलीगत त्रुटि

श्रव्य-दृश्य सञ्चारमाध्यममा शब्दावलीको प्रयोगमा पनि समस्या देखिन्छ। यसको प्रयोगमा ध्यान नपुऱ्याउँदा दर्शक वा श्रोतालाई सुन्न र सम्झन गाह्रो हुने गरेको पाइन्छ। व्यवहारमा कतिपय सङ्ख्यालाई अङ्कमा होइन, अक्षरमा बोल्दा सहज ढङ्गले बुझ्न सकिन्छ। जस्तै दुई सय पचास (अढाइ सय) (बहस, कान्तिपुर टेलिभिजन)। यहाँ 'दुई सय

---

[३३] रघु मैनाली, **रेडियो बचन**, (काठमाडौँ : सामुदायिक रेढियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूह, २०५९), पृ ८२।

पचास' लाई 'डेढ सय' भनेर प्रयोग गर्दा छरितो र सहज हुन्छ । त्यस्तै विद्युतीय सञ्चारमाध्यममा तल लेखिएबमोजिमका त्रुटिहरू देखिन्छन् :

| **अङ्कमा** | **अक्षरमा** |
|---|---|
| एक सय पचास | डेढ सय |
| दुई सय पचास | अढाइ सय |
| चार सय पचास | साढे चार सय |
| २५ प्रतिशत | एक चौथाइ |
| ३३ प्रतिशत | एक तिहाइ |
| ५० प्रतिशत | आधा |
| ६७ प्रतिशत | दुई तिहाइ |
| ७५ प्रतिशत | तीन चौथाइ |

वचनमा नम्रता, मिठास र स्पष्टता चाहिन्छ। शारीरिक, मानसिक, अशक्तता, वर्ग, जात, पेसा तथा उमेरका कारणले सिर्जना हुने कमजोरीका बारेमा वर्णन गर्दा विशेषणरहित शब्दहरू प्रयोग गर्नुपर्ने हुन्छ। यस्तो अवस्थाका बारेमा वर्णन गर्दा चलनचल्तीमा रहेका कतिपय शब्दलाई प्रयोग गर्नु ती अवस्था र वर्गका मान्छेप्रति अपमान वा बेइज्जती तथा गाली हुनसक्छ। सामाजिक आशय, बोल्दाका बखतको हाम्रो हाउभाउ, शैली तथा प्रवृत्तिले वचनलाई अप्रिय बनाइदिन सक्छ। नाङ्गो वचन ज्यादै अप्रिय हुन्छ, अश्लील हुन सक्छ। सञ्चारकर्मीले शिष्ट, मर्यादित र सम्मानयुक्त शब्द प्रयोग गर्नु आवश्यक देखिन्छ। जस्तै : नगरवधू, वेश्या, रन्डी, रन्डो, आइमाई, फ्याङ्ग्रो, खोरुन्डो, लङ्गडो, ब्याङ्ग्रो, खँजाहा, डुँडो, खुँडे, अन्धो, डेरो, कुप्रे, कानो, कुम्ले, आँडे, अछूत, नपुंसक, कुजात, बहुलाहा, पागल, नाकथेप्चे, नाकचुच्चे, थोते, बङ्गारे, गँवार, पाखे आदिको प्रयोग भएको पाइन्छ। जात वा वर्गलाई पेसाको प्रतिनिधि बनाएर पनि शब्दको प्रयोग गरिएको पाइन्छ।

## ४.४.४ वाक्यगत विचलन

सञ्चारमाध्यममा लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भावजस्ता व्याकरणिक प्रयोगका क्रममा पनि विचलन देखिन्छ। जस्तै : नमस्कार, तीन बजेको कान्तिपुर डायरी सकिनासाथ

तपाईंहरूले सुन्न सक्नुहुन्छ (सिटी टप रिक्कोइस्ट जोन, कान्तिपुर एफ्. एम्.) । यहाँ भविष्यत् कालका लागि 'सक्नुहुनेछ' भन्नुपर्नेमा वर्तमान कालिक 'सक्नुहुन्छ' भनिएकाले कालगत त्रुटि देखिन्छ । त्यस्तै विद्युतीय सञ्चारमाध्यममा तल लेखिएबमोजिमका त्रुटिहरू देखिन्छन् :

**लिङ्गगत त्रुटि**

| **शुद्ध वाक्य** | **अशुद्ध प्रयोग** |
|---|---|
| सीता गई | सीता गयो |
| मीनाले काम गर्छे | मीनाले काम गर्छ |

**वचनगत त्रुटि**

| **शुद्ध वाक्य** | **अशुद्ध प्रयोग** |
|---|---|
| हामी लाग्छौँ | हामी लाग्छु |
| उनीहरू जान्छन् | उनीहरू जान्छ |
| हामी गयौँ | हामी गयो |

**पुरुषगत त्रुटि**

| शुद्ध वाक्य | अशुद्ध प्रयोग |
|---|---|
| ऊ जान्छ | ऊ जान्छु |
| तपाइँ के गर्दै हुनुहुन्छ | तपाइँ के गर्दै थियौ |

**कालगत त्रुटि**

| शुद्ध वाक्य | अशुद्ध प्रयोग |
|---|---|
| म भोलि आउँला | म भोलि आउँछु |
| तपाइँ हिजो आउनु भएको थियो | तपाई हिजो आउनु हुनेछ |

कुनै पनि भाषाको स्पष्ट चिनारी त्यस भाषाका वाक्यबाट हुन्छ । शब्द त भाषाका सम्पत्ति मात्र हुन् । एउटै शब्द विभिन्न भाषामा प्रयोग हुने हुँदा शब्दकै आधारमा मात्र भाषालाई ठम्याउन अवश्य नै गाह्रो पर्छ । हाम्रो नेपाली भाषामा प्रचुर मात्रामा प्रयोग हुने संस्कृत तत्सम शब्दहरू हिन्दी, बङ्गाली, सिंहालीलगायत अन्यान्य आर्य-इरानेली शाखाबाट उद्भूत तथा तिनबाट प्रभावित भाषामा पनि प्रयोग हुने गर्दछन् भने उर्दू, फारसी, अङ्ग्रेजी स्रोतका शब्दको प्रभाव हुने क्षेत्र पनि व्यापक नै छ । उदाहरणका लागि विद्यालय, अदालत, डाक्टरजस्ता शब्दलाई लिन सक्छौँ । यी शब्दको प्रयोग अनेक भाषामा हुने गर्दछ । अतः शब्दलाई देखेर मात्रै यो यही भाषाको हो भनी ठोकुवा गर्न सकिँदैन । वस्तुतः भाषाको परिचय गराउने वा त्यसको स्पष्ट स्वरूप प्रदर्शन गर्ने कार्य वाक्यहरूले गर्दछन्, शब्दले होइन । त्यस कारण भाषिक जगत्मा वाक्यसंरचनाको विशेष महत्त्व रहन्छ । सारमा शब्दको सहाराले वाक्यमा भाषा जीवन्त हुन्छ । हरेक भाषाको आ-आफ्नै किसिमको वाक्यसंरचनाको व्याकरणिक विधि हुन्छ । शब्दको समूह मात्रै होइन; वाक्य, सङ्गति र शासनको नियमपालन गरेर प्रयोग भएका शब्दबाट शुद्ध वाक्यको संरचना हुन्छ । नेपाली भाषाको स्तरीकरणका लागि एकातिर प्रयासका कार्य भइरहेछन् भने अर्कातिर वाक्य संरचनामा विभिन्न विकृति र विचलन पनि देखिएको पाइन्छ ।

नेपालीमा प्रायः कथ्य भाषाका वाक्यहरू त्रुटिपूर्ण प्रयोग हुने गरेका छन् भने यसको प्रभाव क्रमशः लेख्य भाषामा पनि पर्न थालेको देखिन्छ साथै हिन्दी, उर्दूका वाक्यसंरचनाको प्रभावले पनि नेपाली वाक्यको अवस्थालाई विचलनतिर धकेलेको पाइन्छ ।

विद्युतीय सञ्चारमाध्यमको कार्यक्रम प्रस्तुतिमा अति धेरै नकारात्मक वाक्यको प्रयोग भएको पाइन्छ । यसले श्रोता वा दर्शकलाई हतोत्साही पारेको हुन सक्छ । वाक्यको अन्त्यमा 'आउने भएन', 'गरेको छैन', 'जानेको छैन', 'यस्तो हुँदैहुन्न' जस्ता शब्दप्रयोग भएको पाइन्छ । व्याकरणको भाषामा यस्ता वाक्यलाई अकरण वाक्य भनिन्छ । उदाहरणका लागि 'नेपाली किसानलाई आधुनिक खेती प्रणालीका बारेमा थाहा छैन ।' यो अकरण वाक्य हो, यसले किसानको क्षमतामा नै हस्तक्षेप गरेको ठानिन सक्छ । यही वाक्यलाई भाव उस्तै हुने गरी 'नेपाली किसानले आधुनिक खेती प्रणालीका बारेमा थाहा पाउन धेरै बाँकी छ' भन्दा मिठासयुक्त देखिन्छ ।

## ४.४.५ प्राविधिक त्रुटि

लिपि तयार पार्नालाई अर्को औजार ध्वनिअसर (साउन्ड इफेक्ट) हो । यसको प्रयोग श्रोताको कल्पनाशक्तिलाई आह्वान गर्न, वास्तविकतालाई दर्साउन तथा दृश्यावलोकन गराउन प्रयोग गरिन्छ । ध्वनिअसर पृष्ठभूमिको हल्ला होइन, लिपि (स्क्रिप्ट) कै एउटा भाग हो भन्ने कुरा बिसर्नु हुँदैन । ध्वनिअसरले तयार गरेको अवस्थाबाटै कथावस्तुलाई अगाडि बढाउनु पर्छ । बारम्बार रेडियोमा सुन्ने गरिन्छ- 'पहिला एम्बुलेन्सको साइरन बज्छ र लेखाइ सुरु हुन्छ यो आवाज एम्बुलेन्सको हो ।'[३४] ध्वनिअसरलाई अर्थ्याउन भनेको त्यो हल्ला मात्र भयो । ध्वनिप्रभावले गर्नुपर्ने काम केही पनि गर्न सकेन ।

सङ्गीत लिपिको अर्को अङ्ग हो । सङ्गीतको प्रयोगले श्रोताको मुद्रा तयार गर्छ, सन्देशलाई प्रभावकारी बनाउन मद्दत गर्छ । यसले दृश्यपरिवर्तनको काम गर्छ, श्रोताको कानलाई नयाँ स्वाद दिन्छ तर सङ्गीतको अनुचित प्रयोगले श्रोतालाई दिक्दारी पनि दिनसक्छ । सङ्गीत जहाँ उपयुक्त हुन्छ त्यहाँ मात्र समावेश गर्नु उपयुक्त हुन्छ जसले गर्दा श्रोताको संवेग सजिलै खिच्न सकियोस् ।

विशेषज्ञ, पीडित, सम्बन्धित अधिकारी तथा पीडक पक्षका भनाइ उनीहरूकै स्वरमा राख्न सकिन्छ । सन्दर्भअनुसार 'स्क्रिप्ट' मा यस्ता उक्ति-उद्धरण समावेश गर्नु राम्रो हुन्छ । उद्धरणको प्रयोगले विषयवस्तुलाई विश्वासिलो बनाउँछ, आधिकारिकता र विविधता दिन्छ, भावना तथा अनुभूति थप्छ र सूचना प्रदान गर्छ ।[३५] यसरी शब्द, उद्धरण, ध्वनिप्रभाव र सङ्गीत यी चारवटा औजारको उचित प्रयोग गर्नु उपयुक्त मानिन्छ ।

विद्युतीय सञ्चारमाध्यममा प्रयोग भएको भाषा आम श्रोता वा दर्शकले तुरुन्तै देख्नाका साथै सुनेका हुन्छन् र यसैलाई विश्वासको आधार मानेर आफ्नो धारणा बनाएका हुन्छन् । सञ्चारकर्मीले जानेर वा नजानेर उच्चारणमा लापरबाही वा त्रुटि गरेको पाइन्छ । शिरबिन्दु, चन्द्रबिन्दु, अर्धविराम, ह्रस्व-दीर्घ, ण र न, ब र व, श, ष र स बीचका लेखन-उच्चारणमा भिन्नता हराउन थालेको पाइन्छ । जस्तै : २०६१ माघ १९ गते राजाबाट शाही कदम चालिएपछि पश्चिम नेपालको भ्रमणका क्रममा राजा ज्ञानेन्द्रसँगको अन्तर्वार्तामा

---

[३४] ऐजन, पृ. ६८ ।

[३५] ऐजन, पृ. ६९ ।

नेपाल टेलिभिजनका सञ्चारकर्मी मनहरि थापाले 'अत्याधिक' भनी पटकपटक उच्चारण गरेको पाइयो। यसको शुद्धरूप 'अत्यधिक' हो।

जातिविशेषलाई अपमानित हुने 'तल्लोजातकी केटी विवाह गरेकामा बाबुले घरमा पस्न नदिएको' जस्ता वाक्यको प्रयोग गरिएको पनि पाइन्छ । अमेरिकाको क्याट्रिना आँधीबेहरीको खबर दिँदा कान्तिपुर एफ्. एम्. को २०६२ भदौ १५ गते बिहान ६ : ३० बजेको समाचारमा 'अलबामा' सहरको उच्चारण गर्दा पटकपटक 'अलावामा' भनियो। 'ब' लाई 'व' (तलथोप्ली व) उच्चारण गरियो। लेख्दा 'ब' र 'व' मा भेद हराउन थालेको पाइन्छ। क्याट्रिना आँधिबेहरीले पुऱ्याएको क्षतिको सम्बन्धमा बीबीसी नेपाली सेवाले समाचार टिप्पणी वाचन गर्दा पनि 'छति' भनी उच्चारण गरेको पाइयो। यसको शुद्ध प्रयोग 'क्षति' हो।

धेरै वर्षदेखि 'क्षयरोग' उच्चारणमा अशुद्धि देखिँदै आएको छ। वर्षैपिच्छे अन्तर्राष्ट्रिय क्षयरोग दिवस मनाइँदा अधिकांश सञ्चारकर्मीले उद्घोषण गर्दा 'छयरोग' भनी उच्चारण गरेको पाइन्छ। गीतकार तथा पहिलेका सार्क क्षयरोग केन्द्रका निर्देशक डा. दीर्घसिंह बम आफैँले पनि क्षयरोग उच्चारण गर्न नसकी 'छयरोग' उच्चारण गरेको पाइन्छ। एउटै कार्यक्रम, एउटै उद्घोषकले कहिले क्षय कहिले छय गरेर उच्चारण गरेको पनि सुनिन्छ। नेपाल टेलिभिजनमा समाचार वाचन गर्दा एकपटक सञ्चारकर्मी प्रवीण गिरीले 'सेल्सियस' लाई 'सेल्सिग्रेड' र रेडियो नेपालका ध्रुव थापाले अम्बिका साँवालाई 'साङ्बा' भनी उच्चारण गरेको पाइयो । नेपाल प्रहरीले 'बलात्कार र जबरजस्ती करणी' शब्दलाई अशिष्ट ठानेर होला ती शब्दको ठाउँमा सञ्चारमाध्यममा 'अनुचित कार्य' भन्ने गरेको पाइन्छ। अनुचितभित्र बलात्कार, जबरजस्ती करणीमात्र पर्दैनन्। बलात्कार र जबरजस्ती करणी शब्द अश्लीलजस्तो लाग्दैन तर पनि परम्परागत रूपमा प्रहरी सङ्गठनले अश्लील मान्दै आएको देखिन्छ।[३६] त्यस्तै गरी 'गाउँ विकास योजनाको 'प्लानिङ' भइराखेको छ, हाम्रो देशमा धेरै 'प्रोबल्म्स'हरू छन् जसले गर्दा देशको 'डिभलप' मा ठूलो चुनौती देखिएको छ। हामीहरूबाट 'ब्लान्डर मिस्टेक' भएको छ, 'एक्चुअल्ली नेसन' को बारेमा कुरा गर्दा 'फस्ट अफ अल' नेपाली 'पिपुल' धेरै 'अनएजुकेटेड' छन् भन्नु पर्छ। तपाइँले भर्खरै मात्र आफ्नो रेडियो सेट 'टचुन' गर्नुभएको छ भने' जस्ता वाक्यहरूको प्रयोग एफ्. एम्.लगायतका श्रव्य-दृश्य सञ्चारमाध्यममा नेपाली भाषाका रूपमा भएको पाइन्छ।

---

[३६] गौरीबहादुर कार्की, **कान्तिपुर,** १४ असोज २०६२, पृ. ७।

नेपाली भाषा संस्कृत मूल भाषाबाट विकसित भएको मानिन्छ । नेपाली भाषाले समयक्रमअनुसार विकसित हुँदै जाँदा अन्य भाषाहरूबाट पनि शब्द लिएको छ । अन्य विदेशी तथा स्वदेशी भाषाबाट शब्द लिएर नेपाली भाषाले आफ्नो शब्दभण्डार क्षमतामा अभिवृद्धि गरेको पाइन्छ । यसरी नेपाली मूल भाषाबाहेक अन्य भाषाबाट आएका शब्द आगन्तुक शब्द हुन् । नेपाली भाषामा प्रचलनमा आएका आगन्तुक शब्दको प्रयोगमा स्वाभाविकपना देखिए पनि अङ्ग्रेजी आदि भाषाबाट शब्द लिएर सोझै नेपाली भाषामा मिश्रण गरी बोल्ने प्रवृत्ति त झनै बढेको पाइन्छ ।

## ४.४.६ विविध त्रुटिहरू

नेपाली भाषाको आफ्नै मानक रूप भए पनि भूगोल र विभिन्न क्षेत्रविशेषका आधारमा काल, वाच्य, क्रियाको स्वरूप, लिङ्ग, वचन, पुरुष तथा कारक र विभक्तिहरूमा समेत नेपाली भाषाको प्रयोग गरिँदा फरक रूप पाइन्छ । एउटै नेपाली भाषा तराईबासीले बोल्दा एक ढङ्गले बोलिरहेको पाइन्छ भने त्यही भाषा हिमाली क्षेत्रका बासिन्दाले बोल्दा फरक रूप पाइन्छ । जस्तै : कान्तिपुर टेलिभिजनको 'द पवनकली सो' कार्यक्रममा गण्डकी र धौलागिरि अञ्चलतिरको लेकक्षेत्रमा बोलिने भाषा र अन्य क्षेत्र तथा विभिन्न जाति र समुदायमा बोलिने भाषाका केही रूप यस प्रकार छन् :

| **स्तरीय रूप (मानक)** | **फरक रूप (भाषिका)** |
|---|---|
| तिनीहरू के गर्दा रहेछन् ? | तिनेरु के गर्दा रान् ? |
| | तिनीहरू के गर्दा रैछन् ? |
| | तिनीहरू के गर्दा रचन् ? |
| | तिनारू के गर्दा रछन् ? |
| तिमीले राखेका थियौ । | तिम्ले राखेको थियो । |
| | तिमीले राख्या थियौ । (यो वाक्यलाई सङ्क्षेपमा प्रस्तुत गर्दा धेरै ठाउँमा प्रयोग गरिने गरिन्छ ।) |
| मनमाया गइन् । | मनमाया गयो । |
| तपाईं कुन बेला आउनुभयो । | तपाईं कुनबेला आको ? (यो वाक्यलाई संक्षेपमा प्रस्तुत गर्दा धेरै ठाउँमा प्रयोग गरिने गरिन्छ ।) |

जुन मुलुकमा राजधानी सहरको उच्चारण एउटै छैन (काठमाडौँ, काठमाण्डौ, काठमाण्डू) त्यो मुलुकमा शब्द-उच्चारणसम्बन्धी निश्चित परिधि तोक्नु आफैँमा जटिल र विवादास्पद काम हो। भाषाशास्त्रीहरूका अनुसार हरेक २० किलोमिटरको दूरीमा भाषामा भिन्नता देखापर्छ। नेपाली भाषाका थुप्रै भाषिका र उपभाषिका छन्। नेपाली शब्द-उच्चारणमा स्थानीय वा आञ्चलिकताको प्रभाव छ। एकै ठाउँका बासिन्दाबीच समेत लवजमा एकरूपता छैन। यस्तो अवस्थामा विद्युतीय सञ्चारमाध्यममा सञ्चारकर्मीले कुन लवज प्रयोग गर्ने भन्ने प्रश्न उठ्छ। यस्तो स्थितिमा लवजमा स्थानीयता तथा आञ्चलिकताको प्रयोग स्थानीय विद्युतीय सञ्चारमाध्यमले गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा भाषा भद्दा वा बोधो होइन, मीठो र छरितो बनाउँदै लैजानु वाञ्छनीय देखिन्छ।

शब्दप्रयोगमा भाषिक दोष रह्यो भने प्रयोग गर्ने शब्द सुन्न अप्ठ्यारो हुन सक्छ। 'उज्यालो दीप', 'पिताको चिठी', 'स्वच्छ हावा', 'घाम उदायो' जस्ता शब्द सुन्दा कताकता अप्ठ्यारो महसुस हुन्छ। 'दीप' को प्रयोग गरिन्छ भने 'उज्ज्वल दीप' भन्नु उपयुक्त देखिन्छ। यस्तै गरी 'पिताको पत्र' का ठाउँमा 'बुबाको चिठी', 'स्वच्छ वायु' का ठाउँमा 'सफा हावा', 'घाम झुल्क्यो' का ठाउँमा 'सूर्य उदायो' भनियो भने भाव बुझ्न सजिलो हुने देखिन्छ।

एउटै अर्थ दिने दुईवटा शब्द पनि प्रयोग गरिएको पाइन्छ। जस्तै- 'देशभरका तमाम न्यायप्रेमी जनता', 'हरि स्वयम् आफैँले बोकेर ल्यायो', 'मसित केवल दस रुपियाँ मात्र छ', 'राम त ज्यादै धेरै काम गर्छ'। यो भाषिक अज्ञानताको समस्या हो। यी वाक्यमा 'भर' भनेपछि 'तमाम' भन्नु पर्दैन, 'आफैँ' भनेपछि 'स्वयम्' भन्नु पर्दैन, 'केवल' भनेपछि 'मात्र' चाहिँदैन, 'धेरै' भनेपछि 'ज्यादै' चाहिँदैन।

२०६२ मङ्सिर ३० गते साँझ ७ र ८ बजेको कान्तिपुर टेलिभिजनमा प्रस्तुत 'नगरकोट नरसंहार' शीर्षकको समाचारमा 'मृतक सैनिक साँझ पौने पाँच बजे स्थानीय युवासँग झगडा गरेर फर्किएका थिए' भनियो। त्यस्तै २०६१ भदौ १६ गते काठमाडौँमा भएको तोडफोडबारे रेडियो सगरमाथाले सोही दिन अपराह्न पौने तीन, पौने पाँच र साँझ पौने सात बजे गरेको प्रसारणमा 'उत्तेजित भीडले स्पेस केबल नेटवर्कको कार्यालयमा पनि तोडफोड गरेको छ, आक्रमणबाट पाँच वटा गाडी, कम्प्युटर, क्यामरा पूरै नष्ट भएको प्रकाशनले जनाएको छ' भनियो। उल्लिखित कान्तिपुर टेलिभिजन र रेडियो सगरमाथाबाट

प्रसारित नेपाली भाषाको समाचारमा वाक्यको संयोजन मिलेको छैन र प्रकाशनले जनाएको छ भनेको कुन प्रकाशन हो त्यो पनि स्पष्ट छैन। कान्तिपुर टेलिभिजनमा केही महिनाअघिसम्म प्रसारण भएको प्रचारसामग्रीमा 'के तपाईंको घरछिमेकमा कुनै घटना त घटेको छैन ? घटेको छ भने हामीलाई तुरुन्त खबर गर्नुहोस् ।' घटना घटेको होइन, घटना भएको हो । भूमिका निभाएको होइन, भूमिका खेलेको वा निर्वाह गरेको हो, घटनुको अर्थ त कम हुनु हो । अतः घटना घट्दैन, घट्ने कुरा सङ्ख्या हो । भूमिका निभ्दैन, निभ्ने कुरा त बलिरहेको चीज, जस्तै बत्ती । यस प्रकारका शब्द र वाक्यको प्रयोग सञ्चारमाध्यममा भएको पाइन्छ । त्यस्तै गरी नेपाली आमसञ्चारमा 'नेपालमा दक्ष चिकित्सकको अभाव खड्किएको छ' भनेर प्रयोग भएको पाइन्छ । अभाव खड्कने होइन, हुने हो । यसलाई 'नेपालमा दक्ष चिकित्सकको अभाव छ' भनियो भने वाक्य स्पष्ट हुने देखिन्छ ।

## ४.५ निष्कर्ष

विक्रमको दसौँ शताब्दीबाट उद्भव भएको नेपाली भाषाले झन्डै एक हजार वर्ष पूरा गरिसकेको छ । यस क्रममा भाषाको स्वरूपमा विभिन्न ढङ्गले परिवर्तन हुँदै आएको पाइन्छ । खास गरी वि. सं. १९५८ मा **गोरखापत्र**को प्रकाशनसँगै आधुनिक कालमा प्रवेश गरेको नेपाली भाषा अहिलेसम्म निरन्तर विकासको गतिमा हिँडिरहेको छ । यस क्रममा नेपाली भाषामाथि नयाँ प्रकारका चुनौती पनि देखापरेका छन् । छापालगायतका विद्युतीय सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोग गर्दा व्यापक विचलन भई ध्वनि, शब्द, पदावली र वाक्यको प्रयोगमा त्रुटि भएको देखिन्छ ।

# पा“चौ”“ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

### (क) उपसंहार

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय, शोधको प्रयोजन, विषयपरिचय, समस्याकथन र उद्देश्यमाथि प्रकाश पार्दै यस कार्यमा भएगरेका समीक्षाको सङ्क्षिप्त प्रस्तुति गरिएको छ । त्यस्तै विषयको औचित्य र उपयोगिता के रहेको छ भन्ने कुरामा दृष्टि पु¥याइएको छ । शोधकार्यको सीमानिर्धारण गरी सामग्रीसङ्कलनका पद्धति र शोधविधिमाथि प्रकाश पारिएको छ । यसै परिच्छेदमा शोधपत्रको रूपरेखा पनि दिइएको छ ।

दोस्रो परिच्छेदमा नेपाली भाषाको उत्पत्ति र विकास कसरी हुँदै आएको छ भन्ने कुराको चर्चा गरिएको छ । यसमा २००७ सालअघिको नेपाली भाषा र २००७ सालपछिको नेपाली भाषाको विकासक्रमलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा नेपालमा विद्युतीय सञ्चारमाध्यमको प्रारम्भ र विकासमाथि प्रकाश पारिएको छ । रेडियो, टेलिभिजन, चलचित्र, इन्टरनेट आदिमा नेपाली भाषाको प्रारम्भ र विकासबारे  प्रकाश पारिएको छ ।

चौथो परिच्छेदमा नेपालमा सञ्चालित रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर एफ्. एम्., कान्तिपुर टेलिभिजन, नेपाल वान टेलिभिजन, इमेज च्यानलजस्ता विद्युतयि सञ्चारमाध्यममा नेपाली भाषाको प्रयोगको अवस्थाबारे प्राप्त सामग्रीका आधारमा तथ्यहरूको विश्लेषण गरी ध्वनि, शब्द, पदावली, वाक्य आदिमा देखिएका त्रुटिहरूलाई यथासम्भव औँल्याइएको छ ।

पाँचौं परिच्छेदमा उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## (ख) निष्कर्ष

१. श्रव्य-दृश्य सञ्चारमाध्यमको विस्तारसँगै शुद्ध मानक नेपाली भाषाको प्रयोगमा विभिन्न प्रकारका समस्या देखिएका छन् । नेपाली भाषाको विचलन मुख्य रूपमा कथ्य भाषामा देखिए पनि यसका अतिरिक्त लेख्य भाषामा समेत देखापर्न थालेको छ । अङ्ग्रेजी, हिन्दी, उर्दूका वाक्यसंरचनाको प्रभावले पनि नेपाली वाक्यको अवस्थालाई विचलनतिर धकेलेको पाइन्छ । नेपाली भाषामा ध्वनि, शब्द, पदावली, वाक्यसंरचना आदिमा गम्भीर त्रुटि देखिन्छ । यसको प्रमुख कारण वर्णविन्याससम्बन्धी स्पष्ट नियम बन्न नसक्नु तथा अन्य भाषाको मिश्रण गरी नेपाली भाषाको प्रयोग गर्नु आदिलाई मान्न सकिन्छ ।

२. रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यमको भाषामा देखापरेका समस्यामा विभिन्न भाषाको मिश्रणसहितको छ्यासमिसे भाषाप्रयोग तथा अङ्ग्रेजी भाषाप्रतिको मोहका कारण नेपाली भाषामा गरिएको मिश्रणले विकृत रूप लिएको पाइन्छ । वाक्यैपिच्छे अङ्ग्रेजी भाषाका शब्दप्रयोग गरी नेपाली शब्दलाई क्रियाका रूपमा प्रस्तुत गरी बाँकी शब्द अङ्ग्रेजी नै प्रयोग गरेको पाइन्छ । भाषिक ज्ञान नभएका व्यक्तिले सञ्चारका क्षेत्रमा स्थान पाउनु, नेपालीइतर भाषाको प्रयोग गर्दा आफ्नो व्यक्तित्व झल्कन्छ भन्ने भ्रमपूर्ण सोचाइ राख्नुजस्ता कारणबाट नै वर्तमान नेपाली भाषाले ठूलो चोट सहनु परेको छ ।

३. लामालामाखाले मिश्र वाक्य र संयुक्त वाक्यको प्रयोग गरेर पाण्डित्य प्रदर्शन गर्न खोज्नाले वाक्यको पदक्रममा विचलन देखिन थालेको पाइन्छ । त्यस्तै सञ्चारका श्रव्य-दृश्य साधनमा सार्वनामिक शब्दको अत्यधिक प्रयोगले वाक्यको अर्थ अस्पष्ट हुनु अर्को समस्या रहेको छ ।

४. नेपाली भाषाको राम्रो ज्ञान नभएका व्यक्ति नै सम्पादक, समाचारवाचक, उद्घोषक, कार्यक्रम प्रस्तोताका रूपमा रहनाले नेपाली भाषाका लिङ्ग, वचन, काल, पुरुषजस्ता व्याकरिणक कोटिका शब्दप्रयोगमा विचलन आएको देखिन्छ ।

५. अङ्ग्रेजी शब्दको अधिक प्रयोग गर्नाले तथा नेपाली भाषाका शब्दलाई अन्य भाषाको लवजमा उच्चारण गर्नाले पनि नेपाली भाषाको प्रयोगमा त्रुटि देखिएको छ । नेपाली भाषाका शब्दको उच्चारण पनि शुद्ध रूपमा गर्न नसक्नु तथा सुरुसुरुमा शब्दको रूप नै परिवर्तन गरेर प्रयोग गर्नुजस्ता समस्या पनि देखापरेका छन् । विद्युतीय

सञ्चारमाध्यमअन्तर्गत रहेको कम्प्युटरप्रयोगमा असावधानी देखिनु तथा कतिपय नेपाली संयुक्त अक्षर कम्प्युटरमा नहुनुले पनि नेपाली भाषाको लेख्य रूपमा त्रुटि देखिएको पाइन्छ ।

६. लिङ्ग, जाति, वर्ण, क्षेत्रका आधारमा भेदभाव गर्ने खालका शब्द तथा उखानटुक्का सञ्चारमाध्यमको भाषामा प्रयोग गर्नाले पनि त्रुटि देखापरेको छ। त्यस्तै गरी विदेशी भाषाका विज्ञापनलाई नेपालीमा अनुवाद गरेर प्रसारण गर्दा नेपाली भाषाको विकासमा टेवा पुग्न जाने देखिए पनि पूर्ण रूपमा अनुवाद हुन नसक्नाले नेपाली भाषामा अन्य भाषाको मिश्रण हुन गई त्रुटि देखिएको छ। अडियो क्यासेट, गीति क्यासेट र भिडियो क्यासेटमा रेकर्ड गरिएका गीतमा प्रयोग गरिने भाषामा पनि शुद्ध नेपालीको प्रयोग हुन नसक्नु तथा समाजमा अश्लील मानिने खालका शब्दको प्रयोग गर्नाले यस्ता गीति क्यासेटको भाषा त्रुटिपूर्ण देखिन्छ। विज्ञापनमा विचलनयुक्त भाषाको प्रयोग हुनु तथा पूर्वतयारी बिना कुनै पनि कार्यक्रमलाई प्रस्तुत गर्नुले नेपाली भाषाको प्रयोगमा त्रुटि देखिन्छ ।

७. साञ्चारिक नेपाली भाषाको विकास र यसमा देखापरेका विविध समस्याको समाधान अहिलेको ज्वलन्त माग बनेको छ । नेपाली विषय र पत्रकारिता/जनसञ्चार क्षेत्रको साञ्चारिक नेपाली भाषाको शिक्षाका लागि नेपाली साञ्चारिक भाषिक कौशल, निरन्तर भाषिक व्यावसायिक प्रयास आवश्यक देखिन्छ। नेपाली प्रायोगिक-साञ्चारिक एवम् शब्दकोश तथा विश्वकोशलगायतको प्रवर्द्धन र व्यवहारबाट वाञ्छित भाषिक सुधार तथा उत्कृष्टता प्राप्त गर्नु भाषिक विकासको लक्ष्य हुनु पर्ने देखिन्छ।

८. नेपाली सञ्चारक्षेत्रका पाठ्य, श्रव्य र दृश्य माध्यमको विकासशील अपेक्षा र तदनुरूपको साञ्चारिक नेपाली भाषाकौशलको उत्कृष्ट शिक्षण-प्रशिक्षण र नेपाली सञ्चारकर्मीको निष्ठापूर्ण व्यावसायिक समर्पण आवश्यक देखिन्छ। सञ्चारमाध्यममा उपर्युक्त विविध त्रुटिहरू देखापरे पनि दुई दशकयता साञ्चारिक नेपाली भाषाको विकास र प्रभावकारितामा जुन स्थिति देखापरेको छ यसका आधारमा साञ्चारिक नेपाली भाषाको भविष्य उज्ज्वल नै देखिन्छ।

९. सञ्चारक्षेत्रका पाठ्य, श्रव्य-दृश्यमाध्यममा प्रयुक्त नेपाली भाषामा उपर्युक्त अनेक कारणले देखापर्ने प्रमुख त्रुटिको निराकरणका निम्ति सुव्यवस्थित र समन्वयपूर्ण प्रयास जरुरी

छ। यसमा साञ्चारिक लेख्य-कथ्य नेपाली भाषाको प्रायोगिक पक्षको निरन्तर अनुगमन गरी सुधारमा उपयुक्त नीति, कार्ययोजना, कार्यक्रम तथा कार्यान्वयनका लागि कार्यकारी संस्थाको आवश्यकता देखिन्छ। यस सन्दर्भमा निम्नलिखित उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता देखिन्छ :

१०. विभिन्न स्वामित्वमा रहेका नेपाली पाठ्य, श्रव्य र दृश्य सञ्चारमाध्यमका लागि सरकारले साञ्चारिक नेपाली भाषाको सामर्थ्यको प्रवर्द्धनका निम्ति सरकारी एवम् गैरसरकारी तहका सञ्चारका संस्था, सञ्चारकर्मी र भाषाका संस्था तथा व्यक्तित्वको पनि सद्भाव र सहयोग जुटाई अपेक्षित ठोस कार्य गर्नेतर्फ नीतिगत प्रतिबद्धता लिनुपर्ने देखिन्छ। यस्तै समुच्च साञ्चारिक नेपाली भाषाजगत्ले र नेपाली प्राज्ञिक समुदाय तथा तिनका सम्बद्ध संस्था र व्यक्तित्वले पनि एक उपयुक्त स्वायत्त स्वशासित संस्थागत प्रावधानअन्तर्गत साञ्चारिक नेपाली भाषाको प्रवर्द्धनमा आआफ्ना तर्फबाट योगदान दिनुपर्ने देखिन्छ।

११. नेपाली भाषा प्रवर्द्धनका निम्ति एक सक्षम र जिम्मेवार आधिकारिक स्वशासित निकायको स्थापना गरी त्यसमार्फत् **गोरखापत्र** संस्थान, रासस, रेडियो नेपाल, नेपाल टेलिभिजन, सरकारी तथा निजी लगानीमा सञ्चालित एफ्. एम्. लगायतका विभिन्न सञ्चारमाध्यमले प्रयोग गर्ने कथ्य, श्रव्य र लेख्य-पाठ्य सामग्रीमा नेपाली भाषाको शुद्धता, स्तरीयता, बोधगम्यता र प्रभावकारिताको प्रवर्द्धन गर्ने नियमित र निरन्तरित संस्थागत व्यवस्था गर्नुपर्ने देखिन्छ। यसमा नेपाली भाषाका साञ्चारिक र अन्य विभिन्न प्रकार्यक्षेत्रमा संलग्न सञ्चारकर्मी तथा सम्बद्ध विभिन्न विद्वान्, भाषाविद्, सञ्चारविद् र प्रतिष्ठित लेखकसमेतको प्रतिनिधित्व आवश्यक देखिन्छ।

१२. साञ्चारिक कथ्य-लेख्य नेपाली भाषाको प्रवर्द्धनका क्रममा प्रथमतः तात्कालिक अपेक्षित सुधार र परिमार्जनका प्रायोगिक पक्षलाई प्राथमिकता दिने नीति लिई तत्सम्बन्धी अत्यावश्यक अल्पकालीन उपचारात्मक कार्यक्रम तयार गरी तिनको प्रभावकारी कार्यान्वयन गरिनु वाञ्छनीय देखिन्छ। यस क्रममा पाठ्य, श्रव्य र दृश्य सञ्चारमाध्यमका कथ्य-लेख्य नेपाली भाषाका प्रमुख समस्या र त्रुटि क्षेत्रको सर्वेक्षण, सङ्कलन र पहिचान गरी खास गरी स्तरीय वर्णविन्यास र उच्चारणको व्यवस्था, सार्वजनिक व्यवहारगत र विकासमूलक एवम् विभिन्न विषयक्षेत्रगत प्राविधिक र सामान्य साञ्चारिक शब्दावलीको सूचीकरण र त्यस्ता

परिसूचीको प्रकाशन तथा वाक्यस्तर र शैलीगत तथा सम्बद्ध मौखिक लेख्य विधा संरचनात्मक (सङ्कथनात्मक वा संरचनागत) प्रमुख त्रुटि तथा कमीकमजोरीका क्षेत्रको निराकरणात्मक प्रायोगिक उपचारतर्फ ध्यान दिनु आवश्यक देखिन्छ। यस सन्दर्भमा स्तरीय वर्णविन्यास र उच्चारण व्यवस्थासम्बन्धी प्रायोगिक तथा लघु प्रकृतिका विभिन्न निर्देशिकाको शृङ्खला तयार गर्ने, साञ्चारिक विभिन्न विषयक्षेत्रमा बढी मात्रामा आवश्यक रहेका पारिभाषिक प्राविधिक शब्दका परिसूचीहरू क्रमशः तयार पार्दै जाने र वाक्यगठन तथा शैली एवम् विधागत (सङ्कथनात्मक) प्रमुख पक्षसम्बन्धी उपयुक्त प्रायोगिक लघुनिर्देशिकासमेत तयार गर्नु आवश्यक देखिन्छ। सञ्चारकर्मी, सञ्चारशिल्पी र सञ्चारसामग्रीका सङ्कलक, लेखक, उत्पादक, अनुवादक, सम्पादक, वाचक, उद्घोषक र वक्ता टङ्कनकर्ता र मुद्रण, छपाइ, संशोधक र सहयोगी पाठवाचक आदिलाई नियमित रूपमा प्रशिक्षण तथा अभिमुखीकरणका शृङ्खलामार्फत् आफ्ना प्रतिभा, अनुभव र अभ्यासलाई अरू खार्न र परिमार्जित तुल्याउन रचनात्मक र प्रायोगिक सहयोग उपलब्ध गराउनु आवश्यक देखिन्छ। यस्ता अल्पावधिक प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमको सञ्चालन गर्दा सम्बद्ध स्वदेशी र कतिपय बाह्य विज्ञ, अनुभवी सञ्चारकर्मी, भाषाविद् र प्रतिष्ठित भाषाकर्मी, लेखक, ज्ञान र प्रायोगिक अनुभवबाट उत्प्रेरित र रचनात्मक रूपमा समेत लाभान्वित हुन सक्ने परिवेशको सिर्जना गरिनु आवश्यक देखिन्छ।

१३. कथ्य-लेख्य साञ्चारिक नेपाली भाषाका मानक र प्रभावकारी रूपको प्रामाणिक पहिचान र निर्धारण गर्ने र त्यसको प्रायोगिक प्रवर्द्धन गर्ने क्रममा विभिन्न सरकारी-गैरसरकारी तथा स्वदेशी-विदेशी प्रयोग क्षेत्रको सर्वेक्षण गरी विद्यमान् मुख्य समस्या र त्रुटि क्षेत्रको पहिचान र त्यसका निराकरणका उपायको निर्धारण सही ढङ्गले हुनुपर्ने देखिन्छ। यस सिलसिलामा आवश्यक विविधपक्षीय अध्ययन-अनुसन्धान कार्यलाई निरन्तर रूपमा बढावा दिने गरी दीर्घकालीन कार्ययोजनाअन्तर्गत समयबद्ध र चरणबद्ध रूपमा विविध कार्यक्रमको समावेश  र त्यस्ता अध्ययन-अनुसन्धानका प्रतिवेदनलाई सार्वजनिक तुल्याई, परिमार्जित गरी कार्यक्रम व्यवस्थित र प्रभावकारी रूपमा नेपाली सञ्चारजगत्का विभिन्न माध्यममा कार्यान्वयन गर्दै जानुपर्ने देखिन्छ।

१४. कथ्य/लेख्य नेपाली भाषाका मानक रूप, पाठ्य भाषाका मानक रूप एवम् पाठ्य, श्रव्य र दृश्य सञ्चारका नेपाली माध्यममा तिनको शुद्ध, स्तरीय, बोधगम्य र

प्रभावकारी प्रयोग शैलीको शिक्षण प्रदान गर्ने किसिमका विशेष कार्यक्रम त्रिवि र अन्य स्वदेशी तथा बाह्य भारतीयलगायत विश्वविद्यालय तथा अन्य शैक्षिक निकायका स्नातक तथा स्नातकोत्तर तहमा र प्रशिक्षण कार्यक्रम पनि नियमित रूपमा सञ्चालन गर्ने तथा त्यसमा नेपाली साञ्चारिक र प्राज्ञिक क्षेत्रको विज्ञता र अनुभव तथा साधनस्रोतको पनि संयोजनपूर्ण सदुपयोग हुने व्यवस्था हुनु अपेक्षित देखिन्छ । माध्यमिक र उच्च माध्यमिक तह उत्तीर्ण गरेका नव युवायुवतीलाई साञ्चारिक नेपालीका विविध माध्यम र पक्षको अल्पकालीन प्रशिक्षण र तालिम विश्वविद्यालय र सम्बद्ध सञ्चारसंस्थाको र सञ्चारकर्मीहरूका संयुक्त सहयोगमा नियमित रूपमा आयोजना गर्ने व्यवस्था हुनु आवश्यक देखिन्छ । यस्ता शिक्षण/प्रशिक्षण कार्यक्रमअन्तर्गत मौखिक र लेख्य नेपाली भाषाको शुद्धता, स्तरीयता र भाषिक रचनात्मक सामर्थ्यका साथै बोधगम्यता र प्रभाविकारिता प्रवर्द्धनका दृष्टिले वाञ्छनीय देखिन्छ। यी कार्यक्रमअन्तर्गत नेपाली भाषा, नेपाली रचना र सम्पादनकला, नेपाली अनुवादकला, नेपाली टङ्कण-मुद्रण र छपाइ शुद्धिकला, पत्रकारिता, नेपाली वाक्कला र रङ्गमञ्चीय पक्ष तथा सामान्य सञ्चारप्रविधि एवम् नेपाली पाठ्य, श्रव्य र दृश्य सञ्चारकलाका आधारभूत र विशिष्ट पक्षमा समेत समुचित ध्यान दिइनु आवश्यक देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, जीवन. 'विद्युतीय सञ्चारको भाषा : धेरै निराशा थोरै आशा'. **गोरखापत्र**, असोज ५. २०५८. पृ. ६.

अधिकारी, सीताराम. 'नेपाली भाषा र रेडियो नेपाल', **झङ्कार** (वर्ष ५१). २०५८. पृ. १८.

अधिकारी, सूर्यमणि, **नेपाली भाषाको इतिहास**.२०५६. काठमाडौँ : भुँडीपुराण प्रकाशन.

आचार्य, निर्मलकुमार, 'सञ्चार माध्यम र शुद्ध सरल भाषा', **गोरखापत्र**, (मङ्सिर १०), २०५४, पृ. ६.

उपाध्याय, गौरवराज, 'इन्टरनेटमा नेपाली मिडिया', **मिडिया उत्पादन र अन्तर्वस्तु**. काठमाडौँ : मार्टिन चौतारी. २०६२. पृ. ११३.

उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन, २०६३.

काफ्ले, कपिल, **पत्रकारिता डट खोज**. काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्युट. २०६२.

कार्की, गौरीबहादुर, 'नेपाली भाषा शब्द यता, स्वर उता' **कान्तिपुर** (असोज १४,२०६२). पृ. ७.

खतिवडा, भीम, 'नेपाली पत्रकारिताको भाषिक स्वास्थ्य परीक्षण केही चर्चा', **प्रतिनिधि**. (नवौँ वर्ष विशेषाङ्क. सम्पादक-प्रकाशक) धरान : कृष्णविनोद लम्साल. सुनसरी २०५७.

खतिवडा, लक्ष्मीप्रसाद, 'सञ्चारका क्षेत्रमा प्रयुक्त राष्ट्र भाषाको स्थिति', **झङ्कार**. (वर्ष ५१). २०५८. पृ. ७५.

गाउँले, शिव, 'पत्रकारितामा भाषा', **खबर**. (कात्तिक-मङ्सिर). २०५६. पृ. ३.

गौतम, देवीप्रसाद, **नेपाली भाषा परिचय**. काठमाडौँ : साझा प्रकाशन. २०४९.

गौतम, रामचन्द्र, 'पत्रकारिता क्षेत्रमा भाषिक शुद्धताको प्रश्न', **गोरखापत्र**. (कात्तिक १३). २०५४. पृ. ६.

चालिसे, विजय, 'आमसञ्चारको भाषाः विकृतिबाट मुक्तिको छटपटीमा', **गोरखापत्र**. ( जेठ १७). २०५८. पृ. ७.

त्रिपाठी, वासुदेव, 'सञ्चार क्षेत्रमा प्रयुक्त नेपाली भाषा : एक चर्चा', **हाम्रो पुरुषार्थ.** (वैशाख) गुल्मी : किरण पुस्तकालय. २०६२.

दाहाल, यज्ञनिधि, 'रेडियोमा भाषाका कुरा', **नेपाल समाचारपत्र**. (चैत्र १२). २०५८. पृ. ५.

दीक्षित, मदनमणि, 'आचारसंहिता र पत्रकारिताको भाषा', **नेपाल सञ्चार स्मारिका**. काठमाडौँः प्रेस काउन्सिल नेपाल. २०४५. पृ. ८७.

न्यौपाने, घनश्याम, 'नेपाली भाषामा विचलनका सङ्केतहरू', **तन्नेरी**. दैमासिक, वर्ष १८, अंक १. २०५३.

प्रकाशन दिग्दर्शन, प्रेस काउन्सिल नेपाल. २०६०.

प्रतिनिधिसभा घोषणा-२०६३.

पन्थी देवी, **लेखक तथा सम्पादक**. विराटनगर : आँखा स्वयम्सेवी प्रकाशन सङ्घ. २०६१.

पराजुली, मुरारि, 'रेडियोको भाषा', **स्मारिका**. बुटवलः सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि. २०६१. पृ. २६.

पराजुली, रमेश, वन्त पत्युष, मिडिया उत्पादन र अन्तर्वस्तु, **मार्टिन चौतारी**. २०६२.

प्रेमर्षि, धीरेन्द्र, 'विद्युतीय सञ्चारमाध्यममा भाषा' **पत्रकारिता**. असोज. २०५७. पृ. ८.

प्रेस चौतारी नेपाल, **स्मारिका.** २०६३.

पोखरेल, मणिराम, 'आम सञ्चारको भाषासम्बन्धीमा केही सुझाव', **साप्ताहिक विमर्श**. असोज ३, २०५४. पृ. ५.

प्रेस काउन्सिल नेपाल, **वार्षिक प्रतिवेदन**. २०६२.

फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली (एफ्. एम्. रेडियो) को स्थापना एवं व्यवस्थापन सम्बन्धमा व्यवस्थित एवं पारदर्शी नीति तर्जुमा गर्न गठित सुझाव समितिको प्रतिवेदन. २०६१

ब्राजाकी, मनु, 'भाषामा भ्रष्टाचार', **कान्तिपुर**. (भदौ ८). २०५२. पृ. ४.

भण्डारी, तीर्थ, 'प्रसारणको भाषा र हाम्रा श्रोता', **झङ्कार**. (वर्ष ११). २०५८. पृ. ५२.

भुसाल, ऋषिराम, 'भाषा साहित्यको विकासमा रेडियोको भूमिका', **स्मारिका.** बुटवल : सिद्धार्थ मिडिया सर्भिसेज प्रा.लि.२०६१. पृ. ८२.

मल्ल, महेन्द्रकुमार, 'भाषा, पत्रकारिता र समाचारको भाषा', **सञ्चारपथ**. सुर्खेत : नेपाल पत्रकार महासङ्घ. २०५६. पृ. ४३.

मैनाली, रघु, **रेडियो पद्धति.** २०६०. काठमाडौँ : सामुदायिक रेडियो सहयोग केन्द्र : नेपाल वातावरण पत्रकार समूह. २०५९.

मैनाली, रघु, **रेडियो वचन**. काठमाडौँ : सामुदायिक रेडियो सहयोग केन्द्र : नेपाल वातावरण पत्रकार समूह. २०६०. पृ. ६८.

रेडियो शैलीपुस्तिका, **रेडियो प्रसार सेवा विकास समिति**, रेडियो नेपाल. २०५५ (पहिलो संस्करण), २०५८ (दोस्रो संस्करण).

लुइँटेल, नरनाथ, 'रेडियोको भाषासम्बन्धी', **हिमालय टाइम्स**. (भदौ ३). २०५६. पृ. ४.

वन्त, प्रत्यूष/पराजुली शेखर/हुमागाई देवराज/भट्ट कोमल/अधिकारी कृष्ण, **रेडियो पत्रकारिता, एफ्. एम्.मा समाचार र संवाद**. काठमाडौ : मार्टिन चौतारी. २०६२.

वन्त, प्रत्युष/पराजुली शेखर/हुमागाईँ देवराज/भट्ट कोमल/अधिकारी कृष्ण, **रेडियो पत्रकारिता**. काठमाडौँ : मार्टिन चौतारी नेपाल. २०६२.

वाग्ले, अच्युत, 'भाषामा सञ्चारको अतिक्रमण', **कान्तिपुर**. (चैत्र ११). २०५७. पृ. ६.

वस्ती, शरच्चन्द्र, 'हाम्रो भाषा, खोज पत्रकारिता केन्द्रका लागि', **हिमाल.** ललितपुर : हिमाल एसोसिएसन. सन् २००६.

शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा.** काठमाडौँ : अभिनव प्रकाशन. २०६३.

शर्मा, तारानाथ, 'सञ्चार क्षेत्रमा नेपाली भाषा' **नेपाल पाक्षिक.** (वर्ष २, अङ्क-२२). २०५९. पृ. ५३.

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **शोधविधि**. काठमाडौँ : साझा प्रकाशन. २०५६.

सायमी, प्रकाश, 'विज्ञापनको युग : अखबार एफ्. एम्.को वर्तमान भाषा', **राजधानी**. ( माघ २७). २०५८. पृ. ६.

सिंह, बज्र, 'यो एफ्. एम्. हिपानेङ्ग्रेजी हो', **गतिविधि**. (चैत्र २५). २०५२. पृ. ५.

श्रेष्ठ, इन्द्रकुमार, 'सञ्चार माध्यममा नेपाली भाषा', **श्री सगरमाथा**. (असार ३०). २०५३. पृ. ४.

श्रेष्ठ, रानु, एफ्. एम्.को नेपाली भाषाः ह्वाटइज् द्याट् फुलिस ?, **हिमालय टाइम्स**. ( माघ २८). २०५५. पृ. १.

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**. काडमाडौँ : त्रिकोण प्रकाशन, २०५९.

# परिशिष्ट

## (क) शोधपत्रमा समाविष्ट कार्यक्रमहरूको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चारमाध्यम | प्रस्तोता | प्रस्तुत मिति |
|---|---|---|---|---|
| १. | रेडियो क्लिनिक | रेडियो नेपाल | कल्पना घिमिरे | २०६३/०२/११ |
| २. | सिटी टप रिक्कोइस्ट जोन | कान्तिपुर एफ्. एम्. | गीताञ्जलि | २०६३/०२/११ |
| ३. | फायरसाइड | कान्तिपुर टेलिभिजन | भूषण दाहाल | २०६३/०५/२६ |
| ४. | बहस | कान्तिपुर टेलिभिजन | इन्द्र लोहनी | २०६३/०५/३१ |
| ५. | दिशानिर्देश(भाग-२) | नेपाल वान टेलिभिजन | विजयकुमार पाण्डे | २०६३/०५/३० |
| ६. | सङ्घर्ष | नेपाल टेलिभिजन | आरती चटौत | २०६३/०६/०९ |
| ७. | प्रतिध्वनि | नेपाल टेलिभिजन | रेवन्त ओली | २०६३/०६/०९ |
| ८. | हेलो डक्टर | इमेज च्यानल | लभ कार्की | २०६३/०६/०९ |
| ९. | द पवनकली सो | कान्तिपुर टेलिभिजन | तारा कँडेल | २०६३/०८/१६ |

## (ख) यस शोधपत्रमा प्रयोग भएका केही अङ्ग्रजी शब्दहरू

| | |
|---|---|
| Doctor | डक्टर (वैद्य) |
| Temperature | तापक्रम |
| Boil | उमाल्नु |
| Stool test | दिसा जाँच |
| Letter | चिठी (पत्र) |
| Hello Hi! | के छ |
| Answer | उत्तर |
| Free time | खालि समय |
| English | अङ्ग्रेजी |

| | |
|---|---|
| O.k. | ठीक छ |
| Format | नक्सा |
| Party | पार्टी (दल) |
| Policy | नीति |
| Conflict | द्वन्द्व |
| Government | सरकार |
| Comperatively | तुलनात्मक रूपले |
| Address | ठेगाना |
| U.N. | संयुक्त राष्ट्र |
| Training | तालिम |
| Offer | प्रस्ताव (माग) |
| Radio | रेडियो |
| Television | टेलिभिजन |
| Break | भाँच्नु |
| Last time | गत समय |
| Interview | अन्तर्वार्ता |
| Back | पछाडि |
| Please | कृपया |
| Decleare | घोषणा |
| Simplify | सामान्यीकरण |
| Part | अंश |
| Demand | माग |
| Student | विद्यार्थी |
| Background | पृष्ठभूमि |
| Particular | विशिष्ट |

| | |
|---|---|
| Team | समूह |
| Case | मुद्दा |
| Hospital | अस्पताल |
| Left side | बाँयातर्फ |
| Donor | दाता |
| Check | जाँच |
| Guess | अनुमान |
| Black list | कालो सूची |
| Dicision | निर्णय |
| Capacity | क्षमता |
| Girlfriend | केटीसाथी |
| Factory | कारखाना |
| Guarantee | निश्चित |
| Fix price | निश्चित मूल्य |